सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका

● वर्ष १६ ● अंक ८ ● काठमाडौं, शुक्रबार, असार २५, २०६७ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, July 9, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-






# टप टेन + २

## परीक्षाफलका आधारमा नेपालका उत्कृष्ट १० कलेजको सूची पृष्ठ ६ मा

● विदुर खतिवडा/शिव मुखिया


एसएलसीमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई उत्कृष्ट उच्च माध्यमिक विद्यालय छनौट गर्न सहज होस् भनेर साप्ताहिकले प्रत्येक वर्ष उमाविहरूको र्‍याङ्किङ गर्दै आएको छ। उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको प्लस टु कार्यक्रम चलाइरहेका उमाविहरूमध्ये परीक्षामा आफूलाई अब्बल सावित गरेका कलेजको विवरण हामीले प्रस्तुत गर्दै आएका छौं।

प्रत्येक ब्याच अर्थात् कक्षा ११ र १२ अध्ययन पूरा गर्ने एक समूहको दुई वर्षकै परिणामलाई आधार बनाएर आधा दशकयता *साप्ताहिक*ले निरन्तर उत्कृष्ट १० उमावि घोषणा गर्दै आएको थियो। यसपटक हामीले पहिलो पटक तीन वर्षको परिणामलाई आधार बनाएर उत्कृष्ट १० कलेज सार्वजनिक गर्दैछौं। निरन्तर ३ वर्षको परिणाममा पनि सफल भएर उत्कृष्ट १० भित्र स्थान बनाउनु आफैंमा उपलब्धि भएकाले तीन वर्षको परिणामलाई आधार बनाइएको हो।

वर्ष २०६३ कक्षा ११, २०६४ कक्षा १२, वर्ष २०६४ कक्षा ११, २०६५ कक्षा १२ तथा २०६५ कक्षा ११ र २०६६ कक्षा १२ को परीक्षाको परिणामका आधारमा न्यूनतम १ सय २४ विद्यार्थी भएका उमाविलाई यो सर्वेक्षणमा सहभागी गराइएको थियो। उच्च माध्यमिक शिक्षा परिषद्ले उपलब्ध गराएको तथ्याङ्कका आधारमा उत्कृष्ट १० र्‍याङकिङ तयार गरिएको हो। ३ वर्षका ६ वटा परीक्षामा आफूलाई अब्बल ठहर्‍याएका उमाविहरू उत्कृष्ट १० मा परेका छन्। यस विषयमा पाठकले आफैं बुझ्न चाहे परिषद्ले उपलब्ध गराउने सम्प्रेषणबाट तथ्यांक हेरेर हामीलाई जाँच्न सक्नुहुनेछ।

शेष पृष्ठ ९ मा जारी

साप्ताहिकको यो अंकमा मोबाइल सेट जित्न सक्ने अवसरसहित विश्वकप विशेष सामग्री समावेश छ।






# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी

## यो साताको पञ्चाङ्ग

असार २७ गते : औंसी, विश्व जनसंख्या दिवस,
२९ गते : भानुजयन्ती, श्री जगन्नाथ रथयात्री।

### मेष

घरेलु समस्या तथा गलत विचारले सताउने देखिन्छ। बिनाकारण विवादको सामना गर्नुपर्ला। खर्चको गति तीव्र हुनेछ भने विश्वास गरेकाहरूले धोका दिने सम्भावना छ। शनिबार र आइतबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ भने अरूको मन जित्न सकिनेछ।

### मिथुन

खर्च एवं विवाद बढ्नेछ भने अरूबाट आलोचित हुनुपर्ला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कनेछ। शनिबारदेखि ग्रह राम्रा भएकाले मानसम्मान पाइनुका साथै काममा सुधार आउनेछ। पराक्रमको गति तीव्र हुनेछ भने सानै प्रयासले ठूलो काममा सफलता पाइनेछ।

### सिंह

मान-सम्मान पाइने एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमको गति तीव्र हुनेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ। खर्च अलि बढी नै होला, तर लगानी भने उचित कार्यमा लाग्नेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्य गडबड हुनेछ भने झूटा आरोप लगाउने प्रयत्न पनि हुनसक्छ।

### तुला

समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन् भने घरेलु समस्याले सताउनेछ। सोमबारदेखि पराक्रम बढ्ने, काममा सुधार आउने तथा व्यवसायमा सफलता पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कर्म बलियो छ। सामाजिक कार्यमा रुचि एवं बोलीको प्रभाव बढ्नेछ।

### धनु

पुराना समस्या सजिलै समाधान गर्न सकिनेछ भने व्यवसायमा पर्याप्त लाभको अवसर छ। यात्रामा हुने भेटघाटले मन प्रसन्न बनाउनेछ। मंगलबारदेखि काममा अवरोध आउनाले मनोबल घट्नेछ। आर्थिक संकटले सताउनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन् भने विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### कुम्भ

मनमा शंकाले डेरा जमाउनेछ। प्रतिस्पर्धीहरूले खोइरो खन्नेछन्। स्वास्थ गडबड हुनसक्छ भने घरेलु समस्याले पनि सताउनेछ। मंगलबारदेखि काममा सुधार आउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा गरेका प्रयासहरू फलदायी रहनेछन्। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्।

### वृष

नयाा काम आरम्भ हुनेछ। पराक्रमको गति तीव्र हुनुका साथै अरूको मन जित्न सकिनेछ। अधुरा कामहरू पूरा हुनेछन् भने ठूला व्यक्तिहरूसित अन्तक्रिया हुनेछ। कुरा काट्नेहरू सक्रिय देखिन्छन्। धनमाल हराउन सक्छ, घरेलु समस्याले पनि सताउनेछ। मित्र बनेर धोका दिनेहरूदेखि सजग रहनुहोला।

### कर्कट

धन आर्जन गर्ने अवसर जुट्नेछ भने। सोच्ने शक्ति एवं पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। नयाँ काम आरम्भ हुनसक्छ। आफन्तहरूको सहयोग मिल्नेछ। शनिबार र आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### कन्या

नैराश्यता एवं उदासीनता बढ्नेछ भने अरूलाई विश्वास दिलाउन गाह्रो पर्नेछ। झूटा आरोप लाग्न सक्छ। शनिबारदेखि मान-सम्मान प्राप्त हुनेछ। काममा सफलता मिल्नेछ भने प्रशंसा गर्नेहरू धेरै हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा रमाइलो हुनुका साथै भेटघाटले मनोबल बढाउनेछ।

### वृश्चिक

अरूलाई सजिलै विस्वास दिलाउन सकिनेछ। नयाँ मित्रको आगमनले मनोबलका साथै जोस एवं जाँगर बढ्नेछ। शनिबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा गलत विचार बढ्ने हुँदा विचार पुऱ्याएर काम गर्नुहोला। निराशा एवं उदासीनताले पाएको सफलतालाई ओझेलमा पार्न सक्छ।

### मकर

आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। लेनदेनमा विवाद बढ्ने देखिन्छ भने कुरा काट्नेहरू सक्रिय हुनेछन्। घरेलु समस्याले पनि सताउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। शनिबारदेखि काममा सुधार आउनेछ भने पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्।

### मीन

कडा प्रतिस्पर्धा गर्नुपरे पनि जित तपाईंकै हुनेछ। अध्ययनमा सफलता मिल्नेछ। शनिबारपछि घरेलु समस्याले सताउनेछ। मित्रहरूले धोका दिन सक्छन्। गलत विचार एवं लेनदेनमा विवाद बढ्ने हुँदा काममा अवरोध आउन सक्छ। झूटा आरोप लगाउने प्रयत्न हुनेछ। तपाईंले गरेका कामबाट अरूले नै फाइदा उठाउनेछन्।







www.nasacollege.com
'Sky is my limit... "
NASA
INTERNATIONAL EDUCATION NETWORK
Connecting you
with NASA world ...
Admission
Open
+2
Science
Humanities
Management
IMPORTANT DATES
Form Distribution:
from 2067-03-19
to 2067-03-28
Last Date of Form Submission:
2067-03-29
Entrance Test:
2067-03-30
Result Published:
2067-03-31
Interview:
2067-03-32 Onwards
Admission Deadline:
2067-04-07
SALIENT FEATURES
Renowned and Experienced Faculties
Discipline and Perseverance as key motto
Well-equipped labs and library
Minilab in each classroom for science students.
Air-Conditioned Classrooms with CCTV and lab equipments
Elevator Service
Diverse Scholarship Schemes for all Levels
Psychological and Career Counseling
Hostel Facilities for Boys and Girls
Transportation Facilities as per the Individual Needs
Training of Music and Different Sporting Activities
Creative Writing Classes
Entrance preparation Classes for TOEFL, IELTS,
Engineering, and MBBS
Medical Check-up and Healthcare
Well Furnished Cafeteria Served with the Best Cuisine
Special course on astronomy and astrophysics, sky
observation through observatory
Different scientific seminars and conferences
IMPRESSIONS/NASA/2010
NASA 2010 INTERNATIONAL COLLEGE
NASA International HSS/College
Gairigaun, Tinkune, Kathmandu, Tel: +977-1-4460397, 4479849
E-mail: info@nasacollege.com

# बोल्ड स्मिता, र्‍याडिकल स्मिता



अमरेन्द्र यादव



आफ्नो विवादास्पद तस्बिर पत्रिकामा प्रकाशित भएका कारण नायिका श्रृषा कार्कीले गरेको आत्महत्या र गत वर्ष आफ्नो सेक्स भिडियो सार्वजनिक भएपछि नायिका नम्रता श्रेष्ठले बाँच्न गरेको अठोटबीचको भिन्नताले विगत एक दशकमा नेपाली महिलाको सोच र स्तरमा निकै परिवर्तन आइसकेको प्रमाणित हुन्छ। हालै साप्ताहिकमा प्रकाशित एक नेपाली चेलीको अन्तरंगवार्ताले पनि महिला समुदायमा आएको यस्तै आमूल परिवर्तनको उचाइलाई संकेत गर्छ। चर्चित मोडल स्मिता थापाको अन्तर्वार्ताले परम्परावादी नेपाली समाज र परिवर्तनकामी महिला समुदायबीच बढ्दो अन्तरविरोध र संघर्षको पनि स्पष्ट संकेत गर्छ। अन्तर्वार्ताको प्रस्तुति र विषयवस्तुको तीव्रतालाई हेर्दा यसलाई नेपाली महिलाबाट आएको अहिलेसम्म कै सर्वाधिक साहसिक र क्रान्तिकारी अभिव्यक्ति मान्न सकिन्छ।

हाम्रो पुरुषप्रधान समाजमा अभिव्यक्तिका मामिलामा समेत विशेषाधिकार प्राप्त पुरुषहरूले समेत स्मिताको जस्तो आफ्ना दैनिकीका अति गोप्य पानाहरू पल्टाउने हिम्मत गर्न सकेका छैनन्। हाम्रो मुलुकमा आफूलाई महिला अधिकारवादी भन्न रुचाउने लेखकहरूले आफ्ना साहित्यिक रचनामा त के, आत्मकथामा पनि जिन्दगीका यस्ता गोप्य रहस्यहरू खुलेआम उल्लेख गरेको इतिहास छैन। पुरुष सत्तात्मक समाजले महिलाका लागि निर्माण गरेको यौन नैतिकता र देहिक पवित्रताजस्ता मूल्यमान्यताहरूको दबाबकाबीच स्मिताले आफ्नो यौनजीवनलाई खुल्ला किताबझैं सार्वजनिक गर्नु चानचुने कुरा होइन। हुन सक्छ, अहिले शिथिल देखिएका महिला अधिकारवादीले भविष्यमा यो अन्तर्वार्तालाई नेपाली महिला आन्दोलनको एउटा कोशेढुङ्गाका रूपमा स्मरण गर्नेछन्।

मोडल थापाको सनसनीपूर्ण अभिव्यक्तिले नेपाली समाजमा कम्तीमा तीन किसिमका प्रतिक्रिया उत्पन्न गऱ्यो। परम्परावादी समूह उक्त अन्तर्वार्ताबाट अत्यन्तै लज्जित, स्तब्ध र क्रुद्ध भयो। उक्त समूहले यसलाई नचाहिँदो, अनैतिक, उच्छृंखल र सामाजिक मूल्यमान्यताको विरुद्ध मान्यो। समाजको बहुमत तप्का स्मिताको विचार पढेर हप्तौंसम्म रोमाञ्चित भइरह्यो। यो तप्काले यसलाई सतही, मनोरञ्जनमूलक र कामुक खुराकका रूपमा ग्रहण गऱ्यो। यी दुई प्रतिक्रियाभन्दा फरक, अल्पसंख्यामा रहेका केही बौद्धिक व्यक्तिले स्मितालाई अत्यन्तै साहसी, स्पष्ट, निर्भिक र क्रान्तिकारी महिलाका रूपमा सराहना गरे। उनीहरूले उनको अभिव्यक्तिलाई नेपालमा विरलै देखिने र्‍याडिकल फेमिनिष्टहरूको गतिविधिका रूपमा चित्रण गरे।

स्मिताले आफ्ना व्यक्तिगत जीवनका जेजस्ता भोगाइहरू सार्वजनिक गरेकी छिन्, यस्ता कुराहरू हाम्रो छोरीबेटीले आफ्ना साथीसंगीमाझ कानेखुसीमा समेत व्यक्त गर्न त्यति सजिलो छैन। यहीँ एउटा प्रश्न सबैभन्दा गम्भीर र महत्त्वपूर्ण भएर तेर्सिन्छ- उनले कसरी यस्तो अन्तर्वार्ता दिने आँट गरिन्। पितृसत्तात्मक हिन्दू समाजको मूल्य मान्यताका विरुद्ध मानिने यस्तो अन्तर्वार्ता दिने आँट उनमा कहाँबाट आयो ? यस्तो अभिव्यक्तिले व्यक्तिगत तथा सामाजिक जीवनका साथै करियर र वैवाहिक जीवनमा समेत अवरोध आउन सक्ने थाहा हुँदाहुँदै उनले यस्तो दुस्साहस किन गरिन ? सुश्री स्मिता शिक्षित, सक्षम र आत्मनिर्भर महिला नभएकी भए उनीबाट यस्तो अन्तर्वार्ताको कल्पनै गर्न सकिँदैनथ्यो। आर्थिक रूपमा आत्मनिर्भर भएकै कारण पुरुषसत्तात्मक समाज र विशेष गरी पुरुष जातिका विरुद्ध उनले आफ्ना अभिव्यक्ति सार्वजनिक गर्न सकिन।

विश्वप्रसिद्ध पुस्तक 'सेकेन्ड सेक्स' की लेखिका सिमोन दि विभोरले महिलाको हरेक स्वतन्त्रताको आधार आर्थिक स्वतन्त्रता भएको र आर्थिक स्वतन्त्रताले नै अन्य स्वतन्त्रता प्राप्तिका लागि साहस एवम् बौद्धिक क्षमता प्रदान गर्ने कुरा बताएकी छिन्। स्मिताले सिमोन दि विभोर पढेकी नहोलिन्, उनी महिला अधिकारवादी पनि नहोलिन्, तर आर्थिक स्वतन्त्रताकै कारण उनले विवाह, परिवार, परम्परागत समाज र समग्रमा पितृसत्ताका विरुद्ध बोल्ने आँट गर्न सकिन। महिलाहरू स्वाभाविक रूपमा आफ्नो बाबुको घरमा आर्थिक शरणार्थीका रूपमा रहेका हुन्छन्। विवाहमार्फत महिलाले श्रीमान्को घरमा त्यस्तै अर्को शरण प्राप्त गर्छन्। संसारमा गरिने श्रममध्ये दुई तिहाई श्रम गर्ने महिलाहरू आर्थिक रूपमा अत्यन्तै परनिर्भर रहेको अवस्थामा विवाहले उनीहरूलाई सबैभन्दा बढी आर्थिक सुरक्षा र सुनिश्चितता प्रदान गर्छ। यसैकारण, उत्पीडनको मुख्य औजार मानिएको पितृसत्ताको मुहान विवाह भए पनि उनीहरू त्यसलाई परम्परागत स्वरूपमै स्वीकार गर्न बाध्य छन् तर अहिले पनि महिलाका लागि सम्पतिको अधिकार आकाशको फल भएको कठोर अवस्थामा आफू आत्मनिर्भर भएकै कारण स्मिताले विवाह नामक संस्थाको मात्र विरोध गरेकी छैनन्, पुरुष जातिका साथै पितृसत्ताको पाखण्ड, धोका र उत्पीडनविरुद्ध प्रहार पनि गरेकी छिन्।

अन्तर्राष्ट्रिय महिला अधिकारवादी अभियन्ताहरू भन्छन्, महिलाका लागि आफ्ना विरुद्ध भैरहेको अन्याय र शोषणसँग लड्ने सबैभन्दा शक्तिशाली र पहिलो हतियार उनका निजी अनुभव हुन्। स्मिताले पनि यस्तै हतियार प्रयोग गरेकी छिन्। पुरुषसँगको सम्बन्धका क्रममा उनले संगालेका अनुभवहरूलाई नै पुरुषजातिको तथाकथित श्रेष्ठता, अहंकार र अत्याचारविरुद्ध प्रयोग गरेकी छिन्। उनले आफ्ना भनाइहरूलाई विश्वसनीय र तथ्यपूर्ण सावित गर्न आफ्नो वर्तमान र भविष्यको पर्वाह नै नगरी समाजमा बर्जित मानिएका नितान्त गोप्य र निजी भोगाइ सुनाएकी छिन्। उनले सार्वजनिक गर्न नहुने निजी भोगाइ र अनुभवलाई प्रस्तुत नगरेको भए एउटा सानो अन्तर्वार्तामार्फत हुन सक्ने पितृसत्ताविरुद्धको प्रहार फितलो हुने थियो अनि पुरुषजातिको पाखण्ड, अत्याचार र नाटक पर्दाफास हुने थिएन।

क्रान्तिकारी महिलावादीहरूको तर्क के छ भने महिला पुरुषका लागि यौनजन्य वस्तु र यौनआनन्दका साधन बाहेक केही होइनन्। स्मिताले पनि पुरुषसँगको आफ्नो ११/१२ वर्षको सानो संगतमा यही तथ्य फेला पारेकी छिन्। यो तत्वबोधबाट सचेत भएर उनले पनि पुरुषलाई उपभोग्यवस्तु र यौनको साधनभन्दा बढी बुझ्न छाडेकी छिन्। पुरुष साथीलाई उनले आफ्नो देहको उपादेयतासम्म सीमित राख्नु महिला उत्पीडनविरुद्धको जवाफ हो।

भनिन्छ, महिलामुक्ति भनेको एक अर्थमा महिला देहको मुक्ति पनि हो। महिलावादीहरूका अनुसार महिला पुरुष सरह स्वतन्त्र नहुनुमा पुरुषसत्ताको महिला शरीरप्रति संकिर्ण दृष्टिकोण दोषी छ। महिला उत्पीडिनको सबैभन्दा प्राचिन संस्था मानिएको पितृसत्ताले महिलाका लागि बेग्लै यौन नैतिककता र देहिक पवित्रतासम्बन्धी मूल्य-मान्यता निर्माण गरेकाले महिलाहरू लक्ष्मण रेखाभित्र सीमित हुनपुगेका छन् तर स्मिता यौन नैतिककता र पवित्रतासम्बन्धी पुरुषनिर्मित मूल्य-मान्यतालाई स्वीकार गर्दिनन्। उनी आफ्नो शरीरको मालिक स्वयम् आफैं हुन्। तन र मनलाई विवाह, परिवार एवं समाजको बन्धनबाट मुक्त गरेर उनले आफ्नो शरीरलाई मात्र आफ्नो इच्छा र सुविधाअनुसार उपयोग गरेकिछिन्।

आमूल परिवर्तनकामी महिलाहरू पितृसत्ताले निर्माण गरेको पुरुषवर्चश्ववादी समाजलाई आफ्नो प्रमुख दुस्मन मान्छन् र वर्चस्वविहीन समाजको कल्पना गर्छन्। यसका लागि उनीहरू पैतृक सम्पत्तिमा मात्र होइन, वंशको अधिकारमा पनि आफ्नो हक चाहन्छन्। स्मिताले पनि अन्तर्वार्ताको अन्त्यतिर नेपाली महिलाले कम्तिमा ५० वर्षपछि सोच्ने यस्तै विषय उठाएकी छिन्। महिलालाई पितृसत्ताको सिकार बनाउने विवाह नामक संस्थाको उनी विरोध त गर्छिन् नै, आफूले विवाह नगरी आफ्नो वंश चलाउने कल्पनासमेत गर्छिन्। विवाहबाट वंशको अधिकार पाउने सम्भावना पटक्कै नदेखेर उनले विवाह नै नगरी सन्तान जन्माउन चाहेकी छिन्। आफ्नो सन्तान मात्र आफ्नो नाम र थरले चिनियोस् भन्ने धारणा राखेर उनले महिला अधिकारवादीले कल्पना गर्ने सबैभन्दा उच्चतम र अन्तिम अधिकारको वकालत गरेकी छिन्।

स्मिताको अन्तर्वार्तापछि बहुसंख्यक नेपालीले उनलाई परम्परागत अर्थमा बिग्रिएकी केटीका रुपमा हेरे पनि उनी तसलिमा नसरिनकी 'बिग्रिएकी केटी' हुन्। लेखिका नसरिन वा आमूल परिवर्तनकामी महिलाको परिभाषामा उनी निर्भीक, निडर र विद्रोही महिला हुन्। आफ्नै निजी अनुभवबाट पाठ सिकेर र ती अनुभवलाई प्रयोग गरेर निरंकुश पितृसत्ताको विरोध गरे पनि महिला उत्पीडनका अन्य पाटाहरू पनि छन् भन्ने कुरा उनले बुझ्न जरुरी छ। आधुनिक नेपाली समाजमा घरआँगन, विवाह-परिवार र सामाजिक सम्बन्धहरूबाट उन्मुक्त भए पनि बजार, व्यवसाय र पेसामा समेत महिलाविरुद्ध नयाँ प्रकारका उत्पीडन र शोषण संस्थागत भएका छन्। उनको आफ्नै प्रिय मोडलिङ पेसामा समेत पुँजीवादी अर्थव्यवस्थाले महिलाको यौन तथा आर्थिक शोषण गरेको कसैबाट लुकेको छैन। त्यसैले आजको युगमा पितृसत्ताबाट मुक्त हुने बित्तिकै महिलाहरू हरेक शोषण उत्पडिनबाट मुक्त हुन्छन् भन्नु गलत हुनेछ।

amarmaithil@gmail.com

● सम्पादकीय ●

## मुलुकलाई निकास देऊ

**यतिबेला मुलुक कामचलाउ सरकारको मातहतमा राजनैतिक दलका शीर्ष नेताहरूको अनिर्णयको बन्दी हुन पुगेको छ । सरकारको नीति तथा कार्यक्रम एवं मुलुकको आय-व्ययको हिसाब-किताब आउनुपर्ने महत्त्वपूर्ण समयमा सरकारको नेतृत्व कुन दलका कुन नेताले कस्तो स्वरूपमा गर्ने भन्ने विषयमै अल्झिरहने हो भने मुलुकले आउने दिनहरूमा थप दुर्गति बेहोर्नुपर्नेछ । अहिलेको कामचलाउ सरकारले राजीनामा गरेको एक साताभन्दा बढी समय भैसकेको अवस्थामा नयाँ सरकारको टुंगो नलाग्नु भनेको राजनैतिक दलहरूको अकर्मण्यता नै हो । सामान्य अवस्थामा कुनै सरकारले राजीनामा गरेको अवस्थामा दुई-तीन दिनभित्रै नयाा सरकारको नेतृत्वसहितको स्वरूप र ढाँचा सार्वजनिक भैसकेको हुन्छ, तर हामीकहाा (यो पंक्ति लेखिूदासम्म) मुलुककै राजनैतिक भविष्य अन्यौलग्रस्त अवस्थामा छ । मुलुकको सर्वोच्च कानुन संविधान बनाउने जिम्मेवारी पाएका विभिन्न थरीका राजनैतिक दलहरूले निर्धारित समयमा संविधान निर्माण गर्न नसकेपछि सिर्जित अन्यौलको अवस्थालाई संविधानसभाको आयु लम्ब्याएर निकास दिइएको थियो । त्यतिबेला तत्कालीन सरकारले राजीनामा गर्नुपर्ने र राष्ट्रिय स्वरूपको नयाँ सरकार गठन हुनुपर्ने विपक्षी दलहरूको आग्रहबमोजिम नै तत्कालीन बहुमतको सरकारले राजीनामा गरेको थियो, तर तत्कालीन सरकारको राजीनामाका बाबजुद हाम्रा राजनैतिक दलहरूले एक-अर्काप्रतिको वैमनस्यता एवं अहम्का कारण अहिलेसम्म राष्ट्रिय स्वरूपको सरकार गठन गर्ने छनक दिएका छैनन्, बरु उनीहरू यतिबेला प्रतिद्वन्द्वी राजनैतिक दलको आग्रह-पूर्वाग्रहलाई पन्छाउँदै आफ्नै नेतृत्वमा बहुमतको सरकार बनाउने कसरतमा जुटेका छन् ।**

**अरूको अस्तित्वलाई अस्वीकार गर्ने जुन किसिमको मानसिकता अहिले हाम्रा राजनैतिक दल र तिनका नेतामा देखा परेको छ, त्यसले सम्बन्धित राजनैतिक दललाई क्षणिक रूपमा लाभ-हानि जे भए पनि अन्ततः त्यसले नेपाल र नेपालीलाई भने हानि नै पुऱ्याउनेछ । एउटा ठोस राजनैतिक व्यवस्थाको निर्माण र तदनुरूप कानुन व्यवस्थाहरू तर्जुमा गरी मुलुकलाई जनताको चाहनाबमोजिम अग्रगमनतर्फ लानुपर्ने अहिलेको संवेदनशील समयमा पनि हाम्रा राजनैतिक दलहरूले सत्तालिप्साकै प्रवृत्ति देखाउाछन् भने त्यसले मुलुकको कल्याण हुन सक्दैन भन्ने कुरा घाम जत्तिकै छर्लंग छ । खासगरी हाम्रा राजनैतिक दल र तिनका नेताहरूले अहिलेको संवेदनशील समय अनुकूल हुने गरी आ-आफ्ना महत्त्वाकांक्षालाई थाँती राख्दै जनता र देशको पक्षमा एकजुटता नदेखाउने हो भने हामी नेपालीले भविष्यमा थप दुःख र अधोगतिको सामना गर्नुपर्नेछ । जनताका नाममा राजनीति गर्दै आएका सबै तह र तप्काका राजनैतिक दलहरूले यो कुरालाई हृदयदेखि नै मनन गरून्, हाम्रो आग्रह यत्ति हो ।**

# दुर्घटना भयो भन्दैमा गाडी चल्नै दिन्नँ भन्नु मुर्खता हो

केही वर्षयता प्रवेशिका परीक्षाको उत्तीर्ण प्रतिशत आशा गरेअनुरूप नै छ। गएको वर्षभन्दा चार प्रतिशतले कम भए पनि यसपटकको परिक्षामा करिब २ लाख ६० हजार विद्यार्थीले यो आइरन गेट पार गरे। संख्यात्मक हिसाबले यो गत वर्षभन्दा बढी हो। यति मात्र होइन, दुई विषयसम्म फेल भएका विद्यार्थीले साउन महिनामा फेरि मौका परिक्षा दिन पाउनेछन्। यो परीक्षामा करिब २० हजार विद्यार्थी उत्तीर्ण हुने अपेक्षा गरिएको छ। प्रवेशिका उत्तीर्ण गरेका केही प्रवीणता प्रमाणपत्र तहमा भर्ना हुने भएकाले यो वर्ष करिब २ लाख ५० विद्यार्थीलाई उच्च शिक्षाका लागि प्लस टु भर्ना हुने अपेक्षा गरिएको छ। यति ठूलो विद्यार्थीको भविष्य बोकेको उच्च माध्यमिक शिक्षा परिषद् भने आफैं अन्योलग्रस्त देखिन्छ। आफ्ना कुनै शिक्षक नभएको, विशेषज्ञ नभएको तथा पाठ्यपुस्तक पनि बन्न नसकेको उच्च मावि डरलाग्दो भासतर्फ गैरहेको संकेत मिल्छ। अप्ठेरो अवस्थामा रहेको उच्च माविले कसरी लाखौं विद्यार्थीलाई भविष्य दिन्छ ? यो जिज्ञासा लिएर यसपटक हामी परीक्षा नियन्त्रक देवीप्रसाद बाराकोटीकहाँ पुग्यौं।


तस्बिर : विदुर खतिवडा

देवीप्रसाद बाराकोटी, परीक्षा नियन्त्रक, प्लस टु

**उच्च माध्यमिक शिक्षा परिषद्ले के गर्दैछ ?**

हाम्रो संस्थाबाट सम्बन्धन पाउन करिब ६ सय निवेदन परेका छन्। त्यसमध्ये हामीले ३१ वटालाई स्वीकृति दियौं। स्वीकृति पाएका सबैले विज्ञान विषयलाई प्राथमिकतामा राखेका हुनाले उनीहरूले स्वीकृति पाएका हुन्। तीमध्ये ११ वटा सामुदायिक विद्यालय छन्। यसभन्दा अघि २ हजार ५ सय १० कलेजले प्लस टु चलाउने स्वीकृति पाएका थिए।

**उच्च माध्यमिक शिक्षा परिषद्को काम प्लस टु चलाउन स्वीकृति दिने मात्र हो ?**

हाम्रो उद्देश्य मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने तथा उच्च शिक्षा आधारशिला तयार पार्ने हो। यसका लागि हामीसँग धेरै योजना छन्। जसअन्तर्गत विभागहरू छन्। हामी निरन्तर काम गरिरहेका छौं।

**तर देखिने गरी प्लस टु सञ्चालन गर्न सम्बन्धन दिनेबाहेक अरू काम भएको छैन भन्ने गुनासोलाई के भन्नुहुन्छ ?**

हामी परिक्षा गराउने, रिजल्ट निकाल्ने, प्लस टुहरूको निरीक्षण गर्ने, सामुदायिक विद्यालयमा बढी फोकस हुने काम गरिरहेका छौं। यति हुँदाहुँदै पनि हामीसँग काम गर्ने प्राविधिकहरू छैनन्। अरूसँग सापट लिएर आफ्ना कार्यक्रम सञ्चालन गर्नुपर्छ। सरकारले आवश्यकताको आधा पनि बजेट दिँदैन। बजेट नै नभएपछि हामी सम्बन्धनमा मात्र खुम्चिएका हौं कि जस्तो देखिन सक्छ, तर हामी बाँधिएका छौं।

**बाहिरचाहिं उच्च माध्यमिक शिक्षा परिषद् स्वायत्त संस्था हो भनेर प्रचार हुन्छ, भित्रचाहिँ स्वायत्तताका लागि चाहिने कुनै पूर्वाधार देखिँदैन, यसको दोषी को हो ?**

मैले ठाडै सरकारमाथि दोष थोपर्न मिल्दैन।

बाँकी पृष्ठ २२ मा













**अर्जेन्ट आवश्यकता**
Multinational Company लाई विभिन्न पदमा कर्मचारीहरुको आवश्यकता/ Part time /Full time Job को व्यवस्था।
तलब: १५,५००/-
संख्या: ९ महिला/९ पुरुष
योग्यता: Test, SLC, +2, + above र Basic computer जानेका
सम्पर्क: 01-2295877
9841472252
चाबहिल 9841459753
नोट: SLC, +2 दिएका विद्यार्थीहरुलाई प्राथमिकता, शनिबार अफिस खुल्ला हुनेछ।

# यस्तो छ प्लस टुको शैक्षिक पाठ्यक्रम

● विदुर खतिवडा



काठमाडौं- उच्च माध्यमिक शिक्षा परिषद्ले यो वर्ष एउटा नयाँ विषयको पाठ्यक्रम लागू गरेको छ। बिजनेस अर्गनाइजेसन एन्ड अफिस म्यानेजमेन्ट (बुम) र अफिस म्यानेजमेन्ट एन्ड सेक्रेटरियल प्राक्टिस (ओमएसपी) लाई समावेश गरी बिजनेस स्टडिज नामको यो नयाँ पाठ्यक्रम निर्माण गरिएको हो।

परिषद्ले यो वर्षदेखि नै बुम र ओएमएसपी विषयको रजिष्ट्रेसन नहुने जानकारी पनि गराएको छ। बिजनेस स्टडिजको कक्षा ११ र १२ दुवैको पाठ्यक्रम तयार भएको छ। परिषद्ले यो वर्ष कक्षा ११ र १२ का अन्य केही विषयको पाठ्यक्रम परिमार्जनसमेत गरेको छ।

परिषद्अन्तर्गतको पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाका प्रमुख रामचन्द्र पान्डेका अनुसार कम्प्युटर साइन्स, केमेस्ट्री, ट्राभल एन्ड टुरिज्म, पोल्टिकल साइन्स, म्याथम्याटिक्सका कक्षा ११ र १२ का पाठ्यक्रम परिमार्जन भएका हुन्। त्यस्तै कक्षा ११ को अनिवार्य नेपाली पाठ्यक्रम पनि परिमार्जन भएको छ, तर यो वर्ष विज्ञान विषय अध्ययन गर्नेहरूले भने अनिवार्य नेपालीको पुरानै पाठ्यक्रमअनुरूप अध्ययन गर्नुपर्नेछ।

त्यस्तै वि.सं. २०६८ देखि लागू हुने गरी कक्षा १२ को मार्केटिङ, प्राक्टिस टिचिङ, सोसियल स्टडिज, इन्स्ट्रक्सनल इभालुएसनका पाठ्यक्रम परिमार्जन गरिएका छन्। गत वर्ष पनि कक्षा १२ को पाठ्यक्रममा केही नयाँ विषयमा अध्यापन तथा केही पुराना पाठ्यक्रममा परिवर्तन गरेको थियो।

गतवर्ष कक्षा १२ मा जेन्डर स्टडिज, फुड एन्ड न्युट्रिसन, रुरल डेभलपमेन्ट, एलिमेन्ट अफ फिनान्स, को-ओपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इनफरमेसन साइन्स, केमेस्ट्री एजुकेसन, इनभाइरोमेन्ट एजुकेसन, जनरल कन्सेप्ट अफ एजुकेसन, इन्ट्रोडक्सन टु एजुकेसनल साइकोलोजीको नयाँ पाठ्यक्रममा अध्ययन सुविधा मिलाइएको थियो। यसैगरी दुई वर्षअघि कक्षा ११ र गत वर्षबाट १२ मा लागू हुने गरी फिजिक्स, बायोलोजी र सोसियोलोजीको पाठ्यक्रम परिमार्जन गरिएको थियो भने कक्षा १२ को कन्टेमपोररी सोसाइटी, चाइल्ड डेभलपमेन्ट एन्ड लर्निङको पाठ्यक्रम पनि परिमार्जन गरिएको थियो।

समयसापेक्ष पाठ्यक्रममा विद्यार्थीलाई शिक्षित बनाउने उद्देश्यअनुरूप परिषद्ले नयाँ पाठ्यक्रम विकास तथा पुरानो पाठ्यक्रममा परिमार्जन गर्दै लगेको बताइन्छ। 'प्लस टु कार्यक्रम पाठ्यक्रमका कारण पनि लोकप्रिय भएको हो,' शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्, 'प्रवीणता प्रमाणपत्र तहको वर्षौं पुरानो पाठ्यक्रमको तुलनामा प्लस टुको विविधतापूर्ण आधुनिक पाठ्यक्रम धेरै राम्रो मानिन्छ।' यद्यपि त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह खारेज लगभग विस्थापित गरिसकेको छ।

शिक्षाविद् कोइरालाका अनुसार धेरै विषयका पाठ्यक्रमसँगै अध्यापन शैलीमा पनि प्लस टु समयसापेक्ष देखिएको छ। त्यसबाहेक अहिले आएर थप विषयका पाठ्यक्रम र पाठ्यक्रम परिमार्जन जस्ता कुरामा पनि परिषदले आफूलाई अपडेट गरेको कोइरालाको भनाइ थियो। परिषद् पाठ्यक्रम शाखा प्रमुख रामचन्द्र पाण्डेका अनुसार यो वर्ष झैं आगामी वर्षहरूमा अन्य थुप्रै विषय थप तथा परिमार्जन हुनेछन्।

एसएलसी उत्तीर्ण ९० प्रतिशतभन्दा बढी विद्यार्थी प्लस टुमा भर्ना हुने गरेका छन्। प्लस टु बाहेक ए लेभल, एसएलसी पछि सोझै प्राविधिक शिक्षा र वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरू १० प्रतिशत हुने शिक्षाविद्हरू बताउँछन्। उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायण कोइराला भन्छन्, 'पाठ्यक्रम उत्कृष्ट हुनुनै प्लस टु लोकप्रिय हुने मुख्य आधार हो।' कोइरालाका अनुसार अन्तर्राष्ट्रिय मापदण्डको परिषद्को प्लस टुको पाठ्यक्रम प्रत्येक वर्ष केही न केही परिवर्तन हुनुले परिषद् पाठ्यक्रमप्रति सचेत रहेको स्पष्ट हुन्छ।

प्लस टु लोकप्रिय हुनुमा यसको चुस्त शैक्षिक कार्यक्रमले भूमिका खेलेको प्रवक्ता कोइराला बताउँछन्। 'व्यावहारिक शिक्षा पद्धतिमा जानुपर्छ भन्ने मान्यताअनुरूप हामीले शैक्षिक कार्यक्रम विकास गरेका छौं,' प्रवक्ता कोइराला भन्छन्, 'विद्यार्थीले रोजेको विषयमा विशिष्टता हासिल गर्न सहज होस् भनेर तलदेखि नै रोजाइकै विषयमा जान प्लस टुले बाटो बनाउने काम गरिदिएको छ।'

प्लस टु तहमा होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिता, पर्यटन, समाजशास्त्र, दर्शनशास्त्र, सहकारी व्यवस्थापन, सामान्य कानुन, ग्रामीण विकास, पुस्तकालय तथा सूचना विज्ञान, अन्य भाषागत विषयजस्ता व्यावहारिक तथा सैद्धान्तिक विषयहरू समेटिएका छन्।

विद्यार्थीले प्लस टुमा विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकायअन्तर्गत रहेर यी विषयहरूको अध्ययन गर्ने अवसर पाउँछन्। परिषद्का प्रवक्ता कोइरालाका अनुसार आधुनिक शिक्षातर्फ उन्मुख विषयमा आधारित पाठ्यक्रम विकासमा परिषद्ले जोड दिँदै आएकाले विद्यार्थीले ४ वटा संकायअन्तर्गत आफ्नो लक्ष्य निर्धारण गरेर उच्च शिक्षा हासिल गर्न सक्छन्।

प्लस टुको शैक्षिक पाठ्यक्रम स्तरीय भए पनि विश्वविद्यालय तहअन्तर्गत स्नातक तहदेखिको पाठ्यक्रम स्तरीय हुन नसकेको शिक्षाविद्हरू स्वीकार गर्छन्। प्लस टु गरेका विद्यार्थीको शैक्षिक वातावरण सुहाउँदो शिक्षा विश्वविद्यालयमा नहुनुले उनीहरू त्यहाँ पुग्दा 'बालुवामा पानी हाले जस्तो हुने,' टिप्पणी शिक्षाविद्हरूको छ। 'माथिको शैक्षिक प्रणालीमा सुधार नगरेसम्म प्लस टु शिक्षा जति नै राम्रो भए पनि समग्र शैक्षिक उपलब्धि प्राप्त हुन सक्दैन,' पिनाकल कलेजका प्रिन्सिपल ऋषि तिवारी भन्छन्, 'त्यसैले अब विश्वविद्यालयले पनि समयअनुसार शैक्षिक पाठ्यक्रममा परिवर्तन ल्याउन सक्नुपर्छ।'

बाँकी पृष्ठ ७ मा

## कक्षा ११ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान, गणित, भूगोल, लेखा, अर्थशास्त्र, बिजनेस स्टडिज, कम्प्युटर साइन्स, एजुकेसन पेडाजोजी, शिक्षा शिक्षण विधि, टिचिङ म्याथ, टिचिङ नेपाली, टिचिङ इंग्लिस, स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्याशास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीतिशास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृह विज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दु, जर्मन) , भाषा विज्ञान (अंग्रेजी, नेपाली) इन्ट्रोडक्सन टु एजुकेसन, इन्स्ट्रक्सनल पेडाजोजी, रूरल डेभलपमेन्ट, इलेमेन्ट अफ फिनान्स, को-अपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इन्फरमेसन साइन्स, फिजिक्स एजुकेसन, बायोलोजी एजुकेसन, इन्भाइरोमेन्टल एजुकेसन, ह्युमन भ्यालु एजुकेसन, व्याकरण, ज्योतिष, साहित्य, न्याय, वेद तथा नीतिशास्त्र।

## कक्षा १२ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान, गणित, भूगोल, बिजनेस स्टडिज, लेखा, अर्थशास्त्र, कम्प्युटर साइन्स, एजुकेसन पेडाजोजी, शिक्षा शिक्षण विधि, स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्याशास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीतिशास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृह विज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दु, जर्मन) , भाषा विज्ञान (अंग्रेजी, नेपाली),रुरल डेभलपमेन्ट, एलिमेन्ट अफ फिनान्स, को-ओपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एड इनफरमेसन साइन्स, इनभाइरोमेन्टल एजुकेसन, ह्युमन भ्यालु एजुकेसन, व्याकरण, ज्योतिष, साहित्य, न्याय, वेद तथा नीतिशास्त्र।

प्राईभेट
Regular Test/SLC - 2067
☞ भर्खरै कक्षा ९ तथा Test फेल भएका
☞ ८ पास ९,१०, Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
☞ उमेर नाघेका, जागिर गर्दै, घरमै बसि अध्ययन गर्न चाहानेहरु
☞ कक्षा ९ नपढी सिधै Test/SLC दिन पाईने
भर्ना खुल्यो
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने
सजिलै ८ पास गरौं
▸ कक्षा ५,६,७,८ पढ्दा पढ्दै विविध कारणले बिचैमा पढाई छाडेका विद्यार्थी, गृहणी,महिला, पुरुषहरुको लागी कक्षा ८ मा भर्ना भईरहेको छ ।
▸ यसै स्कुल बाट कक्षा ८ पास भएका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधैं १० पढ्न पाउने ।
बाइरन मा. वि.
बनस्थली,चोक, काठमाडौं
01-4364888, 9841700087

ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
SLC दिएर बसेकाहरुलाई विशेष छुट ।
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

नेपालको पहिलो र एक मात्र अनुमति प्राप्त open School
S.L.C/+2,A level फेल?
Tension छैन
कक्षा ८,९,१०,Test पास/फेल, S.L.C फेलहरुले तथा घर वा अफिसमै पढेर पास गर्न सकिने
Math/Sci नपढी,Test नदिई
९ महिनामै S.L.C / +2 पास गर्न चाहानु हुन्छ ?
NIOS X & XII मा भर्ना खुल्यो
मात्र ५ विषय पढे पुग्ने
• परिक्षा नेपालीमा दिन पाईने •पास गर्न सजिलो
•Nepal gov., HSEB र TU द्वारा Equivalent
•Free Tuition classes
•Books are available on Admission
केही सिट मात्र बाँकी
अन्तिम भर्ना
100% पास
अन्तिम भर्ना
कक्षा शुरु भैसक्यो
Test S.L.C 2067 मा निशुल्क भर्ना
जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त
•Math/Sci/Eng को निशुल्क Tuition
• Eng कमजोर हुनेहरुलाई Eng Lang. Free
• दक्ष शिक्षक तथा शिक्षिकाबाट पढाईने
• मनोवैज्ञानिक ढङ्गले १ वर्षमै पढाईने
• आउनुहोस हाम्रो अघिल्ला वर्षहरूको रेकर्ड हेर्नुहोस
• कमजोर विद्यार्थीको लागि विशेष व्यवस्था
कक्षा बिहानी र दिवा
Paragon 014421390
putalisadak
भर्ना हुनु पुर्व १ पटक अवश्य सम्पर्क गर्नुहोस

फ्रि : वेटर / वेट्रेस
दैनिक भत्ता रु-२००/-
तालिम पश्चात फ्रि-BARTENDER पनि
5 star होटलमा Pactical हुने
उत्कृष्टलाई १०००० सम्मको जागीरको व्यवस्था ।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था ।
WISDOM HOTEL TRAINING
KALIMATI CHOWK 01 - 4277104
CHABHIL CHOWK 01 - 6223587

भर्ना खुल्यो भर्ना खुल्यो
जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC 2067
दक्ष तथा अनुभवी शिक्षकहरु द्वारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस
TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।
पुनश्च: कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गरिएको छ ।

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

Achieve your dream...Make your career
Being
BRITISH ARMY & SINGAPORE POLICE
ADMISSION OPEN
No.Lic No.44948/063-64
British Army & singapore police preparation classes for intake 2010/11
Educational & Physical Classes अनुभवी र दक्ष प्रशिक्षकद्धारा लिईने साथै अन्य आकर्षक Packege का साथमा धमाधम भर्ना लिईदैछ ।
For Further Details
Free Swimming & Diet Available
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P.) LTD.
Shankhapark-4, Dhumbarahi, Ktm, Nepal
contact:- 01-4007538, 9851002703, 9841344404,9841306113,9849145319
Branch Office
DHARAN-9
Acharya Line
Ph:- 025-696513,9804007669
9842021640, 9842195609

# यस्तो छ प्लस टुको शैक्षिक पाठ्यक्रम



पृष्ठ ६ बाट जारी

प्लस टुको शैक्षिक पाठ्यक्रममा खोट लगाउने स्थान पनि पर्याप्त भएको एकथरी विज्ञहरू बताउँछन् । प्लस टुमा व्यावसायिकता एवं क्षणिक आकर्षणका विषयलाई मध्यनजर गरेर राम्रा र पढ्नै पर्ने विषयलाई समायोजन नगरी व्यावसायिक तालिमको भरमा पूरा गर्न सकिने पाठ्यक्रममा जोड दिइएको विज्ञहरू बताउँछन् । प्लस टु उच्च शिक्षाको आधार भएकाले बहुआयामिक विषयको पाठ्यक्रममा जोड दिइनुपर्ने उनीहरूको तर्क छ ।

प्लस टु पाठ्यक्रम एकल पथ उन्मुख पाठ्यक्रम हो । जसमा विद्यार्थीले ऐच्छिक विषय राखेर अध्ययन गर्न पाउँछन् । उच्च शिक्षाका क्रममा कुनै पनि संकायमा जानेभन्दा पनि प्लस टुको शिक्षालाई माध्यमिक स्तरको शिक्षा मानेर विद्यार्थीको रोजाइ अनुरूपका विषयमा अध्ययन गर्न पाउने सुविधा एकलपथ हो, तर अहिलेको अवस्थामा परिषद्को प्लस टुलाइ एकलपथ मान्न सकिदैन् । किनभने प्लस टुमा एसएलसी उत्तीर्ण विद्यार्थीले विश्वविद्यालयमा जस्तै विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षाशास्त्र संकायअन्तर्गत कुनमा अध्ययन गर्ने हो त्यही संकाय रोज्नुपर्छ । शिक्षाविद् तीर्थ खनियाँका अनुसार परिषद्ले नयाँ विषयको पाठ्यक्रममा ध्यान दिए पनि संरचनागत पुरानो ढर्रालाई अझै छोड्न सकेको छैन् । प्लस टु लाई माध्यमिक स्तरकै शिक्षा मान्ने हो भनें यसमा विशिष्टीकरणका लागि छुट्टाछुट्टै संकायको आवश्यकता छैन । त्यसकारण एकलपथ उन्मुख पाठ्यक्रम लागू गर्नेतर्फ परिषद् व्यावहारिक हुन सकेको छैन् ।

पछिल्ला दिनहरूमा एकदेखि आठ कक्षासम्मलाई प्राथमिक र ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक स्तर मानेर शैक्षिक कार्यक्रम अगाडि बढाउने नीति सरकारले लिएको छ । जसअनुसार कक्षा ९ देखि १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी परिषद्को काँधमा आइपर्नसक्छ । त्यसो भएमा परिषद्ले कक्षा ९, १०, ११ र १२ को शैक्षिक पाठ्यक्रम नयाँ ढंगले निर्माण गर्नुपर्छ ।

परिषद्को अहिलेको पाठ्यक्रम परिषद् अन्तर्गतकै आफ्नै पाठ्यक्रम विकास समितिले तयार गरेको हो । त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू सम्मिलित विषय समितिले पाठ्यक्रम विकास समितिअन्तर्गत रहेर यी पाठ्यक्रम निर्माण गरेका हुन् । अर्को मुख्य कुरा, परिषद् मात्र यस्तो तह हो, जहाँ पाठ्यक्रम विकासका लागि पाठ्यक्रम विकास केन्द्र छैन् । पाठ्यक्रमअनुरूपको परिषद्को आफ्नै पाठ्यपुस्तक पनि छैन्, यो वर्ष पहिलो पटक अनिवार्य नेपालीको पुस्तक तयार गर्ने काम भैरहेको छ । माध्यमिक र विश्वविद्यालय तहमा पाठ्यक्रम विकास केन्द्र भए पनि प्लस टुमा यसको आवश्यकता महसुस गरिएको छैन्, तर शिक्षाविद्हरू अब परिषद्भित्र पनि पाठ्यक्रम विकास केन्द्र आवश्यक भैसकेको उल्लेख गर्छन् ।

### समकक्षता प्रदान

उच्च माध्यमिक शिक्षा परिषद्ले सिटिइभिटीअन्तर्गत ३ वर्षे पाठ्यक्रममा अध्ययन गरेका हेल्थ साइन्सका विद्यार्थीलाई ६ सय पूर्णाङ्क बराबरको परीक्षा दिएपछि समकक्षता प्रदान गर्ने बताएको छ । पाठ्यक्रम शाखा प्रमुख रामचन्द्र पाण्डेका अनुसार अंग्रेजी, नेपाली, फिजिक्स, केमेस्ट्री र बायोलोजीमा ६ सय पूर्णाकंको परीक्षा उत्तीर्ण गरे विद्यार्थीले प्लस टु साइन्स अध्ययन गरे बराबर मानिनेछ ।

### पाठ्यक्रमका महत्त्वपूर्ण कुराहरू

- उच्च माध्यमिक शिक्षापरिषद्, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाले जारी गरेको पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका परिमार्जित २०६५ संस्करणले कक्षा ११ र कक्षा १२ का विभिन्न विषयका पाठ्यक्रमलाई ६ वटा समूहमा विभाजन गरी अनिवार्य विषय बाहेकको हकमा प्रत्येक समूहबाट एउटा विषयमात्र छनौट गरी ३ विषयमा अध्ययन गर्न पाउने उल्लेख गरेको छ । एउटै समूहबाट दुइटा विषय लिएका विद्यार्थीले एउटा समूहको एकैदिन परीक्षा हुने भएकाले दुवै विषयमा एकैदिन परीक्षा दिनसक्दैनन् ।
- त्यस्तै संस्कृत विषयमा प्लस टु अध्ययन गर्नेहरूले नेपाल संस्कृत विश्वविद्यालयको उत्तर मध्यमालाई आधार बनाएर अध्ययन गर्नुपर्ने हुन्छ ।
- विज्ञान संकायमा अध्ययन गर्नेले कक्षा ११ मा अनिवार्य नेपाली अध्ययन गर्नुपर्दैन् । त्यस्तै विज्ञानमा बायोलोजी लिने विद्यार्थीहरूले अतिरिक्त १ सय पूर्णाङ्कको गणित विषयमा परीक्षा दिन पाउने व्यवस्था छ तर ट्रान्सकृप्टमा अतिरिक्त विषयको परिणामलाई समावेश गरिँदैन् ।

### कक्षा १२ मा मात्र अध्ययन गर्नुपर्ने विषयहरू

बालविकास तथा सिकाइ (एजुकेसन पेडाडोजीको सट्टा), टिचिङ साइन्स, टिचिङ सोसियल स्टडिज, टिचिङ हेल्थ एन्ड इन्भाइरोमेन्ट साइन्स, बिजनेश म्याथम्याटिक्स, मार्केटिङ, शिक्षा प्रविधिको परिचय, प्राथमिक शिक्षा, वातावरणीय शिक्षा, इन्ट्रक्सनल इभालुएसन, प्राक्टिकम, इन्स्ट्रक्सनल अर्गनाइजेसन, कन्टेम्पररी साइन्स, जनरल म्याथम्याटिक्स, जनरल साइन्स, ग्रामिण अर्थशास्त्र तथा स्पेशल निड एजुकेसन, जेण्डर स्टडिज, फुड एन्ड न्युट्रिसन, केमेस्ट्री एजुकेसन, जनरल कन्सेप्ट अफ एजुकेसन तथा इन्ट्रोडक्सन टु एजुकेसनल साइकोलोजी ।



# एसएलसी पछिको कन्फ्युजन

● विदुर खतिवडा



कान्तिपुरी बोर्डिङ स्कुल, ताल्छिखेल, ललितपुरबाट एसएलसीमा ८८ प्रतिशत ल्याएर उत्तीर्ण इन्दिरा लामाले भविष्यमा डाक्टर बन्ने लक्ष्य राखेकी छिन्। 'मेरो पहिलो लक्ष्य डाक्टर बन्ने हो,' इन्दिराले भनिन्, 'अहिलेसम्मको प्लानिङअनुसार मेडिकल एजुकेसनमै जाने लक्ष्य छ, तर पछि गएर अन्य क्षेत्रमा आकर्षक करियर पाए भनें मेरो गन्तव्य परिवर्तन हुनसक्छ।

विराटनगरस्थित होलिल्यान्ड सेकेन्डरी बोर्डिङ स्कुलबाट यो वर्षको एसएलसीमा विशिष्ट श्रेणीमा उत्तीर्ण सेफाली कोइराला मेडिकल, इन्जिनियरिङ वा सीएमध्ये कुनै एक क्षेत्रमा करियर विकास गर्ने बताउँछिन्। 'प्लस टु चाहिँ साइन्समै गर्छु,' उनले भनिन्, 'त्यसपछि जुन क्षेत्रमा राम्रो अवसर पाइन्छ, त्यसलाई रोज्छु' सेफालीसँगै विशिष्ट श्रेणीमा उत्तीर्ण करुणा अधिकारी भनें आईटी एजुकेसनमा क्यारियर विकास गर्ने योजना सुनाउँछिन्।

हेटौंडाबाट पहिलो श्रेणीमा उत्तीर्ण रविन मगर भने इकोनोमिस्ट बन्ने लक्ष्य राख्छन्। 'अहिले इकोनोमिक्सको क्रेज छ।' रविनले सुनाए, 'इकोनोमिस्टको करियरमा माथिल्लोस्तरको अवसर पाइन्छ।'

बुटवलबाट काठमाडौं अध्ययन गर्न आउका सुवेश पन्थी भनें होटल म्यानेजमेन्ट अध्ययन गरेर आफ्नो करियर विकास गर्ने ध्याउन्नमा छन्। विशिष्ट श्रेणीमै उत्तीर्ण सुवेश ट्राभल एन्ड टुरिज्मलाई पनि अर्को विकल्पको करियरको रूपमा उल्लेख गर्छन्। सुवेश भन्छन्, 'अबको युगमा पर्यटनसँग सम्बन्धित विषयको दक्ष जनशक्ति विश्व बजारलाई चाहिएको मेरो बुझाइ छ।'

एसएलसीको परिणाम आउलगत्तै विभिन्न माध्यमबाट भेटिएका यी ५ प्रतिनिधि पात्रले आफ्नो निर्दिष्ट लक्ष्यबारे सुनाउँदै त्यसमा करियर अफरच्युनिटी कस्तो छ भन्ने कुरा पनि बताउँछन्। १० वर्षे स्कुले अध्ययन पार गरेका उनीहरू सफल मानिस बन्ने ध्याउन्नमा उच्च शिक्षाको बाटोतर्फ केन्द्रित भएको उल्लेख गर्छन्।

व्यक्ति फरक, दृष्टिकोण पनि फरक। 'कहिलेकाहीँ लक्ष्यमा कन्फुजन् भए पनि' पिनाकल एकेडेमीमा प्लस टु साइन्समा भर्ना भएकी इन्दिरा लामा भन्छिन्, 'सफल मानिस बन्ने कुरामा कन्फ्युजन छैन्। म एकदिन सफल भएरै छोड्छु भन्ने बलियो आत्मविश्वास छ।'

परिणाम आउनुपूर्वदेखि परिणाम आउन्जेलको समयमा विभिन्न व्यक्तिको रायअनुसार आफ्नो रुचिलाई महत्व दिँदै योजना तय गरेको बताउने उनीहरू आफूजस्तै अन्य साथीहरूलाई आफ्नो लक्ष्यमा स्पष्ट हुन सल्लाह दिन्छन्। तर आमरूपमा भन्नुपर्दा भने यतिखेर एसएलसी उत्तीर्ण लाखौं विद्यार्थी उच्च शिक्षाको यात्राको यो मोडमा 'कन्फ्युजन' भैरहेको जवाफ दिन्छन्। 'सामान्य योजना बनाउन सजिलै छ, तर कुन विषय कहाँ पढ्ने जस्ता कुराले अन्योल सिर्जना गरिरहेको हुन्छ' वरहथवास्थित एक सामुदायिक विद्यालयबाट प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरिमा झाले भनिन्, 'हाम्रो योजना कच्चा हुन्छ, तिम्रा लागि यो बाटो सही छ भनेर स्पष्ट गाइडलाइन वा परामर्श दिने व्यक्तिको खाँचो छ।' गरिमाका अनुसार कतिपय अवस्थामा विद्यार्थीको योजना फेल खानसक्छ, त्यसैले विद्यार्थीलाई उसको क्षमता बराबरको बाटो तय गरिदिने परामर्श उपलब्ध भए उसले सही करियर छनौट गर्न सक्छ।

एसएलसी पछि कुन विषय अध्ययन गर्ने ? राम्रो अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरूको पहिलो रोजाइ हो, विज्ञान तथा प्रविधि संकाय। विज्ञान तथा प्रविधि संकायको आधारमा प्राविधिक शिक्षामा उच्च शिक्षा हासिल गर्न पाउने भएकाले प्रायः अभिभावक आफ्नो सन्तानले यो संकाय रोजोस् भन्ने चाहना राख्छन्। विज्ञान तथा प्रविधि संकायमा भर्ना हुने सबैले अध्ययनमा राम्रो सफलता पाउन सक्दैनन्, त्यसमा पनि विद्यार्थीको विषयप्रतिको लगावले विशेष भूमिका खेल्छ। त्यसैले पनि होला पछिल्ला वर्षहरूमा राम्रो अंक ल्याएर उत्तीर्ण गरेकाहरू व्यवस्थापन संकायमा पनि त्यतिकै रुचि राख्छन्। समयक्रमसँगै व्यस्त हुँदै गएको समाजमा म्यानेजमेन्ट अर्थात् व्यवस्थापनको महत्व बढ्दै गएकाले र व्यवस्थापन संकायअन्तर्गत व्यावहारिक प्रयोगात्मक-व्यावसायिक विषयको प्रवेशले पनि विद्यार्थीमा व्यवस्थापन संकायप्रति रुचि बढेको शिक्षाविद्हरू बताउँछन्। व्यवस्थापन र मानविकीमा प्रयोगात्मक-व्यावसायिक पक्ष समेटिएकाले यि संकायमा उच्च शिक्षा हासिल गर्नेको संख्या बढ्दै गएको हो। कम्प्युटर, बैंक-वित्तीय संस्था (फाइनान्स), ब्यापार-व्यवसाय (बिजनेस), मार्केटिङ, सञ्चार, द्वन्द्व व्यवस्थापन, कला पर्यटन, होटल म्यानेजमेन्ट, नर्सिङ, फाइन आर्ट्स, समाजशास्त्र, दर्शनशास्त्र, अर्थशास्त्र, ग्रामीण विकास, कृषिजस्ता विषयमा विद्यार्थीको आकर्षण बढेको देखिन्छ।

एसएलसी पछि प्लस टु, ए लेभल, र सिटिइभिटीको प्राविधिक शिक्षामध्ये कुन 'स्ट्रिम' मार्फत जाने ? यो प्रश्नको उत्तर विद्यार्थीले परामर्शको माध्यमबाट छुट्याउनुपर्छ। गतवर्ष ३ लाख १९ हजार विद्यार्थी प्लसटुमा भर्ना भएका थिए। यो संख्याले करिब ९० प्रतिशत एसएलसी उत्तीर्णहरू प्लस टुमा जाने देखाउँछ। प्लस टु ले व्यावहारिक शैलीका विषयमा आधारभूत शिक्षा प्रदान गर्ने नीति लिएकाले यसमा विद्यार्थीहरूको आकर्षण बढेको विज्ञहरू बताउँछन्। नियमित अध्ययन-अध्यापन, चुस्त परीक्षा प्रणाली, उच्च औसत उत्तीर्ण दर, अन्तर्राष्ट्रियस्तरको पाठ्यक्रम आदिले प्लस टु लोकप्रिय बनेको उच्चमाध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायणप्रसाद कोइराला बताउँछन्। प्लस टुको अर्को राम्रो पक्ष भनेको यसले धेरै विषय पाठ्यक्रम तयार पार्नु हो।

प्राविधिक शिक्षा रोजगारीका दृष्टिकोणले राम्रो माध्यम भए पनि यसले बृहत्तररूप लिन सकेको छैन्। सिटिइभिटीमार्फत विभिन्न कलेजले उपलब्ध गराउने प्राविधिक शिक्षामा थोरै विद्यार्थीले मात्र अवसर पाएका छन्। ए लेभल सबै माध्यम मध्ये महँगो र अंग्रेजी राम्रो भएकाले मात्र अध्ययन गर्न सक्ने भएकाले यो सहरी क्षेत्रमै सीमित छ।


**९ महिना मै +2/SLC**

- कक्षा ७,८,९, १० फेल भएपनि Math / Science / Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहनुहुन्छ ?
- + 2 / A level फेल भएपनि ५ बिषय मात्र पढेर + 2 पास गर्न चाहनु हुन्छ ?
- विश्वभर मान्यता प्राप्त- गृहिणी /जागिरे/व्यवसायीले घरमै बसी पढ्न सक्ने।
- पास गर्न सक्ने।

बिगत १० बर्ष देखि संचालित

बिशेष छुटमा सिमित सिटमा धमाधम भर्ना भईरहेको छ।

**पाथ फाइन्डर ग्लोबल एजुकेशन**
पुतलीसडक (रिपोटर्स क्लवको अगाडि)
२००५०७७, ९८४१७८७६०२



"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"

**प्राइभेट TEST/SLC–067**

कक्षा–१०मा | भर्ना खुल्यो !

कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !

भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ।

हाम्रा विशेषताहरू
- अनुभवि तथा दक्ष शिक्षक-शिक्षिका
- नि:शुल्क शैक्षिक सामग्री
- उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
- कमजोर विद्यार्थीहरूको लागि नि:शुल्क छुट्टै कक्षाको व्यवस्था
- Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
- उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
- विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल।

कक्षा समय: बिहानी/ दिवा

जि. शि. का. तथा EIA नेपालद्वारा मान्याता प्राप्त

विस्तृत जानकारीका लागि :

**नवबुद्ध OPEN SCHOOL**

चाबहिल
४४७५३००/०१६२१२३५७
(चावहिल चोकदेखि गणेशथान जाने बाटो)

शोभाभगवती, ढल्कुचोक
४२५०५३३, ९८४९१६९०६७
(इन्द्रेणी मन्दिरको अगाडि)



**नेपालको एक मात्र रेडियो प्राविधिक तालिम केन्द्र**

दैनिक SOUND ENGINEER तथा RADIO ENGINEER द्वारा कक्षा सञ्चालन हुने

कार्यक्रम उत्पादकको लागि नेपालका बरिष्ठ सञ्चारकर्मीहरुद्वारा कक्षा लिइने

| | |
|---|---|
| FM Radio Technician - (Job Guarrantee) | 45 days |
| General Editing & Mixing - | 30 days |
| Audio Library Management - | 15 days |
| Audio/Video Program Producer - | 60 days |

Echo Media
Adwait Marg, Bagbazar
Phone : 01-2296457

तपाईं दक्ष बन्नुस्, काम तपाईंको पछि लाग्छ।



**The Flying Institute**
announces Admission open for
**Airhostess Training**

Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha

Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu



**होटेल तालिम मोडर्नमा**

Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ

Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।

www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801



**होतल तालिम होटल खुम्जुङ्मा**

Cook/ Waiter / House Keeping/ Bar-man/ Laundry /Caregiver /Bakery तथा अंग्रेजी/ जापानी/ नेपाली भाषा लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिइदै छ। विदेश मइहालन् पर्ने/हाउसवाइफ/कुकिङ र अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष व्यवस्था गरिएको छ। आजै सम्पर्क राख्नुहोस्।

Hotel Khumjung Pvt. Ltd.
फोन: 4016111 र 4016194
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व



**अन्तिम भर्ना ! अन्तिम भर्ना !!**
अब, केहि दिन मात्र बाँकी।

**प्राईभेट Test/ SLC-067**

विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल।

भर्खरै ९ तथा Test फेल भएका, कक्षा ८ पास भई, विविध कारणले पढाई रोकिएका हरूले सिधै कक्षा १० मात्र पढि सजिलै SLC पास गर्ने सुवर्ण अवसर।

**६ महिनामै +2**

कक्षा ११ पढ्नु नपर्ने, कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने। (NIOS Board)
- Science, Management, Arts Faculty भएको।
- +2, A-Level फेल भए पनि परीक्षा दिन पाईने।
- TU, KU, HSEB तथा विश्व भरी मान्यता भएको
- जागिरे तथा गृहणीले घरैमा पढेर परीक्षा दिन पाईने।
- नेपाली तथा अंग्रजी माध्यमवाट परीक्षा दिन पाईने।

कक्षा समय: विहानी, दिउँसो र वेलुकी
Medium: English / Nepali

साथै, ✪English, Japanese, Korean Language Classes. (जान्दै नजान्नेलाई विशेष कक्षाको ब्यवस्था।)
✪Basic to Advance Computer Courses, ✪Tuition for all level all subjects...

नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त।

| सोह्रखुट्टे | चावहिल | लगनखेल |
|---|---|---|
| पिस भिजन | जेन्युईन | रियल भिजन |
| Ph.: 4389300, 016913286 | Ph.:4462184, 9841575318 | Ph.:2296449, 9841471537 |

# टप टेन + २



| कलेजको नाम | ०६३/०६४ | ०६४/०६५ | ०६५/०६६ | औसत |
|---|---|---|---|---|
| १ प्रसादी एकेडेमी, ललितपुर | ९७.१५ | ९६.५४ | ९८.१८ | ९७.३ |
| २ सेन्टमेरिज उमावि, जावलाखेल | ९८.00 | ९५.00 | ९९.00 | ९७.३ |
| ३ काठमाडौं मोडल उमावि, बागबजार | ९७.१ | ९५.७९ | ९३.५४ | ९५.४७ |
| ४ सगरमाथा उमावि पोखरा, कास्की | ९३.१ | ९५.५४ | ९३.६५ | ९४.० |
| ५ नेशनल स्कुल अफ साइन्सेस, लैनचौर, | ९६.५५ | ९४.५५ | ९०.२५ | ९३.७८ |
| ६ लिटल एन्जल्स उमावि हात्तीवन | ९५ | ८५.५ | ९३.४८ | ९१.४४ |
| ७ युनाइटेड एकेडेमी, कुमारीपाटी | ९३.९५ | ९१.६२ | ८८.५१ | ९१.३६ |
| ८ मेरील्यान्ड उमावि, विराटनगर | ९२.२५ | ८५.४५ | ९१.४२ | ८९.७ |
| ९ कोवास कलेज, विराटनगर | ८२.५५ | ९०.३७ | ९६.२६ | ९६.२६ |
| १० ग्लोबल कलेज अफ म्यानेजमेन्ट | ८३.४५ | ८६ | ८९.५९ | ८६.३५ |

**पृष्ठ १ बाट जारी**

परीक्षाफलको आधारमै यिनै कलेज मात्र सबै दृष्टिकोणले उपयुक्त छन् भन्ने होइन। थोरै प्रतिशतको अन्तरले गर्दा बाहिरिएका कलेजहरू पनि थुप्रै छन्। उत्कृष्ट १० को सूचीमा पछिल्ला दुई ब्याचको परिणाममा राम्रो परिणाम ल्याउन सफल, तर न्यूनतम् १ सय २४ विद्यार्थी हुनुपर्ने मापदण्डका कारण थोरै संख्या नपुगेर बाहिरिएका कलेजहरू एस उमावि र एनसीसीएस उमावि, पकनोजल हुन्। यी दुई उमावि उत्कृष्ट १० का हकदार हुँदाहुँदै पनि बाहिरिएका छन्। त्यस्तै श्री उमावि गरुडा, रौतहटको पछिल्लो दुई समूहको परिणाम उत्कृष्ट भए पनि ०६३ कक्षा ११, ०६४ कक्षा १२ को परिणाम परिषद्को तथ्यांकमा नभएकाले बाहिरियो।

परिषद्ले उपलब्ध गराएको तथ्याङ्कका आधारमा मुलुकभर प्लस टु अध्ययनरत विद्यार्थीको कुल संख्यालाई मुलुकभरका प्लस टु कलेजले भाग गर्दा आएको औसत विद्यार्थीसंख्या १ सय २४ विद्यार्थी अध्यापन गराउने कलेजलाई हामीले यो प्रतिस्पर्धामा सामेल गरायौं। थोरै विद्यार्थीमा राम्रो गर्नेभन्दा पनि धेरैमा राम्रो गर्नेहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने ठहरका आधारमा थोरैमा उत्कृष्ट परिणाम ल्याएका गण्डकी बोर्डिङ पोखरा, नामग्याल उमावि गोकर्ण, एसओएस काठमाडौं/पोखरा, बूढानीलकण्ठ स्कुल काठमाडौं, ज्ञानोदय बालवाटिका ललितपुर, नाइटिंगेल इन्टरनेसनल कुपन्डोल, ज्ञानप्रकाश उमावि ओखलढुंगा, सरस्वती उमावि सिन्धुपाल्चोक, नीलकण्ठ उमावि रसुवा, महर्षि वाल्मीकि गौर, शंकर गुद्दार उमावि रौतहट, माउण्ट एभरेस्ट उमावि सिमरा, गोर्खा इन्टरनेसनल पब्लिक घोराही, सरस्वती उमावि बझाङ, नेपाल राष्ट्रिय उमावि बारा आदि छनौटमा परेनन्।

सर्वेक्षणका क्रममा विगतदेखि नै सर्वोत्कृष्ट रहँदै आएको प्रसादी एकेडेमी, ललितपुर र सेन्टमेरिज उमावि जावलाखेलको ३ वर्षको परिणाम औसत बराबर भए पनि धेरै विद्यार्थीमा राम्रो परिणाम ल्याएको आधारमा पहिलो स्थान प्रसादीले हासिल गरेको छ भने दोस्रो उत्कृष्ट कलेजमा सेन्टमेरिज छनौट भएको छ। काठमाडौं मोडल उमावि, बागबजार तेस्रो स्थानमा आउन सफल भयो। उपत्यकाबाहिरका उमाविमा सर्वोत्कृष्ट रहँदै सगरमाथा उमावि पोखरा समग्र प्रतिस्पर्धामा चौथो स्थानमा पर्न सफल भयो। यस्तै नेसनल स्कुल अफ साइन्सेज लैनचौर पाँचौं, लिटल एन्जल्स उमावि, हात्तीबन छैटौं, युनाइटेड एकेडेमी, कुमारीपाटी सातौं स्थान बनाउन सफल भए। मोफसलका उमाविहरूमा दोस्रो स्थानमा पर्न सफल मेरील्यान्ड उमावि आठौं स्थानमा तथा मोफसलमै तेस्रो स्थान बनाउन सफल कलेज अफ बिजनेस एन्ड सोसल स्टडिज, विराटनगर उत्कृष्ट १०मध्ये नवौं स्थानमा परेका छन्। आठौं र नवौंमा परेका यी दुई कलेज विराटनगरकै हुन्। अर्को संयोग यी दुवै कलेजको तीनवटा ब्याचको औसत परिणाम समान रहे पनि धेरै विद्यार्थीमा सफलता पाएका आधारमा मेरील्यान्ड अगाडि रह्यो। यस्तै दसौं स्थानमा ग्लोबल कलेज अफ म्यानेजमेन्ट नवप्रवेशीका रूपमा यो सूचीमा पर्न सफल भयो।

# सन्तोषजनक रहेन परिणाम

**कुल सहभागी परीक्षार्थी संख्या–४ लाख २७ हजार ५१**
**उत्तीर्ण प्रतिशत– ६४ दशमलव ३१ प्रतिशत**
**विशिष्ट श्रेणी– १६ हजार ८ सय ५९**
**प्रथम श्रेणी– ९३ हजार ३ सय ३९**
**द्वितीय श्रेणी– १ लाख २८ हजार ७५**
**तृतीय श्रेणी– ९ हजार ४ सय १६**

विगत १० वर्षयताको नतिजालाई आधार मानेर हेर्दा यस वर्ष एसएलसी परीक्षाफल सन्तोषजनक रहेन। गत चैतमा परीक्षा नियन्त्रण कार्यालयले लिएको परीक्षामा नियमित तथा एक्जाम्टेड गरी देशभरका ४ लाख २७ हजार ५१ जना विद्यार्थी सामेल थिए। उनीहरूमध्ये २ लाख ५९ हजार ९ सय १६ जना विद्यार्थी उत्तीर्ण भए। गत वर्षको तुलनामा यो उत्तीर्ण दर ४ प्रतिशतले घटेको हो।

नियमिततर्फ ३ लाख ८५ हजार १ सय ४६ विद्यार्थी सहभागी भएकोमा २ लाख ४७ हजार ६ सय ८९ (६४ दशमलव ३१ प्रतिशत) विद्यार्थी उत्तीर्ण भए। त्यसैगरी एक्जाम्टेडतर्फ ४१ हजार ९ सय पाँच विद्यार्थी सहभागी भएकोमा १२ हजार २ सय २७ जना (२९.१८ प्रतिशत) उत्तीर्ण भएका छन्। गत वर्षझैं यस वर्ष पनि ५ नम्बर ग्रेस दिइएको छ। ग्रेस दिँदा करिब १७ हजार विद्यार्थी उत्तीर्ण भएका छन्। परीक्षामा दुई विषयसम्म अनुत्तीर्ण विद्यार्थीले पूरक परीक्षा दिन पाउनेछन्। पूरक परीक्षा यही साउन ३० देखि भदौ ६ गतेसम्म सञ्चालन हुने परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ।

परीक्षामा कडाइ गरिएको कारण गत वर्षको तुलनामा उत्तीर्ण प्रतिशत कम भएको परीक्षा नियन्त्रक चित्रप्रसाद देवकोटाले बताए। २०६५ सालदेखि १० कक्षाको पाठ्यक्रमबाट मात्र प्रश्न सोध्दा उत्तीर्ण प्रतिशत बढेको थियो। खुला विद्यालय तथा प्राइभेट परीक्षा दिने विद्यार्थी बढी मात्रामा अनुत्तीर्ण भएको परीक्षा नियन्त्रकको भनाइ छ। खुला विद्यालयमा माओवादी लडाकु र विद्यालय जान नपाउने विद्यार्थी अध्ययनरत थिए। यता शिक्षाविद् तीर्थ खनियाँले पढाइ कमजोर भएकाले नै उत्तीर्ण दर घटेको बताए। शिक्षा प्रणालीमै परीवर्तन हुनुपर्ने बताउँदै खनियाँले भने- 'पढाउने तरिका नमिलेको हो।' पढाइप्रति विद्यार्थीको उदासीनता र शिक्षकको अल्छिपनाले यस्तो नतिजा आएको शिक्षाविद् डा. विद्यानाथ कोइरालाले बताए। विगतका नतिजाहरूमा पनि चित्त बुझाउने ठाउँ नरहेको उनको भनाइ थियो। नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालले नतिजा खस्कनुमा शिक्षक, विद्यार्थीसहित सरकारी निकाय पनि दोषी रहेको बताए। गत वर्ष विभिन्न कारणले विद्यालयमा पढाइ हुन नसकेकाले नतिजामा असर परेको अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष गुणराज लोहनीको तर्क थियो।






# मिसन प्लस टु

● विदुर खतिवडा/शिव मुखिया

यतिबेला राजधानीलगायत मुलुकका विभिन्न शहर रंगीविरंगी भएका छन्, उच्च माध्यमिक शिक्षा परिषद्को प्लस टु कार्यक्रम चलाउने कलेजहरूले सहरहरूलाई रंगीबिरंगी बनाएका हुन् । लाग्छ, कलेजहरूका लागि यो समय उत्सव हो । आकर्षक होर्डिङ, बिजुलीका पोलमा बन्टिङ ( फ्लेक्स) टाँगेर कलेजहरूले विद्यार्थी आकर्षित गर्न व्यापक रूपमा प्रचार गरिरहेका छन्, यति मात्र होइन्, प्रचारका अन्य माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई पनि उत्तिकै उपयोग गरिएको छ ।

'खुला प्रतिस्पर्धामा यी कुरा सामान्य हुन्', प्लस टुका एक कलेज सञ्चालक भन्छन्- 'विद्यार्थी आकर्षित गर्न प्रचारमा नओर्लने कलेज स्वत: पछाडि पर्छ ।' उच्च माध्यमिक शिक्षा परिषद तथा निजी उमाविहरूको छाता संगठन हिसानले आचारसंहिता बनाएर एसएलसीको परिणामअगावै प्रचार-प्रसारमा रोक लगाएको भए पनि आचारसंहिता कागजमै सीमित भएको छ ।

एसएलसी परिणाम आउनुअगावैदेखि प्रचारमा ओर्लिएका कलेजहरू परिणाम आइसकेपछि विद्यार्थी तान्ने होडमा खुला रूपमै आफू उत्कृष्ट भएको बताउन थालिसकेका छन् । 'आजभोलि कलेजले मात्र होइन, विद्यार्थीले पनि कुन कलेज रोज्ने भनेर एसएलसीअगावै निर्णय लिइसकेका हुन्छन्,' अर्का एक सञ्चालक भन्छन्- 'ब्रिजकोर्स गर्ने क्रममै कलेज बुझ्न आएका विद्यार्थीहरूबाटै हामीले आधा विद्यार्थी भर्ना गरिसकेका छौं ।' उनका अनुसार भर्नाका लागि एसएलसी परिणाम कुर्ने परिपाटी पनि लगभग अन्त्य भैसकेको छ, तर उनको यो भनाइ केही हजार विद्यार्थीको हकमा मात्र लागू हुन्छ ।

यतिखेर एसएलसी उत्तीर्ण लाखौं विद्यार्थी कुन शैक्षिक संस्थामा आफ्नो भविष्य सुरक्षित हुन्छ, अन्यौलमा छन् । यसपटकको एसएलसीमा २ लाख ५९ हजार ९ सय १६ विद्यार्थी उत्तीर्ण भएका छन् । नियमिततर्फ २ लाख ४७ हजार ६ सय ८९ तथा एक्जामटेडतर्फ १२ हजार २ सय २७ परीक्षार्थीका लागि उच्च शिक्षाको ढोका खुला भएको छ । उत्तीर्ण संख्याको ८० प्रतिशतभन्दा बढी उच्च माध्यमिक शिक्षा परिषद्को प्लस टु कार्यक्रममा भर्ना हुने भएकाले प्लस टु विद्यार्थीको मिसन बनेको छ । प्लस टुको विकल्पमा क्याम्ब्रिज विश्वविद्यालयको ए लेभल कार्यक्रम, सिटिइभिटीअन्तर्गत विभिन्न प्राविधिक विषयमा ३ वर्षे डिप्लोमा कोर्स तथा त्रिभुवन विश्वविद्यालयका प्रमाणपत्र तहका कार्यक्रम छन् । यसबाहेक विदेश जाने विद्यार्थीको संख्या पनि हुन्छ । उच्च माध्यमिक शिक्षा परिषद्का अनुसार गत वर्ष करिब ३ लाख ५० हजार विद्यार्थीमध्ये ३ लाख १९ हजार विद्यार्थीले परिषदको प्लस टु कार्यक्रममा रजिष्ट्रेसन भरेका थिए । विदेश जान ए लेभल शिक्षा प्रभावकारी भनिए पनि प्लस टुमा राम्रो अंक ल्याउनेले पनि वैदेशिक शिक्षामा उत्तिकै अवसर पाएका छन् ।

'अहिलेसम्म करिब एक दर्जन उच्चमाविको शैक्षिक कार्यक्रम तथा वातावरणका बारेमा जानकारी लिइसकें,' विशिष्ट श्रेणीमा एसएलसी उत्तीर्ण नवराज थापाले भने- 'कन्फ्युजनमा छु, तर धेरैवटा कलेजको जानकारी लिइसकेपछि कलेजको राम्रो-नराम्रो पक्षका बारेमा जजमेन्ट गर्न सजिलो हुँदो रहेछ ।'

१० वर्षे विद्यालय अध्ययन पूरा गरिसकेर लक्ष्यअनुरूपको करियर विकास गर्न चाहने नवराजजस्तै लाखौं विद्यार्थी यतिखेर आफ्नो सुनौलो भविष्यको आधार तयार गरिदिने उत्कृष्ट उच्चमाविको खोजीमा छन् । नवराजका अनुसार शैक्षिक परामर्श दिने भरपर्दो निकायको अभावमा धेरै विद्यार्थी एसएलसी उत्तीर्ण गरेपछिको यो मोडमा अलमलिएका छन् । 'धेरै विद्यार्थीलाई के बन्नका लागि कुन विषय पढ्ने ? ती विषयहरू कहाँ पढाइ हुन्छ भन्ने जानकारी छैन । धेरैलाई कुन विषय पढेर के हुन्छ, थाहा छैन्, विद्यार्थीहरू अन्यौलमा छन्,' शिक्षाविद विद्यानाथ कोइराला भन्छन्- 'त्यसैले विद्यार्थीका लागि राम्रो परामर्श आवश्यक छ । सबै कुरा जानेकाले उनीहरूलाई शैक्षिक परामर्श दिनु आवश्यक छ । जस्तो, उनीहरूको रुचि के हो ? त्यसका लागि कुन विषय पढ्नुपर्छ ? कहाँ-कहाँ पढाइ हुन्छ ? कति खर्च लाग्छ ? आदि सबै जानकारी प्रदान गर्ने गरी 'इन्फर्म्ड काउन्सिल' जरुरी छ ।'

शिक्षाविद कोइरालाका अनुसार विद्यार्थीले मेरो रुचि के हो ? र, त्यो विषय कुन उच्च माविमा छ भनेर हेर्नुपर्छ । रुचिसँग जोडिएर आउने कुरा माग हो । मागअनुसार रुचि बनाउन सकिन्छ । बजारमा कुन विषयको माग छ र तीमध्ये कुन विषय आफूलाई उपयुक्त हुन्छ, त्यसमै अध्ययन गर्नुपर्छ । वास्तवमा विद्यार्थीले खोज्ने भनेको 'करियर पाथ' हो । आफूले कुन विषयमा करियर बनाउन सक्छु भन्ने लाग्छ, त्यसमै रहर गर्ने हो ।

अहिले विषय र प्लस टु छनोटमा विद्यार्थीको आर्थिक-सामाजिक पृष्ठभूमि र परिवेशले पनि भूमिका खेल्न थालेको छ । यसमा बाबुआमाको खल्तीको विशेष महत्त्व हुन्छ । कुनै विषय रहर गरेर मात्र हुँदैन । खर्च गर्न सक्ने पनि हुनुपर्छ । विषय छनोटमा साथीसँगी पनि महत्त्वपूर्ण हुन्छन् । साथी जहाँ पढ्छ म त्यहीँ पढ्छु भन्नेहरू धेरै हुन्छन् । कतिपय कुरा बाध्यताले गरिन्छ । सम्झौता गर्नुपर्ने हुन सक्छ । मेरो रुचि यसमा थियो तर के गर्नु, यो-यो कुराले मिलेन, अब यसमै करियर बनाउँछु भन्नुपर्ने हुन्छ ।

शिक्षाविद् एवं पिनाकल उमाविका प्राचार्य ऋषि तिवारीका अनुसार उच्च मावि छनोट गर्दा धेरै कुरामा ध्यान पुऱ्याउनुपर्छ । आफूले रोजेको विषय छ कि छैन ? शुल्क कति छ ? शिक्षक कस्ता छन् ? सुविधा के-के छ ? त्यहाँ पढ्न आफ्ना न्यूनतम आवश्यक पूर्वाधारहरू पुग्छन् कि पुग्दैनन् ? आदि कुरामा विद्यार्थीले विशेष ख्याल गर्नुपर्छ ।

आवरणमा सबै कलेजको शैक्षिक वातावरण उत्कृष्ट देखिन्छ, कलेज हेर्दा भव्य हुन्छ, त्यसले कलेज छनौटमा अझ द्विविधा उत्पन्न गराएको छ । कलेजहरूको भिडमा सही कलेजको छनौट निश्चय नै गाह्रो काम हो । यसका निम्ति विद्यार्थी र अभिभावकले सुझबुझपूर्ण ढंगले अघि बढ्नुपर्ने हुन्छ । जतिसक्दो धेरै कलेजको शैक्षिक वातावरण बुझेर मात्र भर्ना प्रक्रियामा जानुपर्छ । 'हामीकहाँ सही काउन्सिलिङ गर्ने ट्रेन्ड विकास भएन,' प्रसादी एकेडेमीका प्राचार्य विक्रम राई भन्छन्- 'अब कता जाने भनेर रुमल्लिरहेका विद्यार्थीहरूलाई सही बाटो यो हो भनेर परामर्शदिनु आवश्यक छ ।'

यो समयमा आफ्नो कारियर कुन क्षेत्रमा विकास गर्ने भनेर विद्यार्थीले गम्भीर रूपमा आत्मचिन्तन गर्नु पर्ने शिक्षाविद्हरू बताउाछन् । 'प्लस टुमा फ्याकल्टी स्ट्रङ भएका कलेजमा भर्ना भए विद्यार्थीले सोचेको उपलब्धि प्राप्त गर्न सक्छन्,' पिनाकल एकेडेमीका प्राचार्य तिवारी भन्छन्- 'निश्चित संख्यामा विद्यार्थी लिएर उल्लेख्य उपलब्धि हासिल गरेका कलेज छनौट गर्न सक्नुपर्छ ।' विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा संकायअन्तर्गत कुन संकायमा उच्च शिक्षा हासिल गर्ने निर्णय लिइसकेपछि ती विषयको अध्ययनका लागि कुन शैक्षिक संस्था रोज्नु उपयुक्त हुन्छ छान्नुपर्छ । एसएलसीसम्म एकै प्रकारको अध्ययन गरे पनि एसएलसीपछि आफ्नो रोजाइअनुरूपको संकायमा अध्ययन गर्ने अवसर पाइन्छ । यतिबेला विद्यार्थीले जुन संकाय रोज्छ, उसको करियर लगभग त्यही क्षेत्रमा विकास हुन्छ ।

एसएलसीपछि विज्ञान संकाय अध्ययन गर्ने विद्यार्थीले भविष्यमा स्नातक तथा स्नातकोत्तर तहको अध्ययनमा व्यवस्थापन, मानविकी तथा शिक्षा संकायमा जान पाउाछ, तर अन्य संकायमा प्रवेश गर्नेहरूले विज्ञान संकायमा जान सक्दैनन् । त्यसैले विद्यार्थीले भविष्यको त्यो मोडलाई पनि अहिले नै सम्झिनुपर्ने हुन्छ ।

एसएलसी उत्तीर्ण भएपछि पनि सामाजिक प्रतिष्ठा, परिवारको अनावश्यक दबाब, सम्बन्धित विषयका बारेमा पर्याप्त जानकारी नहुनुले पनि द्विविधा खडा गरिदिन्छ । अधिकांश अभिभावक छोराछोरीले विज्ञान संकाय रोजून् भन्ने चाहना राख्छन्, तर समयक्रमसागै व्यवस्थापन तथा मानविकीमा पनि उल्लेख्य अवसर उपलब्ध हुन थालेकाले जुनसुकै संकायमा पनि राम्रोसाग उच्च शिक्षा हासिल गर्ने बाटोतर्फ विद्यार्थीले अग्रसर हुनुपर्छ । प्लस टु साइन्स तथा ए लेभलमा वर्षौं अल्झिएर बस्नुको सट्टा नसक्ने विद्यार्थीले सजिलो विषय लिनु राम्रो हुने शिक्षाविद्हरू बताउाछन् । 'अहिलेको समयमा विद्यार्थीले रुचिअनुसार जुन संकायमा अध्ययन गरे पनि हुन्छ,' प्रसादी एकेडेमीका प्राचार्य राई भन्छन्- 'तर उसले नियमित अध्ययन गरेर राम्रो श्रेणीमा उच्च शिक्षा पूरा गर्ने लक्ष्य बनाउनुपर्छ ।'

विद्यार्थीका निम्ति प्लस टु पहिलो प्राथमिकतामा परे पनि आमनेपालीको हकमा प्लस टु शिक्षा प्रणाली अझै पहुँचमा नभएको शिक्षाविद्हरू बताउाछन् । एक शिक्षाविद्का अनुसार गरिबका निम्ति भएको प्रमाणपत्र तह हटाइसकेपछि उच्च शिक्षाको अवसरबाट उनीहरूलाई वञ्चित नगर्न राज्यले नै परिषद्मार्फत कार्यक्रम ल्याउनुपर्ने हो, तर माध्यमिक शिक्षामा अरबौं लगानी गरेको राज्यले उच्च माध्यमिक शिक्षाका लागि शिक्षक दरबन्दीसमेत उपलब्ध गराएको छैन । सामुदायिक उमाविहरूमा दुई जनाको दरबन्दीको व्यवस्था गरे पनि त्यो पर्याप्त छैन ।

### लोकप्रिय प्लस टु

प्लस टु शिक्षा १ देखि १२ सम्मको माध्यमिक शिक्षाको अवधारणा अनुरूप आएको थियो । ३० वर्ष पुरानो पाठ्यक्रममा आधारित भएर अध्यापन भैरहेको प्रवीणता प्रमाणपत्र तहको विकल्पमा आएको नयाा पाठ्यक्रमको यो व्यावहारिक शैक्षिक प्रणालीले धेरैको मन जित्ने विश्वास लिइएको थियो, नभन्दै परिणाम पनि त्यस्तै आयो । प्लस टु कार्यक्रमले धेरैलाई आकर्षित गऱ्यो । विषयहरूको छनोटको अवसर, नियमित अध्ययन-अध्यापनजस्ता अवसर प्लस टुमा देखियो । पछिल्ला वर्षहरूमा त सहरिया उमाविहरूले प्लस टु शिक्षालाई मल्टिमिडिया डिभाइसको माध्यमबाट अध्यापन गराउन थालेका छन् । प्लस टु क्याम्पसमा हुने विद्यार्थी राजनीतिबाट पनि मुक्त छ ।

### सामुदायिक प्लस टुदेखि फाइभस्टार प्लस टुसम्म

परिणामका आधारमा सामुदायिक प्लस टु र निजी प्लस टुको शैक्षिक सफलता हेर्ने हो भनें सामुदायिक प्लस टुको स्थान धेरै तल छ । उच्च माध्यमिक शिक्षा परिषद्को विवरणले कुल ४५ देखि ५० प्रतिशत विद्यार्थी प्लस टु उत्तीर्ण हुने गरेको देखिन्छ । निजी उमाविहरूको उत्कृष्ट परिणामले यो उत्तीर्ण प्रतिशतलाई बढाएको हो । राज्यले सामुदायिक उमाविको हकमा शिक्षक दरबन्दीलगायतका अन्य सुविधा नजुटाएसम्म सामुदायिक विद्यालयहरूको परिणामदर न्यून नै रहने शिक्षाविद्हरू बताउाछन् ।

एकातर्फ सामुदायिक उमाविहरूको स्थीति दयनीय छ भने अर्कातर्फ चर्को प्रतिस्पर्धाले उच्च भौतिक संरचनामा विद्यार्थीलाई सर्वोत्कृष्ट ढंगको सुविधा दिन थालेका छन् । उच्च शुल्क लिएर विद्यार्थीलाई त्यसअनुरूपकै शैक्षिक वातावरण दिने उनीहरूको दाबी छ । नेपालका ठुला उद्योगपतिहरू पनि उमाविको क्षेत्रमा लगानी गर्न थालेका छन् । चौधरी ग्रुपले क्याम्पियन कलेज खरिद गरेर उमावि शिक्षामा हात हालेको छ । चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरी भन्छन्- 'हामी फाइभ स्टार उमावि सञ्चालन गर्नेछौं, जहाा उच्च गुणस्तरको खानादेखि स्वीमिङसम्मका सुविधा उपलब्ध हुनेछ ।

5 DAYS LEFT
Asar 30,31,32 - Shrawan 1
Bhrikutimandap, Exhibition Hall
10:00 AM to 6:00PM
First Time in Nepal
THT HEALTH & BEAUTY EXPO 2010
CHANGE INTO A BETTER YOU
ATTRACTIONS...
door prizes, mehendis, tattoos,
photoshoots, free dental products,
Yeti Airlines round Trip Tickets
KTM - POKH -KTM for 2 persons & many more...
FREE ENTRANCE FOR STUDENTS ONLY
Organized By: The Hidden Treasure Institute for profession development
The Hidden Treasure
Tel: 5538878, Mobile: 9841359155
Email: hiddentreasure@hons.com.np
Marketing Partner: AD venture
Supported By: Saundarya Kala Byawasayi Sangh,Nepal; Spa & Wellness Association of Nepal
Official Media: नारी
Promoter: Nepal Tourism Year 2011
Door Prize Sponsor: Yeti Airlines

## ऋचा घिमिरेलाई पितृशोक

नायिका ऋचा घिमिरेलाई पितृशोक परेको छ । उनका बाबु पवनकुमार घिमिरेको बुधबार बिहान साढे पाँच बजे काठमाडौंको मेडिकेयर अस्पतालमा निधन भएको हो । ७० वर्षीय घिमिरे एक महिनादेखि मधुमेह तथा उच्च रक्तचापले ग्रसित थिए । स्व. घिमिरेका पत्नी, दुई छोरा र एक छोरी छन् ।

## सम्पादनमा इसारा

सिक्किममा छायांकन गरिएको चलचित्र 'इसारा'को छायांकन सम्पन्न भएको छ । शब्बिर श्रेष्ठको निर्देशनमा सम्पादन भैरहेको यो चलचित्रमा रेखा थापा, उत्तम प्रधान, उमाबेबी तथा भूपेन चन्दको मुख्य भूमिका छ । उमाबेबी तथा अरुण रेग्मीले निर्माण गरेको चलचित्र 'इसारा' मा महेश खड्काको संगीत सुन्न पाइन्छ ।

## प्रथम महिलाको चलचित्र

नेपाली चलचित्रकी प्रथम महिला निर्देशक सुचित्रा श्रेष्ठले आफ्नै निर्माणमा चलचित्र 'खै को कसको ?' को निर्देशन गर्ने घोषणा गरेकी छिन् । सडक बालबालिकाको व्यथामा आधारित यो चलचित्रमा राजेश हमाल, रोशनी केसी, सुनिल थापा, किरण केसी आदिको मुख्य भूमिका रहनेछ ।

## साउन २१ मा फस्ट लभ

सिमोस सुनुवारको निर्देशनमा निर्माण भएको प्रेमकथात्मक चलचित्र 'फस्ट लभ' साउन २१ गतेदेखि देशका प्रमुख सहरबाट एकैसाथ सार्वजनिक हुँदैछ । नरेन्द्र महर्जन र माधव वाग्लेले निर्माण गरेको यो चलचित्रमा आर्यन सिग्देल, निशा अधिकारी, कर्म शाक्य, विनय श्रेष्ठ तथा ऋचा शर्माको मुख्य भूमिका छ । चलचित्रका संगीतकार सत्यराज-स्वरूपराज आचार्य हुन् । फस्ट लभका विभिन्न किसिमका प्रचार सामग्रीले युवापुस्तामा प्रभाव पारेको छ ।



• फिल्मी खबर •

## काठमाडौंमा आफ्नो मान्छे आफ्नै हुन्छ

ऋषि लामिछानेको निर्देशनमा मुनाल घिमिरेले निर्माण गरेको चलचित्र 'आफ्नो मान्छे आफ्नै हुन्छ' गत सातादेखि काठमाडौं उपत्यकामा प्रदर्शन भैरहेको छ । गत वर्ष मोफसलमा प्रदर्शन भै व्यावसायिक सफलता हासिल गरेको यो चलचित्रमा विराज भट्ट, रेखा थापा, अरुणिमा लम्साल तथा मुकेश ढकालको मुख्य भूमिका छ ।

## असार ३२ मा कन्यादान

शोभित बस्नेतको निर्देशनमा निर्माण भएको चलचित्र 'कन्यादान' साउन ३२ गतेदेखि सार्वजनिक रूपमा प्रदर्शन हुने भएको छ । उक्त जानकारी गत साता राजधानीमा चलचित्रको गीति एल्बम सार्वजनिक कार्यक्रममा बस्नेतले दिएका हुन् । शम्भुजित बासकोटाले संगीत दिएको चलचित्र 'कन्यादान' मा सोभितले विभिन्न सातवटा चरित्र निर्वाह गरेका छन् । चलचित्रमा विराज भट्ट, धीरेन शाक्य, रञ्जना शर्मा, शुभेच्छा थापा, अर्जुन कार्की, जयकिशन बस्नेत, सिर्जना बस्नेत, कुशल थापा, कञ्चन रेग्मी, उत्तम केसी तथा सुभाष गजुरेलले अभिनय गरेका छन् ।

## इटालीबाट 'बाटोमूनीको फुल'

हाल मिक्सिङको प्रक्रियामा रहेको चलचित्र 'बाटोमुनिको फूल'को प्रदर्शन इटालीबाट प्रारम्भ हुने भएको छ । इटालीमा रहेका अप्रवासी नेपाली जोनी खड्काको पहलमा उक्त चलचित्रको प्रदर्शन त्यहाँ गरिने तय भएको जानकारी लेखक तथा निर्देशक सुरज सुब्बाले दिएका छन् । सुब्बाका अनुसार इटालीपछि जर्मनी, बेल्जियम, फ्रान्सका साथै १५ वटा मुलुकमा चलचित्रको प्रदर्शन गरिनेछ । नेपालमा प्रदर्शनका लागि पालो आउने बेलासम्ममा विदेशतिरको प्रदर्शन भ्याइने सुब्बाको ठहर छ । उक्त चलचित्रबाट गायकद्वय यशकुमार र बाबु बोगटी नायकका रूपमा डेब्यु गर्दैछन् भने चलचित्रमा रेखा थापा र नन्दिता केसी नायिका छन् ।

# सुदिनले रश्मीलाई खुसुक्क उडाएपछि

**साप्ताहिक समाचार**

काठमाडौं- 'तुरुन्तै सुन्धाराको बेकरी क्याफेमा आऊ, सुदिनको बिहेको पार्टी छ ।' म्युजिक भिडियो निर्देशक तथा विज्ञापन निर्माता आसिफ शाह सोमबार साँझ ७ बजे नजिकका साथीहरूलाई फोन गर्न थाले । सुरुमा साथीहरूले पत्याएनन्, तर फेसबुकमा योपेस प्रधानले राखेको तस्बिर हेरेपछि सबै अचम्भित भए । हतार-हतारमा गरिएको सानो बिहे भोजमा निम्त्याइएका नजिकका मित्रहरू आएपछि डिजेले बजाएको गीतमा सुदिन आफैं पनि नाच्न थाले । यी सुदिन हुन्, र्‍याप गायक तथा कान्तिपुर टेलिभिजनका समाचारवाचक सुदिन पोखरेल । उनी अनायसै वैवाहिक बन्धनमा बाँधिएका छन् ।



तस्बिर : योगेश प्रधान

कुनै चलचित्रको कथा झैं लाग्ने उनको विवाह मागी नभएर भागी विवाह भयो, त्यो पनि सुटुक्क । विराटनगरबाट हवाईजहाजमा उडाएर उनले आफ्नी प्रेयसी रश्मी रिजाललाई काठमाडौं ल्याइ विधिवत् विवाह गरेका छन् । रश्मी र सुदिन दुवै विराटनगरका हुन् । एक वर्षअघि सुदिन र रश्मीबीच मागी विवाह हुने पारिवारिक सल्लाह भएको थियो । यद्यपि विवाहको कुरा सकारात्मक ढंगबाट अघि बढेन । पारिवारिक अवरोध आए पनि मागी विवाहका लागि चिनजान भएको यो जोडी विस्तारै प्रेममा पर्न थाल्यो । खेलकुद पत्रकारितामा कहलिएका एवं र्‍याप समूह 'द युनिटी' का 'डिए ६९' उपनाम भएका यी र्‍याप गायक सुदिनको रश्मीसँगको प्रेम झाँगिदै गयो । अन्त्यमा उनीहरू एक अर्काबिना बस्नै नसक्ने अवस्थामा पुगे । दुवैबीच प्रेम भैसकेको थाहा पाए पनि परिवारले चासो नदिएपछि रश्मीलाई भगाउने निर्णय गर्नुपरेको सुदिन बताउँछन् ।

साथी आसिफ शाहको सहयोग लिएर सोमबारको अन्तिम फ्लाइटमा सुदिन विराटनगर पुगे । सुदिनसँग जीवन बिताउने निधो गरेकी रश्मी पनि सुदिनको निर्णयमा सहमत भइन् र मंगलबार दिउँसोको फ्लाइटमा उनीहरू काठमाडौं आए । हवाईजहाजबाट झर्ने बित्तिकै उनीहरू बालाजुस्थित पुरानो गुह्येश्वरीको मन्दिर पुगे । जहाँ सुदिनका अर्का मित्र योपेश प्रधान र साथीहरूले विवाहका लागि आवश्यक जोरजाम गरिसकेका थिए । सुदिन सुटमा सजिए भने रश्मीलाई पनि दुलहीको पहिरनमा सजाइयो । गुह्येश्वरी भगवतीलाई साक्षी मानेर उनीहरूको विधिवत् विवाह सम्पन्न भयो । अब उनीहरू बाहिरै बसेर अभिभावकहरूलाई मनाउने र त्यसपछि विधिवत् वैवाहिक जीवन बिताउने योजनामा छन् ।





## फर्किंदैछिन् एलिजावेथ

बेलायती मोडलबाट नायिका बन्न सफल एलिजावेथ हर्ले एकपटक पुनः चलचित्रमा देखिने भएकी छिन् । भारतीय व्यापारी अरुण नायरकी श्रीमती हर्ले ४५ वर्षको उमेरमा पुनः नायिका बन्ने तयारीमा जुटेकी हुन् । आठ वर्षीया छोरा डेमियनको हेरचाहमा लामो समय खर्चिएपछि हर्लेले पुनः चलचित्रमा व्यस्त हुने निर्णय गरेकी हुन् । हर्ले बेलायतको ग्लुस्टरसायरमा एउटा आर्गेनिक फार्म हाउसका साथै बीचबियरको व्यापारसमेत गरिरहेकी छिन् । यति बेला भने उनी एउटा कमेडी चलचित्रमा काम गर्ने योजनामा छिन् । यो चलचित्रको छायांकन भने आगामी वर्ष मात्र प्रारम्भ हुनेछ ।



## जोन नेगेटिभ रोलमा

चलचित्र धुम र न्युयोर्कमा नकारात्मक भूमिका निर्वाह गरी चर्चा कमाएका मोडल टर्न एक्टर जोन अब्राहम पुनः नेगेटीभ रोलमा काम गर्न तम्सिएका छन् । यसपटक भने निर्देशक जोडी अब्बास मस्तानको चलचित्र रेसको दोस्रो भाग अर्थात् रेस- टु का लागि । आफ्नो करियरको उचाइमा रहेका अभिनेता जोन चलचित्र रेस-टु मा अभिनेताद्वय शैफ अलि खान र अनिल कपुरसँगै देखा पर्नेछन् । रेस-टु मा अभिनेत्रीद्वय प्रियंका चोपडा र कटरिना कैफलाई एकसाथ पहिलो पटक पर्दामा देख्न पाइनेछ ।

## लिङ्गेरीको शपिङ मन पर्छ

बलिउड बाला दीपिका पादुकोणका बारेमा कतिपय कुरा धेरैलाई थाहा नहोला । चर्चित पत्रिका कज्मोपोलिटनको एउटा विशेष अंकमा दीपिकालाई अझ नजिकबाट चिन्ने प्रयास गरिएको छ । जसअन्तर्गत आफूलाई चिनाउने क्रममा दीपिकाले भनेकी छिन्, 'मलाई कुकिङ मनपर्छ । मलाई खेलकुदमा पनि रुचि छ । म आफूलाई चोकोहोलिक भन्न रुचाउँछु किनभने मलाई चकलेट असाध्यै मनपर्छ । साथीभाइसित ख्याल-ठट्टा गर्दा पनि म औधी रमाउँछु ।' दीपिकाले भनेकी छिन्, 'आई लभ बाइङ लिङ्गेरी अर्थात् म लिङ्गेरी 'भित्री पहिरन' खरिद गर्न अत्यन्त मन पराउँछु ।'



## आमा बन्ने चाहना

हलिउड नायिका इभा लोङ्गेरिया पारकर तथा उनका बास्केटबल खेलाडी श्रीमान् टोनी पारकरले आफ्नो परिवारलाई अघि बढाउने इच्छा व्यक्त गरेका छन् । टेलिशृंखला 'डेस्पेरेट हाउसवाइफ्स' मा व्यस्त नायिका इभाले आमा बन्न मन लागेको बताएपछि उनीको परिवार संख्या बढाउने चाहना सार्वजनिक भएको हो । टोनीले एउटा पत्रिकालाई अन्तर्वार्ता दिँदै पहिलो सन्तान जन्माउने विषयमा सोच्न थालेको कुरा पनि बताए । 'इवा शृंखलाको काममा व्यस्त भएकाले हाम्रो यो चाहना केही समयपछि मात्र पूरा हुनेछ ।' पहिलो सन्तानका रूपमा इभा के चाहन्छिन् त ? टोनीको जवाफ थियो- 'यो त इभाकै इच्छामा भरपर्छ । मेरा लागि चाहिँ छोरा होस् अथवा छोरी, दुवै प्यारा हुनेछन् ।'




RJ VJ MC उद्‌घोषण तालिम
रेडियोकर्मीद्वारा सञ्चालित उद्‌घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रू १०००/ छुट
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुँइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
BIKALPA THE OPTION फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

तु: आवश्यकता
एक प्रतिष्ठित ईन्टरनेशनल अफिसको लागि थप विभिन्न पदमा ईमान्दार कर्मचारी आवश्यकता ।
संख्या - १० जना (Ladies/Gents)
तलब- 4,000 - 10,000
अन्य सुविधा: कम्पनिको नियम अनुसार
योग्यता-Test SLC or +2 Above
ZENITH INTERNATIONAL
Banasthali, Chowk
9741146721
SLC, दिई बसेका र विद्यार्थीलाई पनि प्राथमिकता दिईनेछ।
नोट: Urgent परेको हुनाले तुरुन्त सम्पर्क गर्नुहोला।

६ महिना मै +2
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
प्राईभेट Test/SLC-2067
कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरूका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC दिन पाइने एक वर्षे प्राईभेट Test/ SLC कक्षामा अन्तिम भर्ना लिईदै गरेको हुदाँ चाडै सम्पर्क गर्नुहोला ।
दुई वर्ष मै BA., BBS., PASS!!
SLC पूरक परिक्षाको लागि Math./Sci./Eng. को विशेष तयारी कक्षाहरु ।
ओरियन एकेडेमी
सामाखुशीपुल:4388400, 9851021071
चावाहिल:4460091, 9851085823
नयाँ बानेश्वर:4484634, 9841160529
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437


## केटी नांगिएपछि

हलिउड नायिका केटी पेरी लगातार चर्चामा आइरहेकी छिन् । केही समयअघि मात्र उनी आफ्ना प्रेमी रसेल ब्रान्डसँग विवाह गरेको खबरका कारणले चर्चामा आएकी थिइन् । सुरुमा उक्त खबरको खण्डन गर्दै उनले चर्चा बटुलिन्, पछि विवाहको घटना स्वीकार गरे पनि चर्चामै आइन् । यति बेला भने उनी अर्कै प्रसंगका कारण चर्चामा छिन् । अमेरिकाको एउटा पत्रिकाको आवरणमा उनी नांगै (टपलेस) देखिएकी छिन् । केटीले आफ्नो छातीलाई हातले छोपेकी छिन् । उनको शरीरमा निकै कम कपडा देखिन्छ । त्यसो त उनले गहनाको सहाराले आफ्नो लाज ढाक्ने प्रयास गरेकी छिन् । केटीका प्रशंसकहरूलाई भने उक्त तस्बिर अत्यन्त मन परेको छ ।



## केवल एक प्रश्न



## पुन: एकपटक एसएलसी दिन पाउनुभयो भने कस्तो परिणाम आउला ?

अहिले दियो भने त फेल....! पत्याउनुभयो, मैले त जोक गरेको । पुन: एकपटक एसएलसी दिन पाइयो भने मचाहिं पहिलेको भन्दा बढी अंक ल्याएर उत्तीर्ण हुन्थें । अहिले त प्राय: सबै विषयमा प्रयोगात्मक परीक्षा दिन पाइने भएकाले पहिलेको भन्दा अंक पनि बढी नै आउँथ्यो ।

**प्रतिमा श्रेष्ठ (आरजे/गीतकार)**

कस्तो सोच्दै नसोचेको प्रश्न सोध्नुभयो ! यदि त्यस्तो मौका पाएँ भने त म डिस्टिङ्सनमै उत्तीर्ण हुन्थें होला । चलचित्र क्षेत्रमा आएपछि पढाइको महत्त्व बुझेकाले मेहनत गरेर पढ्थें नि !

**रञ्जना शर्मा (नायिका)**

सबैभन्दा पहिले त ध्यान दिएर पढ्थें र एसएलसीको राम्रो तयारी गर्थे । राम्रो तयारीपछि दिएको परीक्षाको परिणाम अवश्य पनि राम्रै हुन्छ । त्यसैले फस्ट डिभिजनमात्र होइन,डिस्टिङ्सनकै प्रयास गर्थे । फस्ट डिभिजनमा त उत्तीर्ण नहुने कुरै भएन !

**कल्याण घिमिरे (नायक)**

पहिलो पटक दिएको एसएलसीमा ८ नम्बर कम भएर फस्ट डिभिजनमा उत्तीर्ण सकेको थिइनँ । यदि पुन: एसएलसी दिने मौका पाएँ भनेचाहिं म फस्ट डिभिजनमै उत्तीर्ण हुन्छु ।

**हेमन्त शर्मा (गायक)**

पहिलेको भन्दा त अवश्य पनि राम्रो गर्थे । अहिले त दिमाग पनि म्याचोर भएको छ, व्यावहारिक पनि भएकी छु । त्यसैले केही महिना पढेर परीक्षा दिन पाइयो भने राम्रो परिणाम ल्याउन सक्छु । नपढी दियो भनेचाहिं गोल....!

**अञ्जना गुरुङ (गायिका)**

पहिले राम्रै अंक ल्याएर उत्तीर्ण भएको थिएँ, तर अहिले त पहिलेको जस्तो राम्रो गर्न सकिंदैन जस्तो लाग्छ । पढाइ छाडेको धेरै वर्ष भैसकेकाले पनि राम्रो अंकमा उत्तीर्ण हुन सकिन्छ जस्तो लाग्दैन ।

**डिजे तेन्जिङ (संगीतकर्मी)**



## मेरो अनुभव

### कोमल ओली

(गायिका/समाचारवाचिका पूर्वमहिला फुटबल खेलाडी)

विश्वकप फुटबल भनेपछि म डढेको कसौडी सम्झन्छु । विश्वकपसँग कसौडीको के सम्बन्ध भन्ने लाग्यो होला ? सन् २००२को विश्वकपको फाइनल हेर्न मैलै छिमेकी तथा साथीभाइहरूलाई घरमै निम्त्याएको थिएँ । खेल हेर्दै नुन र खुर्सानीमा चोपेर उसिनेको आलु खाने योजना बन्यो । एउटा ठूलो कसौडीमा आलु उसिन्न राखेर खेल हेर्न थाल्यौं । खेलमा मग्न भएपछि त्यो कुरा सबैले बिर्सिएछौं । धेरैबेरपछि केही डढेको गन्ध कोठाभरि भयो । हत्त नपत्त भान्छामा गएर ग्याँस बन्द गर्‍यौं । आलु त डढ्यो नै कसौडीको तलको भाग त पग्लेर कामै नलाग्ने भएछ । भगवानको कृपाले कुनै ठूलो दुर्घटना हुन पाएन ।

व्यक्तिगत रूपमा म ब्राजिलको प्रशंसक हुँ । आफैं पनि फुटबल खेलाडी भएकीले यो खेललाई म खुट्टाले देखाउने कला मान्छु । त्यो कलामा ब्राजिलका खेलाडीहरू पोख्त छन् । यसबाहेक मलाई अर्जेन्टिना र पोर्चुगलका टिम पनि मनपर्छन् । विशेषगरी मलाई अर्जेन्टिनाका म्याराडोना मन पर्छन् । अहिले कोच भए पछि उनका चेलाहरूले खेलेको खेल हेर्ने रहर थियो । तर ती म्याराडोना जत्तिको रहेनछन् । मलाई मनपर्ने सबै टिम यो पटक बाहिरिसके । मैले १९९८ देखि मात्र राम्रोसँग विश्वकप हेर्न थालेकी हुँ । त्यो भन्दाअघि ध्यान दिएर हेर्दिनथें । काममा व्यस्त रहने भएकीले होला, रातभरी बसेर खेल हेर्ने लगाव हुँदैन थियो । ०९८ पछि भने भोलिपल्ट जस्तासुकै काम भएपनि पहिलो खेल त छुटाउन मन लाग्न छाड्यो । सबैलाई 'विश्वकप फिभर' भए जस्तो त्यो ज्वरोले मलाई पनि छाडेन । यसपटक पनि टेलिभिजनमा लाइभ हेरिरहेकी छु, तर खानेकुरा पहिल्यै तयार पारेर मात्र ।







# थ्री लिम्बूज

नेपाली चलचित्रमा आफ्नै प्रकारको छवि बनाएका तीन जना लिम्बू छन् । यी तीन जना लिम्बुलाई 'थ्रीं लिम्बूज' भन्न सकिन्छ । अहिले यी तीन जना लिम्बूको परीक्षा आउँदैछ । पहिलो लिम्बू अर्थात् आलोक नेम्बाङ, यिनले निर्देशन गरेको दोस्रो चलचित्र 'कोही मेरो' प्रदर्शनको सँघारमा छ । पहिलो चलचित्र 'सानो संसार'बाट प्रशंसा कमाएका आलोकको यो चलचित्र हेर्न कैयन् नेपाली दर्शक तयार भैसकेको अवस्था छ । आलोक भने यो चलचित्र 'सानो संसार' भन्दा मसालेदार भएकाले सबैखाले दर्शकले रुचाउने कुरामा ढुक्क छन् ।

दोस्रो लिम्बू सुरज सुब्बा 'नाल्बो', मूलतः चलचित्र लेखक हुन् । विगतमा यिनले चलचित्र निर्देशनको अनुभव सँगालिसकेका छन् । अब उनको नयाँ अवतार हुँदैछ, बढी लगानीको स्तरीय चलचित्रबाट । सुरज सुब्बाले आफूलाई निर्दशकीय फाँटमा प्रमाणित गर्न सार्वजनिक हुने पर्खाइमा रहेको तथा यथेष्ट लगानी गरिएको चलचित्र 'बाटोमुनिको फूल' पर्याप्त छ ।

तेस्रा लिम्बू हुन्, नवीन सुब्बा । उनको पहिलो निर्देशन 'नुमाफुङ'ले प्रशंसा कमायो । गैरआवासीय नेपालीहरूको लगानीमा उनले निर्देशन गरेको चलचित्र




'गुडबाई काठमाडौं' पनि प्रदर्शन हुने क्रममा छ । यी तीन लिम्बूको परीक्षाफल दर्शकले यही बर्ष भित्र दिँदैछन् । त्यसपछि थाहा हुनेछ– 'को कति पानीमा छ ?'

# निखिललाई सात प्रश्न

नायिका सञ्चिता लुइँटेलसँग विवाह गरेको घोषणा गरेलगत्तै एक्सन हिरो निखिल उप्रेती झापाको काँकडभित्तामा अचानक फेला परे। भारतको मुम्बई हुँदै झापा आएका निखिलले काँकडभित्तामा केही घण्टा र भद्रपुरमा एक रात बिताएका थिए।

**अचानक झापा कताबाट ?**

मुम्बई हुँदै आएको ।

**झापा आउनुको उद्देश्यचाहिँ के ?**

त्यस्तो उद्देश्य त केही पनि छैन, तर मुम्बईबाट सोझै काठमाडौंको टिकट नपाएपछि वागडोग्रा हुँदै यता आएको हुँ ।

**अनि चलचित्रको व्यस्तता कस्तो छ ?**

उस्तै, खासमा म सुटिङकै लागि आएको हुँ ।

**कुन चलचित्रको सुटिङका लागि ?**

नेपाली चलचित्र 'कसम' का लागि ।

**कहाँ हुँदैछ सुटिङ ?**

भारतका विभिन्न पर्यटकीय स्थानमा सुटिङ भैरहेको छ।

**कति समय बसिन्छ यता ?**

झापा त बस्दिनँ, तर मिरिकमा केही समय बिताउँछु ।

**नेपाली चलचित्रको पछिल्लो अवस्था के छ ?**

स्तर बढाउनुका साथै परम्परावादी शैलीमा परिवर्तन ल्याउनुपर्छ।


**प्रस्तुति : पर्वत पोर्तेल**



# नायक बन्दैछन् बादल

अघिल्लो वर्ष 'बादल' शीर्षकको एकल गीतिसंग्रहमार्फत श्रोतामाझ आएका गायक बादल प्रसाईं अब चलचित्र नायक हुने भएका छन् । संग्रहको 'तिमी बादल म वर्षा' गीत लोकप्रिय भैरहेको बेला यही शीर्षकमा निर्माण हुन लागेको चलचित्रमा बादल नायकका रूपमा अनुबन्धित भएका हुन् । 'मैरै गीतबाट चलचित्रको शीर्षक जुरेको रहेछ, बादल भन्छन्- 'मलाई नै नायक बन्न प्रस्ताव गरिएपछि मैले स्वीकार गरें ।' दोस्रो गीति संग्रहको तयारीमा व्यस्त बादलले केही म्युजिक भिडियोको निर्देशनसमेत गरिसकेका छन् ।





# विकास आचार्यका कुरा

धेरैलाई थाहा नहुन सक्छ चलचित्र लेखक विकास आचार्य एक कुशल साहित्यकार पनि हुन् । विकासको चलचित्र बाहेक सानैदेखिको अर्को रुचिको विषय थियो साहित्य लेखन । चलचित्रमा व्यस्त हुन थालेपछि फाटफुट गीत, गजल पत्रपत्रिकामा लेखेकै थिए तर उनको उपन्यास 'अप्प दीपो भवः' ले उनलाई एक कुशल स्रष्टाका रूपमा चिनाउँछ । विकास आफैं प्रकाशक रहेको यो कृति पूर्वीय दर्शनमा आधारित छ । तत्कालीन बौद्ध परिवेशमा आधारित यो कृतिलाई आधुनिक रूपमा प्रस्तुत गरिएको छ । बौद्धकालीन पात्रहरू अहिलेको परिवेशमा चित्रित गरिएकाले पनि यो उपन्यास थप रोचक बनेको छ । अत्यन्त सरल अनि मिठासपूर्ण भाषाशैलीले उनलाई यही आफ्नै कृतिमा चलचित्र बनाउने जोस पनि चलेको छ । विकास भन्छन्- आफ्नै कृति भएकाले निर्देशन गर्दा कथालाई न्याय दिन सक्छु जस्तो लाग्छ । यसमा चलचित्र बनाउन मन छ ।' विकासले यो उपन्यासमा चाँडै चलचित्र बनाउने पो हुन् कि ? उनका कुरा सुन्दा त यस्तै लाग्छ ।


Language & Computer



English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice & interactive method..)

TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)

Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes

Computer: Basic/Advanced/Accounting/Graphic.. courses

UNPOL SAT Preparation Classes are going on!

Our Products: Language books/Cassettes/CDs/Video DVDs ....

Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced

Face to Face Language Videos Price: Rs. 160/-

Easy Way Prem Swoveet's best language books with Audio /Video DVDs has recently come in the market!

Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-

Boost Vocabulary Enhance word power Price: 50 & 60/-

-OLC's Publications, ph. 4-247897

O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाइनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर,बारमेन,क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
*5 Star होटलका प्रशिक्षक बाट तालिम ।
*विदेश जानेहरुको लागि स्पेशल कोर्ष ।
*Ex-practical को लागि होटलहरुमा पठाइने ।
सक्षम नभएमा पुनः कक्षा गराएर सक्षम बनाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) संगै
फोन: 01-4384548

ENGLISH & COMPUTER
Basic to Advanced Courses
English: Special, Speaking, writing.
Japanese, German, Korea, French, Spanish, Chinese
IELTS, JOB, VISA, Interview Pre.
Computer: Basic, Graphic, Web, Tally, Hardware & Programming
Tuition: All level & Subjects.
OASIS/MILLIEUX
LANGUAGE & COMPUTER INSTITUTE
OLCI – Galkopakha, Thamel
01-4359170, 4418912

जिलेट उच्च मा.वि. तथा जिलेट कलेज
Gillette H.S.S. & Gillette College
College Marg, Kalimati, Kathmandu

Grade XI (+2) मा भर्ना सम्बन्धी सूचना



विज्ञान (Science), व्यवस्थापन (Management) तथा मानविकी (Humanities) संकायहरुमा HM, Mass Com, Computer, Physics/Bio, Sociology, B. Stds, English, Math आदि Major विषयहरुमा SLC उत्तीर्ण विद्यार्थीहरुलाई विविध Scholarship Scheme सहित भर्नाका लागि आव्हान गरिएको छ । ईच्छुक विद्यार्थी तथा अभिभावकज्यूहरु भर्नाका लागि विस्तृत जानकारी लिन यस कलेजमा आई शिघ्र सम्पर्क गर्नुहोस् ।
फोन नं. ४२७९५२१, ४२८३०३६ निर्देशक
" गुणोस्तरीय शिक्षा हाम्रो प्रतिवद्धता "

● चलचित्र ●

## प्रिडेटर्स

हलिउडको नयाँ चलचित्र 'प्रिडेटर्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ। चलचित्रलाई एक्सन, एड्भान्चर, साइन्स फिक्सन तथा फेन्टासी श्रेणीमा राखिएको छ। त्यसो त हलिउडमा यो चलचित्रलाई 'प्रिडेटर्स भाग-३' का रूपमा पनि परिभाषित गरिएको छ, तर निर्माण कम्पनीले यो सिक्वेल चलचित्र नभएको जनाएको छ। चलचित्रको प्रारम्भदेखि अन्त्यसम्म डरलाग्दा द्वन्द्व दृश्य समावेश गरिएकाले यो चलचित्र एक्सन चलचित्रका पारखीमाझ लोकप्रिय हुने सम्भावना छ। ट्वान्टिथ सेन्चुरी फक्सले विश्वव्यापी रूपमा वितरण गर्न लागेको यो चलचित्रको निर्देशन निर्मोड एन्टलले गरेका हुन्। चलचित्रमा एड्रिन ब्रोडी, एलिस ब्रागा, लुइस ओजावा, डेनी ट्रेजो, वाल्टन गोजिन्स आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। अमेरिकाका टेक्सास तथा हवाईमा छायांकन गरिएको यो चलचित्र मानव जाति तथा एलियनबीचको द्वन्द्वमा केन्द्रित छ।





## मिलेंगे मिलेंगे




शाहिद कपुर तथा करिना कपुरको प्रेम-सम्बन्ध उत्कर्षमा रहेका बेला निर्माता बोनी कपुरले यी दुवै कलाकारलाई लिएर तयार पारेको रोमान्टिक चलचित्र हो 'मिलेंगे मिलेंगे'। निर्माण भएको लामो समयपछि आज शुक्रबार यो चलचित्रको सार्वजनिक प्रदर्शन प्रारम्भ हुँदैछ। चलचित्र प्रदर्शन हुने बेलासम्ममा शाहिद-करिनाको प्रेम-सम्बन्ध पुरानो भैसकेको छ। चलचित्रका निर्देशक सतीश कौशिकका अनुसार चलचित्र निर्माण भएको लामो समय बिते पनि चलचित्रको कथामा कुनै प्रभाव पर्नेछैन। चलचित्रमा आरती छाबरिया, सतिश शाह, किरण खेर, हिमानी शिवपुरी, सतिश कौशिक आदि कलाकारले पनि अभिनय गरेका छन्। यो चलचित्रका संगीतकार हिमेश रेशमियाँ हुन्। अलका याज्ञिक, हिमेश, राहत फतेह अलि खान, सोनु निगम, श्रेया घोषाल आदिले चलचित्रका गीत गाएका छन्। रोमान्टिक-कमेडी शैलीको यो चलचित्र अमित (शाहिद कपुर) तथा प्रिया (करीना कपुर) को वरिपरि घुमेको छ। प्रिया र अमितको भेट बैंककको एउटा युथ फेस्टिबलमा हुन्छ। प्रिया धूमपान/मद्यपान नगर्ने र झूटो नबोल्ने व्यक्तिलाई जीवन साथी बनाउन चाहन्छिन्। अमित यी दुवै कुराका अम्मली हुन्। झूटो बोल्नु उनको सानैदेखिको बानी हो। एक दिन अमितले प्रियाको व्यक्तिगत डायरी फेला पार्छन् जुन पढेपछि उनले प्रियालाई आफूतिर आकर्षित गर्छन्। प्रियाले अमितको वास्तविकता थाहा पाएपछि दुवै छुट्टिन्छन्। वर्षौंपछि अमित अमेरिकाबाट एमबीए उत्तीर्ण गरेर फर्किन्छन् भने प्रिया सफल म्युजिक भिडियो निर्देशक बनिसकेकी हुन्छिन्। अन्त्यमा प्रेम र भाग्यको विजय हुन्छ, दुवै एक हुन्छन्।




## अन्त्यहीन यात्रा



गत आइतबार साँझ काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा २८ मिनेट लामो लघु चलचित्र 'अन्त्यहीन यात्रा' प्रदर्शन भयो। महिला छायाँकार शबनम मुखियाले लेखेको तथा उनैले छायांकन गरेको यो चलचित्रका निर्देशक अरुण शर्मा तथा शिव पुरी हुन्। तराईको एउटा यथार्थ घटनालाई नाटकीय स्वरूपमा ढालेर निर्माण गरिएको चलचित्रमा पढाइमा अब्बल एउटी युवतीको सौतेनी आमाको कारण विवाह हुन्छ र उनी आफ्नै लोग्नेबाट यौन प्रताडनाको सिकार हुन्छिन्। अन्ततः उनले लोग्नेलाई छोड्छिन्। 'सेक्सुअल हयारेस्मेन्ट'लाई मूल विषय बनाएको यो चलचित्रमा विष्णु पाण्डे, जानुका केसी, किशोर भण्डारी, विजयकुमार चौधरी, उत्तम तिमिल्सिना तथा बालकलाकार जेनिशा गिरीले अभिनय गरेका छन्। विजयकुमार चौधरीले निर्माण गरेको यो लघु चलचित्रमा प्रज्वल मुखियाको पृष्ठसंगीत सुन्न पाइन्छ। आइतबार त्यही कार्यक्रममा गढीमाईको मेलामा दिइने बलि प्रथालाई समेटेर सुनिल मुखियाको निर्माण एवं शबनम मुखियाको लेखन, निर्देशन तथा छायांकनमा निर्माण भएको वृतचित्र 'डरका आँसुहरू' पनि प्रदर्शन गरिएको थियो।












# हिपहिप हुर्रे






तस्बिरहरू : एजेन्सी










## ● साताको स्वर ●



## प्रवीण बज्राचार्य

**सम्झी-सम्झी.. कस्तो शैलीको गीत हो ?**

यो मेरो नयाँ गीतिसंग्रह 'कर्म' मा समावेश भएको स्लो रक शैलीमा आधारित गीत हो ।

**गीतमा कस्तो भावना समेटिएको छ ?**

मैले आफैं रचना गरेको यो गीतमा विदेश जाने दाजुभाइलाई सम्झिएर बस्ने नेपालीहरूको सामूहिक भावना समेटिएको छ ।

**गीतको लक्षित वर्ग कुन हो ?**

खासगरी युवापुस्ता नै गीतका लक्षित वर्ग हुन् । विदेश जानेहरूले बढी मन पराएका छन् ।

**यो गीत कम समयमै लोकप्रिय भएको हो ?**

विद्युतीय सञ्चार-माध्यमका अनुरोध कार्यक्रममा प्रसारण भैरहेकाले गीत लोकप्रिय भैसकेको मान्छु ।

**म्युजिक भिडियो कस्तो छ ?**

सुरजसिंह ठकुरीको निर्देशनमा गीतको भावनाअनुरूपकै भिडियो तयार भएको छ, जसमा म र मेरो प्यारो कुकुरले अभिनय गरेका छौं ।

## ● अफ द बिट ●



महानायकसँग गायिका : **गायिका निशा सुनारको नयाँ गीतको म्युजिक भिडियोमा अभिनय गर्दै महानायक राजेश हमाल तथा गायिका सुनार । नगरकोटमा छायांकन गरिएको यो भिडियोका निर्देशक सुरजसिंह ठकुरी हुन् ।**

## ● म्युजिक अपडेट ●

### देशको सन्तरीको विमोचन

बालगीतहरूको नयाँ संग्रह 'देशको सन्तरी' को विमोचन सम्पन्न भएको छ । राजधानीका नौ विद्यालयको साझा सञ्जाल साजालका विद्यार्थीहरूले गाएका बालगीतहरू उक्त संग्रहमा समावेश छन् । हात्तीवन, ललितपुरस्थित लिटिल एञ्जल्स स्कुलमा आयोजित एक समारोहमा संविधानसभाका सभामुख सुवास नेम्वाङले उक्त संग्रह विमोचन गरेका हुन् । विमोचन समारोहमा उक्त संग्रहका गीतकार यादव खरेल, संगीतकार प्रदीप बम्जन, बालसाहित्य स्रष्टा विश्वम्भर चञ्चल तथा शुभ तामाङलाई प्रशंसापत्र प्रदान गरिएको थियो । उक्त कार्यक्रममा गायिका कुन्ति मोक्तान तथा अञ्जु पन्तले संग्रहका केही गीत सुनाएका थिए ।

### शास्त्रीय झंकारको रमाइलो

शास्त्रीय संगीतको विकास तथा संरक्षण गर्ने उद्देश्यले यलमाया केन्द्र पाटनढोकाले प्रत्येक महिना आयोजना गर्दै आएको शास्त्रीय संगीतिक कार्यक्रम सम्पन्न भयो । यलमाया क्लासिक शीर्षक राखिएको यस पटकको कार्यक्रममा दुई जना कलाकारले भिन्न प्रस्तुतिमार्फत दर्शकको मन जिते । कार्यक्रममा सुनील परियारले बाँसुरीवाद प्रस्तुत गर्दा उनलाई तबलामा दीपेन्द्र बज्राचार्यले साथ दिएका थिए । कार्यक्रमको दोस्रो चरणमा सितारवादक रामशरण श्रेष्ठले एकल सितारवादन प्रस्तुत गरे । उनलाई तबलावादक अच्युतराम भण्डारीले साथ दिएका थिए ।

### गायिका बनिन् प्रदर्शनी आइडल

केही वर्षअघि बुटवलमा पहिलो पटक आयोजित प्रदर्शनी आइडलमा विजयी भएकी एञ्जिला रेग्मी गायिका बनेकी छिन् । उनको स्वरमा रेकर्डिङ भएका गीतहरूको पहिलो संग्रह 'लुकीछिपी' चाँडै बजारमा आउँदैछ ।

### इटहरीमा संगीत अभियान

गर्मीको हपहपीमा पनि सधैंजसो व्यस्त रहने पत्रकार साघुरो कोठामा रमाइलो गरेर पूरै डेढ घण्टा बसें । बिहान ११ बजे सुरु भएको कार्यक्रम पत्रकारले गीत फर्माइस गर्न नछाडेपछि आधा घण्टा लम्बियो । संगीत साधना महाविद्यालय तथा संगीत समाज इटहरीले गएको शनिबार देखि इटहरीमा संगीत अभियान सुरु गरेको छ । यो अभियानको उद्घाटन सञ्चारकर्मीलाई गीत सुनाएर गरिएको हो । कार्यक्रमममा दुर्गा पराजुली, लक्ष्मी दर्नाल, पुण्य संगौला, सन्तोष गजेर, विश्वास बस्नेत आदि आधा दर्जनभन्दा बढी कलाकारले गीत सुनाएका थिए ।

### नाचघरमा कन्सर्ट

झापा मैत्री समाजको आयोजना गत शुक्रबार राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भयो । जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित सांगीतिक कार्यक्रममा गीत-संगीत तथा नृत्यका साथै हास्यव्यंग्य कार्यक्रम पनि प्रस्तुत गरियो । कार्यक्रममा तिलकबम मल्ल, हिमाल सागर, डिजराज पौडेल आदि गायकले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे भने हास्यकलाकार जितु नेपाल रमाइलो प्रहसनमार्फत दर्शक हँसाउन सफल भए ।

### कन्सर्टमा शिव परियार

आफ्नो पछिल्लो गीत 'क्या दामी भो...' लोकप्रिय भएपछि गायक शिव परियारको सांगीतिक व्यस्तता बढेको छ । गत शुक्रबार साँझ पिंगलास्थानस्थित नेपाल म्युजिक सेन्टरमा आयोजित एकल गायन कार्यक्रममा शिवले दर्शकको मन जितेका छन् । वाद्यवादनसहितको सांगीतिक कार्यक्रममा उनले एक दर्जनभन्दा बढि लोकप्रिय गीत प्रस्तुत गरेका थिए ।

### असोजमा इमेज एवार्ड

आगामी असोज महिनामा आयोजना हुने १२ औं इमेज एवार्डमा यसपटक विभिन्न तीन समूहका २१ विधामा एवार्ड वितरण गरिंदैछ । सामान्य समूहअन्तर्गत सर्वोत्कृष्ट गायन (पुरुष/महिला), सर्वोत्कृष्ट एल्बम, सर्वोत्कृष्ट गीत, सर्वोत्कृष्ट गीत रचना तथा सवोत्कृष्ट संगीत छन् । विशेष समूहअन्तर्गत सर्वोत्कृष्ट गायन पप (पुरुष/महिला), सर्वोत्कृष्ट समूह गायन, सर्वोत्कृष्ट लोकगीत, सर्वोत्कृष्ट दोहोरी गीत, सर्वोत्कृष्ट चलचित्र गीत, सर्वोत्कृष्ट संगीत संयोजन, सर्वोत्कृष्ट गीत मुद्रण, सर्वोत्कृष्ट नवकलाकार तथा सर्वोत्कृष्ट राष्ट्रि गीत छन् । म्युजिक भिडियो समूहअन्तर्गत सर्वोत्कृष्ट म्युजिक भिडियो, म्युजिक भिडियो निर्देशन, छायांकार, भिडियो सम्पादक तथा सर्वोत्कृष्ट म्युजिक भिडियो स्पेशल इफेक्ट छन् । निर्णायकबाट प्राप्त मत तथा एसएमएससमार्फत प्राप्त मतका आधारमा विजेताको घोषणा गरिनेछ ।

### गायक-गायिकालाई भिसा

गायक यम बराल पहिलो पटक अमेरिका जाने भएका छन् । लामो समयदेखि अमेरिकामा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने निम्ता पाए पनि उनलाई अमेरिकी राजदूतावासले भिसा दिएको थिएन । यसपटक भने उनी भिसा पाउन सफल भएका छन् । यम बरालसँगै लोक गायिका सुनिता दुलाल, हास्यकलाकार गोपाल अधिकारी 'ट्वाकेन्द्र' ले पनि एकै दिन भिसा पाएका हुन् ।

### स्वदेशको विमोचन

प्रहरी सेवामा सक्रिय प्रहरी नायब उपरीक्षक टेक तामाङले रचना गरेका गीतहरूको संग्रह 'स्वदेश' को विमोचन सम्पन्न भएको छ । नेपाल संगीत तथा नाट्य प्रतिष्ठानमा कुलपति तथा संगीतकार अम्बर गुरुङले उक्त संग्रह विमोचन गरेका हुन् । संगीतकर्मी भीम बिरागको सभापतित्वमा आयोजित समारोहका विभिन्न व्यक्तित्वले संग्रहका गीतको समीक्षा गरेका थिए । युनिभर्सल म्युजिकले बजारमा ल्याएको यो संग्रहका गीत राजेशपायल राई, कुन्ति मोक्तान, रामकृष्ण ढकाल, ठूले राई, शिशिर योगी, जगदीश समाल, खुमन अधिकारी आदिले गाएका छन् । विमोचन समारोहमा गीतकार तामाङको कविता-संग्रह 'माटोको आवाज' पनि विमोचन गरिएको थियो ।

### भजनसंग्रहको विमोचन

गायक प्रेमध्वज प्रधान, फत्तेमान राजभण्डारी तथा संगीतकार दीपक जंगमले भजनहरूको गीतिसंग्रह 'प्रभु' संयुक्त रूपमा विमोचन गरेका छन् । मांभाय् धुकू एन्ड सुसुद्या प्रोडक्सनको यो दोस्रो प्रस्तुतिमा जीवनलाल मास्केको शब्द तथा संगीत समावेश छ । संग्रहमा संगीता शाक्य, अमरराज शर्मा, सतिश महर्जन, रत्नशोभा महर्जन, श्वेता उप्रेती, भगवतीदास श्रेष्ठ, दिनेश थापा, साज सिंह आदिले स्वर दिएका छन् । संग्रहमा आठवटा भजन संकलित छन् ।

### माइलाको मातृभूमि

संगीतकार माइला लामाद्वारा संगीतबद्ध राष्ट्रिय गीतहरूको संग्रह 'मातृभूमि' को विमोचन राजधानीमा आयोजित एक समारोहबीच सम्पन्न भएको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले उक्त संग्रह विमोचन गरेका हुन् । माओत्सेतुङ, नेत्रविक्रम चन्द, बलराम तिमिल्सिना, भूपाल राई तथा संगीतकार लामाले रचना गरेका गीतहरू संकलित यो संग्रहमा दीपक लिम्बू, सन्तोष लामा, सत्यकला राई, माण्डवी त्रिपाठी, राधा राई, मेनुका राई, योगिता मोक्तान, रूप कुमार, टेक बलमपाकी, किशोर बिक आदि गायक-गायिकाको स्वर सुन्न पाइन्छ ।

## ● रंगमञ्च ●

### नाट्य सम्मेलनका नाटक

मण्डला थिएटर नेपालले राजधानीमा चार दिने युवा नाट्य सम्मेलन आयोजना गरेको छ । नाटकमार्फत नेपाल तथा भारतका सांस्कृतिक तथा कलात्मक पक्ष आदान-प्रदान गर्ने उदेश्यले आयोजित सम्मेलनमा दुवै देशका नाटक मञ्चान गरियो । कमलपोखरीस्थित रसियन कल्चर सेन्टरमा भएको सम्मेलनमा गत शुक्रबार शैली थिएटरको नाटक 'सराप परेको देश' तथा भारतको बरोडास्थित एमएस युनिभर्सिटिका नाट्य विद्यार्थीहरूले नाटक 'सगुन पंक्षी' मञ्चन गरियो । 'सराप परेको देश' नाटक रुसी लेखक एन्टोन चेखवका दुई कथा 'कारिन्दाको मृत्यु' तथा 'छेपारो' मा आधारित छ । नेपाली परिवेशमा रूपान्तर गरिएको यो नाटकले देशमा घूसखोरी तथा नैतिकताहीन कर्मचारीको कार्यशैलीका कारण सोझा जनताले खेप्नु परेको सास्ती चित्रण गरिएको छ ।

भारतीय लोक नाटक 'सगुन पंक्षी' प्रेमकथामा आधारित नाटक हो । नौ जना कलाकारले अभिनय गरेको यो नाटकमा राजमहलका राजारानीको माया–प्रेमदेखि गरिब किसान तोता-मैना तथा गंगा-मञ्चमको प्रेम-प्रसंगसमेत समेटिएको छ । नाटकले दुई भिन्न परिवेश तथा धरातलमा रमाइरहेका प्रेम जोडीका प्रसंगलाई एउटै मञ्चमा एक साथ कलात्मक शैलीमा देखाइएको थियो । गीति नाटकको शैलीमा यो नाटकमा प्रयोग गरिएका संवादको अनुप्रास मिलाइएको थियो । भारतमा थिएटर अध्ययन गरेर नेपाल फर्किएकी समुना केसीले उक्त नाटक निर्देशन गरेकी हुन् जुन हिन्दी भाषामा थियो । नाटकमा भारतीय कलाकारसँगै निर्देशक समुनाले पनि अभिनय गरेकी थिइन् । लोक नाटक भए पनि त्यसमा प्रयोग गरिएका गीत रेशम फिरीरी...को लयमा आधारित थिए । दयाहाङ राईद्वारा निर्देशित नाटक माइला डटकमको मञ्चनसँगै युवा नाट्य सम्मेलन सम्पन्न भएको छ ।

## ● ग्यालरी ●

### जस्मिनका चित्रकला

कुपण्डोल, ललितपुरस्थित सत्भ ग्यालरीमा महिला चित्रकार जस्मिन राजभण्डारीले तयार पारेका चित्रहरूको एकल प्रदर्शनी 'कोमल समर्पणहरू' प्रारम्भ भएको छ । वरिष्ठ चित्रकार शशिविक्रम शाहद्वारा गत मंगलबार उद्घाटित प्रदर्शनीमा २३ वटा चित्र समावेश छन् । आगामी मंगलबारसम्म जारी रहने प्रदर्शनीमा राखिएका चित्रको मूल्य ६ हजारदेखि ४० हजार रुपैयाँसम्म छ ।

### शान्तिका लागि चित्रकला

कलाकारिताको माध्यमबाट सामाजिक जागरण ल्याउनुका साथै प्रतिभाको राष्ट्रिय पहिचान गराउने उद्देश्य धादिङमा राष्ट्रिय चित्रकला प्रदर्शनी आयोजित गरिएको छ । प्रदर्शनी गत शुक्रबारदेखि धादिङबेंसीमा प्रारम्भ भएको हो । युवा नेटवर्क धादिङको संयोजनमा सञ्चालन भैरहेको प्रदर्शनीमा देशका विभिन्न ११ जिल्लाका ११ जना युवा कलाकारले तयार पारेका ५० थान चित्र समावेश छन् । शान्तिका लागि युवा भन्ने उद्घोषका साथ सदरमुकाममा आयोजित प्रदर्शनीमा राखिएका चित्रहरू बिक्रीसमेत भैरहेका छन् ।

### चित्रकला प्रतियोगिता

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले विद्यार्थीमा वातावरणसम्बन्धी जनचेतना जगाउने उद्देश्यले आयोजना गरेको उपत्यकाव्यापी माध्यमिक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । जल, जमिन, जंगल, जनावर, जडीबुटी जोगाउन जनचेतना जगाउँदै जैविक विविधता तथा गरिबी न्यूनीकरणजस्ता विषयमा प्रतियोगिता आयोजित गरिएको थियो । प्रतियोगितामा उपत्यकाका २४ विद्यालय सहभागी थिए । प्रतियोगितामा बौद्ध सेकेन्डरी स्कुलका अशोक तामाङ प्रथम, ज्ञानोदय बालबाटिकाका शीतल श्रेष्ठ दोस्रा तथा ज्ञानोदय इन्टरनेशनलका कुशल गुरुङ तेस्रो भएका थिए ।

## ● लाइभ ●

### नमस्ते अमेरिका सांस्कृतिक साँझ




पहिलो पटक अमेरिका पुगेकी गायिका अञ्जु पन्त पर्सि आइतबार बाल्टिमोरमा आयोजना हुने सांस्कृतिक कार्यक्रम 'नमस्ते अमेरिका सांस्कृतिक साँझ' मा सहभागी हुँदैछिन् । कलाकारको सम्मान गरौं, नेपाली कला र संस्कृतिको प्रबर्द्धन गरौं भन्ने नारासहित गर्न लागिएको मनोरञ्जनात्मक कार्यक्रममा गायिका पन्तका अतिरिक्त गायक जगदीश समाल तथा अञ्जुका श्रीमान् गायक मनोज सेवाले पनि गीत-संगीत प्रस्तुत गर्दैछन् । कार्यक्रममा नायिका रञ्जना शर्मा, हिमग्याप लामा, विन्दु थापा तथा आशा कार्कीले विभिन्न गीतमा नृत्य प्रदर्शन गर्नेछन् । ग्लोबनेपाल डट कमले आयोजना गर्न लागेको यो कार्यक्रम डिजे डिले डान्स पार्टि समेत सञ्चालन गर्नेछन् ।

### प्रतिभा देखाउँदै ई-कलेज सुन्दरीहरू

'मिस ई-कलेज- २०१०' को उपाधी दौडमा संलग्न कलेज अध्ययनरत ३० जना छात्राबीच आज दिउँसो ३ बजे प्रज्ञाभवनको डबलीमा विजेता छनौट हुँदैछ । प्रतियोगिताको मिस ट्यालेन्ट एवार्डका लागि गत आइतबार प्रतिस्पर्धीहरूले नेपाल पर्यटन बोर्डको प्रेक्षालयमा आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । सिजन मिडियाले पहिलो पटक आयोजना गरेको यो प्रतियोगिताका प्रतिस्पर्धीले प्रशिक्षण अवधिमा कोरियोग्राफर रोजिन शाक्यबाट प्रतियोगितासँग सम्बन्धित आधारभूत तालिम प्राप्त गरेका छन् । उनीहरूले यस अवधिमा माइती नेपाल, पशुपति वृद्धाश्रम, सञ्चार एवं शैक्षिक संस्थाको भ्रमण गरी विविध विषयमा जानकारी हासिल गरेका थिए ।

# सम्मीलाई मिस तामाङको उपाधि

**साप्ताहिक समाचार**

प्रथम मिस तामाङ जेनिशा तामाङको उपस्थितिमा दोस्रो मिस तामाङ उपाली ग्याबोकले नयाँ मिस तामाङका रूपमा छनौट भएकी सम्मी भज्यूलाई विजेताको मुकुट पहिर्‍याएपछि गत शानिबार जमलस्थित राष्ट्रिय नाचघरमा मिस तामाङ-२०१० को प्रतिस्पर्धा सम्पन्न भयो । प्रतियोगिताको प्रमुख निर्णायकद्वारा प्रत्येक वर्ष मिस तामाङ प्रतियोगिता आयोजना गर्नुको आवश्यकताका सम्बन्धमा सोधिएको निर्णायक प्रश्नमा सर्वोत्कृष्ट उत्तर दिंदै सम्मीले मिस तामाङ-२०१० को मुकुट पहिरिएकी हुन् ।


तस्बिर : नवराज वाग्ले

मुख्य उपाधिबाहेक सम्मीले मिस बेस्ट ड्रेस र भ्युअर च्वाइस एवार्डमा पनि आफ्नो नाम दर्ता गरिन् । संगीतकार मिलन मोक्तानको नेपाल तामाङ कला संस्कृति केन्द्र एवं तामाङ चलचित्रकी नायिका रञ्जिता लामाको एभरेस्ट फेसन होमको संयुक्त आयोजनामा सम्पन्न उक्त प्रतियोगिताको फस्ट रनर्सअप शिक्षा शान्ति वाइबा तथा सेकेन्ड रनर्सअप मनिला पाखिन भए ।

स्वागत नृत्य प्रस्तुत गरेपछि तामाङ वेशभूषामा सजिएका ३१ जना तामाङ युवतीको परिचयात्मक चरणबाट प्रतिस्पर्धाले गति लिएको थियो । प्रतिस्पर्धीहरूले तामाङ भाषामै आफ्नो परिचय दिएका थिए । त्यसपछि प्रस्तुत बेस्ट ड्रेस राउन्डमा भने इभनिङ गाउनमा नेपाली सांस्कृतिक पक्षलाई झल्काइएको फ्युजन पहिरनमा प्रतिस्पर्धीहरूले क्याटवाक गरेका थिए ।

त्यसलगत्तै नृत्य निर्देशक भावना कार्कीले निर्देशन गरेको आधुनिक शैलीको नृत्यमा प्रतिस्पर्धीहरूले कम्मर मर्काएका थिए । कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा अघि बढेको मिस तामाङ-२०१० अन्तर्गत तेस्रो चरणमा उत्कृष्ट १५ जना प्रतिस्पर्धीले उपस्थिति निर्णायकको प्रश्नको सामना गरेका थिए । उक्त चरणको प्रस्तुतिको आधारमा छनौट भएका अन्तिम ७ जनाले भने अन्तिम निर्णायक प्रश्नबाट मुख्य उपाधिका लागि आफ्नो भाग्य परीक्षण गरेका थिए ।

गायकद्वय रोज मोक्तान र विजय लामा तथा गायिका कुन्ति मोक्तानको प्रस्तुतिबाट सांगीतिक शीतलता अनुभव भएको प्रतिस्पर्धाको मिस ट्यालेन्ट एवार्डमा रीता गोलेले एवार्ड थापिन् । पर्सनालिटी विधामा भने सुप्रिया तामाङ उत्कृष्ट ठहरिन् । यसैगरी फ्रेन्डसिपतर्फ सुवाला वाइबा, फोटोजेनिकमा सुशीला तामाङ, डिसिप्लिनमा सीताकुमारी योञ्जन, हेयरमा श्रेया मोक्तान, स्माइलमा सुमित्रा लोप्चन तथा लाक्पा वाङ्मो थोक्करले क्याटवाक उपाधिमा कब्जा जमाए । यसैगरी स्मीति पाखिनले किष्ट बैंकमा रोजगारीको अवसर जुटाइन् ।

# अब पालो लिटिल मिस वर्ल्ड नेपालको

प्रतिभा र सुन्दरता मापनको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने क्रममा नेपाल सुन्दरी र सुन्दरबाहेक अबका दिनमा फुच्ची नेपाली सुन्दरीले पनि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रनिनिधित्व गर्ने अवसर पाउनेछिन् । यो अवसर जुटाउने काम गरेको छ नेप्लिज काउन्सिल नामक संस्थाले । काउन्सिलका दीपेन्द्र शाक्यका अनुसार लिटिल मिस वर्ल्ड नेपाल-२०१० शीर्षकमा सञ्चालन हुने ९ देखि १२ वर्ष उमेर समूहका बालिकाहरूबीचको प्रतिस्पर्धाबाट छानिएकी विजताले लिटिल मिस वर्ल्ड-२०१० मा नेपालका तर्फबाट सहभागिता जमान पाउनेछिन् । लिटिल मिस वर्ल्ड प्रतियोगिता आगामी अक्टोबर ३ तारिखमा टर्कीको केमेरमा सञ्चालन हुने र उक्त प्रतिस्पर्धामा नेपाललगायत विश्वका २५ वटा राष्ट्रका फुच्ची सुन्दरीहरूको सहभागिता रहने दीपेन्द्र बताउँछन् । नेपाली संस्करणको यो प्रतियोगिता आगामी सेप्टेम्बर ४ अर्थात् भदौ १९ गते हुनेछ ।




# दोस्रो चरणमा धरान नटराज

धरानमा जारी अन्तरविद्यालयस्तरीय दोस्रो धरान नटराज प्रतियोगिताको प्रथम चरणको छनौट शुक्रबार सम्पन्न भएको छ । पहिलो चरणको छनौटमा धरानका २५ विद्यालय बाट तीन-तीन जना गरी जम्मा ७५ जना दोस्रो छनौटमा पर्न सफल भएका छन् । दोस्रो चरणको प्रतियोगिता साउन महिनाको दोस्रो सातादेखि सदन



सभाभवनमा आयोजना हुने सञ्चालिका सञ्जु राईले बताइन् ।

दोस्रो चरणको प्रतियोगितामा सहभागी प्रतियोगिले ३ मिनेट आफ्नो नृत्य प्रस्तुत गर्नुपर्नेछ । निर्णायकले प्रतियोगिको नृत्य प्रस्तुति, हाउभाउ, स्टेज पर्फमेन्स हेरी अंक प्रदान गरी अर्को प्रतियोगिताका लागि प्रतियोगि छनौट गर्नेछन् । प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो विजेतालाई नगद, प्रमाण पत्र साथै छात्रवृत्तिको पनि व्यवस्था गरिएको छ । गरिमा डान्स सेन्टर धरानको आयोजनामा भैरहेको अन्तरविद्यालय स्तरीय दोस्रो धरान नटराज प्रतियोगितामा अहिले थप १३ विद्यालय सहभागी भएका छन् ।

# ग्र्यान्ड भयो रेन डान्स



**साप्ताहिक समाचार**

काठमाडौं- बसुन्धरास्थित होटल शहंशाहको पौडीपोखरी खचाखच थियो । अन्दाजी ७ सय मानिस पौडँदै नाच्ने समारोह अर्थात् ग्र्यान्डको मज्जा लिन उत्सुक थिए । डिजे तेञ्जिङ, डिजे रूपेश तथा डिजे शिशिर डिजे बक्समा छिरेपछि सहभागीहरू कराउन थाले । हाउस म्युजिकबाट मज्जा लिन सकिने ग्र्यान्ड पार्टी सुरु भयो ।

डिजेको भाषामा 'कमर्सियल' भनिने हिन्दी गीतमा हाउस तथा इलेक्ट्रो मिक्स गर्दै डिजेहरूले पार्टी घन्काउँदै गए । नाच्नेहरूको आवतजावत चलिरहेकै थियो, अनायास पानी पर्न थाल्यो। एकैछिनमा ग्र्यान्ड पार्टी रेन डान्सपार्टीमा परिणत भयो । सहभागीहरूलाई अझ रमाइलो भएछ, उनीहरू पानीमा रुझ्दै नाच्न थाले । 'मास्टर ग्र्यान्ड २०१०' शीर्षकमा गत शनिबार सम्पन्न उक्त पार्टीको आयोजना लहवाङ्ग इभेन्टले गरेको थियो ।


# भृकुटीमण्डपमा ब्युटी एक्स्पो

**साप्ताहिक समाचार**

सौन्दर्यसम्बन्धीका सम्पूर्ण सेवा, उत्पादन र जानकारी एकै थलोमा पाइने मेला भृकुटीमण्डपमा आगामी ३० गतेदेखि सञ्चालन हुनेछ । 'हेल्थ एन्ड ब्युटी एक्स्पो-२०१०' शीर्षकको यो मेला तीन दिनसम्म चल्नेछ । हिँड्न ट्रेजर प्रालिले पहिलो पटक यो मेलाको आयोजना गरेको हो ।

मेलामा सौन्दर्य प्रसाधन, सो सम्बन्धी सेवा तथा उपचार एवं परामर्श प्रदान गरिनेछ । सौन्दर्यसँग सम्बन्धित विभिन्न क्षेत्रको संलग्नता रहने यो मेलामा ७८ स्टल रहनेछन् । मेलामा फरफ्युम, फिटनेश, स्पा एन्ड वेलनेस, डेन्टल, हेल्थ केयर, एन्टी एजिक प्रोडक्ट, ब्युटीपार्लर, हर्वल प्रोडक्ट, योग आदिका स्टल रहने आयोजकका इभेन्ट म्यानेजर सुनिल विष्टले बताए ।

'बजारमा भित्रिएको सौन्दर्य प्रसाधनका सम्बन्धमा सम्पूर्ण जानकारी पाइनेछ,' इभेन्ट म्यानेजर विष्टले भने, 'त्यसका 'साथै उपचार तथा अन्य सेवा पनि पाइन्छ ।' सौन्दर्य प्रसाधनको प्रयोग, प्रभाव र उपयोगिताका सम्बन्धमा उत्पादकहरूसँग प्रत्यक्ष परामर्श लिन पाइनेछ यो मेलामा । त्यस्तै सौन्दर्यका लागि अपनाइने सेवा तथा उपचार पद्धतिका बारेमा पनि जानकारी उपलब्ध गराइनेछ । मेलामा अन द स्पट ब्युटी ट्रिटमेन्ट, डेन्टल सर्भिसजस्ता सेवा सञ्चालन गरिनेछ । मेलालाई नेपाल पर्यटन बोर्डले प्रबर्द्धन गरेको छ भने सौन्दर्यकला व्यवसायी संघ तथा स्पा एन्ड वेलनेस एसोसिएसन नेपालले सहयोगी भूमिका खेलकाछन् ।



# एञ्जल २०१० का प्रतिस्पर्धीहरू





एलिना गुरुङ (१७)
ठेगाना : नखिपोट, ललितपुर
कलेज : मल्पी इन्टरनेसनल

श्रुति प्रजापति (२०)
ठेगाना : नयाँ बानेश्वर
कलेज : एस इन्स्टिच्युट अफ म्यानेटमेन्ट




म्यारी लिम्बू (१८)
ठेगाना : नखिपोट, ललितपुर
कलेज : युनाइटेड एकेडेमी




काश्या अधिकारी (१७)
ठेगाना : वीरगन्ज
(हाल : पुरानो बानेश्वर)
कलेज : गौतम सेकेन्डरी स्कुल

निमा पुन (१८)
ठेगाना : धापाखेल, ललितपुर
कलेज : युनाइटेड एकेडेमी










आरती आचार्य (२०)
ठेगाना : सातदोबाटो, ललितपुर
कलेज : सेन्ट जेभियर्स




रिया श्रेष्ठ (१७)
ठेगाना : ताहाचल, काठमाडौं
कलेज : हिमालयन ह्वाइट हाउस




शीतल खत्री (१८)
ठेगाना : भोजपुर
(हाल : रातोपुल, काठमाडौं)
कलेज : लिटिल एञ्जल्स

सन्नी अमात्य (१७)
ठेगाना : ललितपुर
कलेज : जेम्स इन्स्टिच्युट




दृष्टि कटुवाल (१७)
ठेगाना : लोकन्थली, भक्तपुर
कलेज : एएनपीसी कलेज अफ हेल्थ साइन्स







## एसएलसी परीक्षाफल विशेष

# ज्यानभन्दा ठूलो होइन परीक्षा

१५ वर्षीया प्रियाले प्रवेशिका परीक्षामा अनुत्तीर्ण भएपछि आफ्नो घरको छतबाट हामफालेर आत्महत्या गरिन् । प्रवेशिका परीक्षा दिएर बसेकी मनीषाका आमाबुबालाई विश्वास थियो– उनकी छोरी राम्रो अङ्कका साथ उत्तीर्ण हुन्छिन्, तर मनीषा असफल भइन् र उनले तालमा हामफालेर आत्महत्या गरिन् ।

१६ वर्षीय सुरेशले एसएलसी परीक्षामा ८० प्रतिशत अंकको आशा गरेका थिए, तर उनको ६५ प्रतिशत अंक मात्र आयो । साथीभाइ तथा नातेदारले कुरा काट्छन् भन्ने डरले उनी मानसिक तनावको सिकार भए । अन्तमा उसलाई मनोचिकित्सककहाँ पुऱ्याउनुपऱ्यो ।

प्रत्येक वर्ष एसएलसीको परीक्षाफल प्रकाशित भएपछि कयौँ दिनसम्म यस्ता खबर पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिमा आइरहन्छन् । हामीले असफलताको पनि सामना गर्न सिक्नुपर्छ । यस्तो बेलामा अभिभावकको दायित्व हुन्छ– आफ्ना छोराछोरीको हौसला बढाउनु । स्कुल कलेजको परीक्षाभन्दा पनि कयौं ठूल्ठूला परीक्षा जीवनमा आउँछन् । १५-१६ वर्षको उमेरमा आउने यो परीक्षा महत्त्वपूर्ण त हुन्छ, तर यो नै सबैथोक होइन । यसमा असफल हुनुको अर्थ जीवन नै समाप्त हुने पनि होइन ।

छामछायाजस्तै जीवनमा सफलता-असफलता आइरहन्छन् । असफलताको परिणाम सकारात्मक वा नकारात्मक दुवै हुन सक्छ । जीवनमा असफलता हात लागेपछि आत्महत्या गर्नु नकारात्मक परिणाम हो भने असफलताबाट निराश हुनुको सट्टा नयाँ जोशका साथ अघि बढ्नु सकारात्मक पक्ष हो । जीवनमा असफलताको पनि अनुभव लिनुपर्छ, जसले गर्दा हाम्रो जीवन चुनौतिपूर्ण बनोस् र केही गरेर देखाउने अठोट कायम होस् ।

यस्ता कयौं उदाहरण दिन सकिन्छ जसले स्कुल कलेजमा असफल भएर पनि बाहिरी संसारमा आफ्नो खास स्थान बनाए । २० औं शताब्दीका महान् नेता तथा इंग्ल्यान्डका पूर्वप्रधानमन्त्री बिन्सेन्ट चर्चिलले पढाइलेखाइमा कहिल्यै राम्रो गर्न सकेनन् । उनले आफ्नो पुस्तक 'माई अर्ली लाइफ' मा लेखेका छन्, 'मलाई परीक्षा ठूलो संकटजस्तो लाग्थ्यो । शिक्षकको रुचिको विषय मलाई नीरस लाग्थ्यो । उनले मलाई ल्याटिन, गणित पढ्न भन्थे तर मेरो रुचिचाहिँ इतिहास, कविता र निबन्ध लेखनमा थियो । जे मलाई आउँदैनथ्यो उनी त्यसकै परीक्षा लिन्थे । त्यसबाट मेरो अज्ञानता जाहेर हुन्थ्यो ।

रेडियो, ग्रामोफोन तथा बिजुलीका आविष्कारक थोमस अल्वा एडिसनलाई उनको स्कुलले मूर्ख मानेर निकालेको थियो । प्रिन्सिपलले एडिसनका आमाबुबासँग लिखित रूपमै गुनासो गरेका थिए कि उनको छोराको मस्तिष्कले काम गर्दैन । पछि गएर तिनै बालकले ५० हजारभन्दा बढी वैज्ञानिक प्रयोग गरेर विज्ञानजगतमा हलचल मच्चाइदिए ।

वाष्प इन्जिनका आविष्कारक जेम्स वाट बाल्यावस्थामा मन्द बुद्धिका बालक थिए । जेम्स कहिल्यै पढ्न सक्दैनन् भन्ने उनका स्कुल शिक्षकबीच धारणा बनिसकेको थियो, तर जेम्सले आफ्नो बाल्यकालको तमाम धारणालाई धज्जीमा उडाइदिए । जब बालक जेम्सभित्र लुकेको महत्त्वाकांक्षा बाहिर आयो तब पूरै संसारले उनको प्रतिभाको कदर गर्नुपऱ्यो ।

सापेक्षतावादको सिद्धान्त तथा E = mc2 सूत्र प्रतिपादन गर्ने महान् वैज्ञानिक अल्बर्ट आइन्सटाइनका आमाबुबालाई उनको शरीर र मस्तिष्कको विकासमा तालमेल नभएको देखेर दुःख थियो कि कतै यो बालक मन्द बुद्धिको त होइन ? तीन वर्षको भैसक्दा पनि बालक आइन्स्टाइनले बोल्न सिकेका थिएनन् ।

सन् १८९५ मा ईटीएच टेक्निकल कलेजको प्रवेश परीक्षामा आइन्स्टाइन असफल भएका थिए तर उनी निराश भएनन् । उक्त परीक्षामा उनले गणित, भौतिकशास्त्र र रसायनशास्त्रमा राम्रो अंक ल्याएका थिए, तर उनी जीवनशास्त्र, इतिहास, फ्रेन्च र ड्राइङमा असफल भएका थिए । प्रिन्सिपलले जब आइन्स्टाइनको गणित, भौतिशास्त्र र रसायनशास्त्रको अंक हेरे अनि उनी निकै प्रभावित भए र आइन्स्टाइनलाई सल्लाह दिए कि उनले कुनै अर्को विद्यालयमा प्रवेश लिएर माध्यमिक परीक्षा उत्तीर्ण गरून्, जसले गर्दा उनलाई कुनै प्रविधि कलेजमा प्रवेश मिलोस् । आइन्स्टाइनले त्यसै गरे, उनले ज्युरिखभन्दा ३ माइल टाढा आराऊको माध्यमिक विद्यालयमा प्रवेश लिए र माध्यमिक परीक्षा राम्रो अंकले पास गरे ।

प्रसिद्ध अंग्रेजी उपन्यास 'द इंगलिस टिचर' का लेखक तथा साहित्यकार आर.के. नारायणका बारेमा धेरै कम मानिसलाई थाहा छ– उनी युनिभर्सिटीको परीक्षामा अंग्रेजीमा असफल भएका थिए तर कलेजको यो असफलताले उनको भावी जीवनमा कुनै असर गरेन ।

विश्वप्रसिद्ध साहित्यकार अर्नेस्ट हेमिङ्वे स्कुलको कथालेखन प्रतियोगितामा पुरस्कार नपाएपछि रुन थाले । उनकी दिदीले हेमिंग्वेलाई सम्झाउँदै भनिन्- एक महिनाको कामलाई दुई दिनमा पूरा गर्न खोज्छौ भने कसरी सफल हुन्छौ ? उनले आफ्नी दिदीको कुरालाई मन्त्रका रूपमा लिए । पछि गएर हेमिङ्वेले नोबेल पुरस्कार पाए ।

नेपोलियन बोनापार्टको नाम कसलाई थाहा छैन ? उनी विद्यार्थी जीवनमा मूर्ख र मन्द बुद्धिका मानिन्थे । आफ्नो कक्षामा उनको ४२ औं स्थान आउँथ्यो । नेपोलियन सानो कदका थिए । त्यसैले बाल्यकालमा उनलाई आफूप्रति घृणा लाग्थ्यो तर नेपोलियनले आफ्नो तेज दिमाग र बहादुरीको बलमा कैयौं राज्यको भाग्य बदलिए ।

स्कुल कलेजको १-२ असफलताबाट निराश भएर कसैले आफ्नो मनमा अब जीवनमा केही गर्न सकिँदैन भन्ने धारणा बनाउनु हुँदैन । माथि उल्लेखित महापुरुषहरूको जीवनमा पनि असफलता आएको थियो, तर उनीहरूले हार मानेनन् बरु दोब्बर जोसका कारण प्रयास गरेर सफलता प्राप्त गरे । अतः सफलताका लागि आफैंले योजना बनाउनुपर्छ र त्यसमा अडिग रहनुपर्छ ।

वास्तवमा विद्यार्थी जीवनमा एकपटक मात्र आउने प्रवेशिका परीक्षा महत्त्वपूर्ण हुन्छ, तर यो परीक्षामा धेरै राम्रो अंक प्राप्त गर्ने छात्रछात्राले भावी जीवनमा पनि राम्रै गर्छन् भन्ने पनि होइन र यो परीक्षामा असफल हुने छात्रछात्रा आफ्नो जीवनमा सधैं नै पछि पर्छन् भन्ने पनि छैन । वास्तविकता के हो भने त्यस्ता विद्यार्थी औंलामा गन्न सकिन्छन् जसले विद्यार्थी जीवनमा चम्केर भावी जीवनमा पनि सफलता पाए, तर असफलताबाट निराश भएर आत्महत्या गर्ने छात्रछात्रा आफ्नो अमूल्य जीवन गुमाउँछन् । यस्तो निर्णय कहिल्यै लिनु हुँदैन । आफ्नो पढाइ मन लगाएर गर्नुपर्छ । यदि असफलता नै हात लाग्यो भने पनि बेटर लक नेक्स्ट टाइम भनेर फेरि तयारीमा जुट्नुपर्छ ।

हाम्रो जीवनमा असफलता कयौं रुपमा र कयौं मोडमा आउँछन् । विद्यार्थी जीवनमा आउने असफलता यसको एउटा सानो भाग मात्र हो । स्कुल कलेज जीवनमा प्राप्त हुने असफलताको कारण स्पष्ट छ । वास्तवमा, विद्यार्थीको रुचि केही फरक हुन्छ, उसको ध्यान अर्कैतिर हुन्छ, तर उसमाथि अर्कै विषयको बोझ लादिन्छ, फलस्वरुप असफलता नै हात लाग्छ । असफलताका कारणहरूलाई विश्लेषण गरियो भने यसमा एउटा मुख्य कारण घरको दबाब पनि हुन्छ ।

**– श्यामकुमार सिंह**




# दुर्घटना भयो भन्दैमा गाडी चल्नै दिन्नँ भन्नु मुर्खता हो

पृष्ठ ५ बा जारी

बजेट दिने सरकार हो, अहिले पनि धेरै कुरा शिक्षा मन्त्रालयसँग समन्वय गरेर काम गर्नुपर्छ । त्यसकारण यो स्वायत्त संस्था होइन । केही काम भने हामीले स्वतन्त्र रूपमा गर्न पाएका छौं । यो त्रिभुवन विश्वविद्यालयजस्तो स्वतन्त्र हुन विशेषज्ञहरू चाहिन्छन्, शिक्षकहरू चाहिन्छन् । हामीले प्राज्ञिक रूपमा केही गर्न सकिरहेका छैनौं । यो हाम्रो बाध्यता हो ।

**यसपटक करिब ३ लाख विद्यार्थी प्लस टु मा भर्ना हुँदैछन्, उनीहरूको भविष्य अप्ठ्यारोमा छ भन्ने लाग्दैन ?**

यदि प्राइभेट सेक्टरमा जाने विद्यार्थीको कुरा गर्नुहुन्छ भने हामीले राम्रोसँग उनीहरूलाई वाच गरिरहेका छौं । हामीले सम्बन्धन दिएको हुनाले उनीहरूको क्रियाकलापमा हाम्रो चासो रहन्छ । उनीहरू जुन किसिमले मेहनत गर्छन्, त्यसले विद्यार्थीको भविष्य नराम्रो हुन्छ भन्न मिल्दैन । उनीहरू नराम्रा विद्यार्थी लिदै लिँदैनन् । लिइहाले पनि अन्तिम अवस्थासम्म मेहनत गराउँछन् । चाहे रटाएर होस् वा अन्य तरिकाले । जहाँसम्म सामुदायिक उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको भविष्यको प्रश्न छ, हामी यसमा विवश छौं । स्थानीय विद्यालयमा पठाउने शिक्षक नै प्लस टुको शिक्षक हुने भएकाले सोचेजस्तो परिणाम ल्याउन सकिएको छैन ।

**यसको जिम्मेवारी कसले लिने, किनभने तपाईंको चासो त्यही ग्रामीण क्षेत्रमा पर्नुपर्ने होइन र ?**

यदि सत्य कुरा गर्ने हो भने गाउँमा रहेका सामुदायिक विद्यालयमा को अध्ययन गर्छन् ? पहिलो बुहारी, स्थानीय खेती वा किसान गर्ने अति गरिबका छोराछोरी वा गाउँमै बस्नुपर्ने बाध्यता भएका एक दुई विद्यार्थी । नत्र आजभोलि अलिकति खर्च गरेर भए पनि सहरका प्राइभेट कलेजमै पढ्न जान्छन् । हाम्रो चासो ती विद्यार्थीतिर त छ, तर मैले भने हामीसँग क्वालिटी शिक्षक छैनन् । उनीहरू हाम्रा शिक्षक नभएका कारणले कुनै पनि कुरामा हामीले जोर जबरजस्ती गर्न मिल्दैन ।

**कक्षा ११ मा भर्ना भएको ठूलो संख्या कक्षा १२ मा भर्ना हुँदैन । यो समस्या बढी गाउँमा देखिएको छ, यसप्रति पनि तपाईंहरू उदासीन देखिनुभएको छ नि ?**

सामुदायिक प्लस टु पढ्ने युवतीहरू विवाह गरेपछि अर्को गाउँमा जान्छन्, अर्को वर्ष उनीहरूको पढाइ छुट्छ । केही युवा ११ मा भर्ना भए पनि १२ कक्षा नपुग्दै वैदेशिक रोजगारीमा पुग्छन्, केही सहर पस्छन् । खेती किसान गर्नुपर्ने भएपछि उनीहरू कलेज आउन नसक्नु बाध्यता हो । यसमा हामीले जन चेतना जगाउनेबाहेक केही गर्न सक्ने अवस्था छैन ।

**प्लस टु मा चिट चोरेर उत्तीर्ण हुनेहरूको संख्या पनि बढ्दै गएको छ, यो त लाजमर्दो कुरा भएन र ?**

आमा बुवा नै छोरा-छोरी जसरी पनि उत्तीर्ण होस् भन्ने चाहन्छन् । विद्यालयमा प्रहरी त पठाउँछौं, तर उनीहरूले गाउँमा धम्की खानुपर्ने अवस्था छ । अहिलेको अवस्थामा कोही पनि दुस्मनी मोल्न चाहँदैनन् । यसका लागि पनि जनचेतनाकै आवश्यकता छ । चिट चोरेर उत्तीर्ण भएको विद्यार्थी कहीं पनि बिक्री हुँदैन, पढेर बेरोजगार हुनु राम्रो होइन भन्ने कुरा बुझाउन नसकी समस्या समाधान हुँदैन ।

**उच्च माध्यमिक शिक्षा परिषद्ले ५ प्रतिशत छात्रवृत्तिको व्यवस्था गरेको छ भन्ने सुनिन्छ, तर जसका लागि यो व्यवस्था गरिएको हो, उनीहरूले यसको फाइदा उठाउन सकेका छैनन् । बरु हुनेखानेका सन्तानहरूले यसको दुरुपयोग गरे भन्ने कुरा आइरहेको छ, के भन्नुहुन्छ ?**

मैले पनि केही गुनासो सुनेको छु । यसलाई व्यवस्थित गर्न छात्रवृत्ति पाएका विद्यार्थीहरूको नामावली उनीहरूका बुवा-आमाको नामसहित पत्रिकामा प्रकाशन गर्ने व्यवस्था मिलाउनुपर्छ । यदि हुनेखानेका छोराछोरी त्यहाँ परे भने तपाईंहरूले नै समाचार लेख्न सक्नुहुन्छ । मैले यो कुरा लागू गर्न आफ्नो कार्यालयमा दबाब दिइरहेको छु । पोहोर पनि सुनुवाइ भएन । आशा छ यसपटक लागू हुन्छ कि ?

**सहरका प्रतिष्ठित कलेजहरूले आफ्नो कलेजलाई टप टेनभित्र पार्न विभिन्न हत्कण्डा अपनाउने गरेका छन् । तीमध्ये तपाईंहरूलाई प्रभावमा पारेर लामो अवधिसम्म एउटै कलेजमा परिक्षा सेन्टर बनाउने, तिनै शिक्षकलाई गार्ड राख्ने गरेको पाइन्छ, के भन्नुहुन्छ ?**

यो गलत आरोप हो । म दुई वर्षअघि मात्र यहाँ आएको हुँ । म आउनेबित्तिकै यी कुरा परिवर्तन गरेको छु । यदि कुनै बाँकी छन् भने यसपटक त्यो पनि परिवर्तन गर्छु ।

**गत वर्ष परीक्षाको कापी हराउने शिक्षकलाई कारबाही भएन भन्ने गुनासो छ । त्योभन्दा ठूलो कुरा कापी बोकेर घर जाने परम्परा पनि अन्त्य भएको छैन, यो त ठूलो लापरवाही भएन र ?**

जसले कापी हराउनुभयो, उहाँ उच्च माध्यामिक शिक्षा परिषद्को शिक्षक हुनुहुन्नथ्यो । त्यसैले कापी जाँच्न नदिनेबाहेक अरू विभागीय कारबाही गर्ने अधिकार हामीसँग छैन । रह्यो घर लगेर कापी जाँच्ने कुरा, ११ र १२ गरेर हामीसँग ६ लाखभन्दा बढी कापी हुन्छ । हामीसँग शिक्षक नभएपछि अरूलाई जाँच्न दिनुपर्छ । उहाँहरूले हाम्रो कार्यालयमा बसेर कापी जाँच्न अस्वीकार गर्नेबित्तिकै हाम्रा सबै काम प्रभावित हुन्छ । एकपटक गाडी एक्सिडेन्ट भयो भन्दैमा गाडी नै चल्न दिन्न भन्नु मुर्खता हो। त्यसैले हामीले पोको बेरेर होइन कि झोलामा बोकेर घर लान दिएका छौं ।

**प्लस टुका पुस्तक भनेर जुनसुकै प्रकाशनगृहले पनि पुस्तकहरू बेचिरहेका छन् । एकरूपता नहुँदा र क्याम्पसले फलानो प्रकाशन गृहकै पुस्तक किन भनेर दबाब दिदा विद्यार्थीलाई मार्का परिरहेको छ, तपाईंहरू किन चुप लागिरहनुभएको छ ?**

पाठ्यपुस्तकमा समस्या आयो भनेर हामीले प्रकासकले १० हजार तिरेर निवेदन दिएपछि रिफ्रेन्स बुकका रूपमा उनीहरूको नाम राख्न थालेका छौं । यद्यपि ती पाठ्यपुस्तक होइनन्, रिफ्रेन्स बुक मात्र हुन् । हामी आफैले पाठ्यपुस्तक निकाल्न थालिसकेका छौं । यसपटक साझा प्रकाशनबाट नेपाली विषयको पुस्तक निस्कँदैछ । अरू विषय क्रमशः निकाल्दै जाने योजनामा छौं ।

**लामो कुराकानी गरिसकेपछि के लाग्छ भने उच्च माध्यमिक शिक्षा परिषद्मा समस्या धेरै छन् । त्यसबाहेक यहाँबाट विद्यार्थी उत्तीर्ण भए पनि केही अपवादबाहेक बेरोजगार नै हुने देखिन्छ, होइन ?**

पत्रकारिता, होटल म्यानेजमेन्टजस्ता केही विषयबाहेक यो भोकेसनल शिक्षा हुन सकेको छैन । रोजगारीतर्फ उन्मुख गराउने हो भने सिटिइभिटी जस्ता संस्थालाई बढी सक्रिय बनाउनुपर्छ । एउटै संस्थाले भोकेसनल र आधारभूत शैक्षिक कार्यक्रम दिन सक्दैन ।

● अश्विनी कोइराला/विदुर खतिवडा

## नेपाली शैक्षिक क्षेत्रमा नयाँ प्रयोग ल्याउदै U2

फलामे ढोकाको संज्ञा पाएको एस एल सी परिक्षा पछि के गर्ने, के पढ्ने भन्ने अन्योल सदा रहँदै आएको छ। प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू विज्ञान, द्धितीय श्रेणीमा उत्तीर्णहरु व्यवस्थापन तथा मानविकी विषयहरु पढ्नैपर्छ भन्ने जस्तो प्रचलित मान्यता रहि आएको छ । १६-१७ वर्षका विद्यार्थीहरु स्वयंले आफ्नो लागि बिषय छनोट गर्ने कुनै आधारहरु सहज उपलब्ध छैनन् । त्यसैले समयमा यथोचित सल्लाह नपाउँदा धरै विद्यार्थीहरु संकाय परिवर्तन मै अल्मलिएर प्रंमाणपत्र संकलनमा सीमित रहेको प्रशस्त उदाहरण छन् । जसले गर्दा सीप बिनाको ज्ञान बोकेर केहि गर्न नसकि आफैंलाई निकृष्ट महशुस गरी जीवनभर आफैंसगं सम्झौता गरेर बस्नु परिरहेको धेरै दृष्टान्त हामी पाउँछौं।

हाल विद्यमान शिक्षा प्रणालीले बेरोजगार उत्पादन गर्दछ भन्ने गुनासो धेरै ठाउँमा सुनिदै आएको छ । विद्यमान मूल्याङ्कन प्रणाली प्रति पनि धेरैले गुनासो गर्ने गरेका छन्। यी सबको कारण विद्यार्थीले यथोचित परामर्शको अभावमा साथी भाईहरुको लहैलहैमा या अभिभावकहरुको दवाबका कारण बिषय छनोट गर्नुर फलस्वरुप आफ्नो क्षमता तथा दक्षता अनुरुपको शिक्षा प्राप्त गर्न नसक्नु हो। विद्यार्थीको गुण के हो, दक्षता के कुरामा छ र उसको रुचि के छ भन्ने थाहा पाएर सोही अनुरुपको बिषय चयन गर्न सकेमा मात्र विद्यार्थीले राम्रो नतिजाका साथ आफ्नो भविष्य बनाउन सक्दछ।

बिश्वका विभिन्न मुलूकहरुले उच्च शिक्षाको खुड्किलोको रुपमा विद्यार्थीको क्षमता, रुचि र स्तर मूल्याङ्कनका बिभिन्न उपायहरु अपनाएका छन् । नेपालको सन्दर्भमा प्रवेशिका परीक्षा (SLC)भने जस्तै अमेरिकामा स्कल्यास्टिक एप्टिट्यूड टेष्ट(SAT) तथा साईकोमेट्रीक ईन्ट्रान्स टेष्ट (PET) लाई मान्यता प्रदान गरिएको छ। साइकोमेट्रिक टेष्टले व्यक्तित्व, धारणा, सीप, दक्षता तथा ज्ञानको स्तर मूल्याङ्कन गर्ने हुनाले यस मूल्याङ्कन बिधिलाई विस्वशनिय बिधिका रुपमा लिईन्छ। संसारभर उपलब्ध अन्य परिक्षाहरुको तुलनामा यी उल्लेखित परिक्षालाई बिद्यार्थीको बहुआयामिक मूल्याङ्कनका लागि बिशेष मानिन्छ। अन्य मूल्याङ्कन बिधिहरुको तुलनामा यी परीक्षाहरुले बिद्यार्थीको रुचि, संबेगात्मक तथा बौद्धिक स्तर र शैक्षिक स्तरको मूल्याङ्कन राम्रो गर्नसक्छ भन्ने मान्यता छ । साइकोमेट्रिक टेष्ट विश्वका धेरै मुलुकहरुमा कर्मचारी छनोटका लागि पनि प्रयोगमा ल्याइएको पाइन्छ । हाल विश्वभर यस मूल्याङ्कन बिधिलाई बिभिन्न प्रयोजनका लागि प्रयोग गरिंदै आएको छ । हुन त PET तथा SAT परीक्षा केहि अन्य प्रयोजनमा ल्याइन्छ तर यी परीक्षाहरुको मूख्य उद्देश्य भने ब्यक्तिको मानसिक, बौद्धिक तथा शैक्षिक स्तरको पहिचान गर्नुनै हो।

नेपालमै पहिलो पटक इन्फिनिटी एजुकेटर्स् ग्रुपको U2 (+2 Education), सरस्वति नगर मार्ग, चावहिलले साइकोमेट्रिक ईन्ट्रान्स्टेष्टलाई विद्यार्थी चयनका लागि प्रयोगमा ल्याउने भएको छ। नेपालमा यस प्रकारको परीक्षण बिधि प्रवेश परीक्षाका रुपमा यस अघि सम्म प्रयोगमा ल्याइएको छैन। यसबाट बिद्यार्थीको सम्पूर्ण शैक्षीक तथा गैह्र शैक्षिक आयामका बारेमा थाहा पाई उत्कृष्ट नतिजा प्राप्त गर्न सकिन्छ । यसका अलावा उक्त कलेजले SAT परिक्षाका लागि पनि बिद्यार्थीलाई तयार गर्नका लागि बिशेष कक्षाको समेत प्रबन्ध गरेको छ । संसारभर मान्यता प्राप्त यस किसिमको मूल्याङ्कन बिधिको प्रयोगले नेपाली बिद्यार्थीहरुलाई बिश्वस्तरको शिक्षाको लागि तयार गर्दछ । यसका अतिरिक्त U2(+2 Education) ले नेपालमै पहिलो पटक Teaching Working Methodology को प्रयोग गर्नेभएको छ । जस अन्तर्गत बिद्यार्थीले सोही कलेजमा आफ्नो क्षमता अनुशारको काम गरी वास्तविक जीवनमा आइपर्ने चुनौतीका लागि तयार गर्नेछ।

सामान्य सिद्धान्त अनुसार शिक्षाको उद्देश्य सबल तथा सक्षम जनशक्ति उत्पादन गर्नु हो । तर हाल प्रचलनमा रहेको शिक्षा पद्दतिले अर्धदक्ष जनशक्ति मात्र उत्पादन गरिरहेको छ । नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि दक्ष जनशक्तिको ठूलो खाचो छ। जसलाई पुरा गर्नका लागि शिक्षा प्रणालीमा तत्काल केहि पीरमार्जनको आवश्यकता छ । कक्षा कोठामा शिक्षकले भनेका कुरा कापीमा सारेर परीक्षामा हुबहु लेखेको भरमा उत्तिर्ण हुने संस्कारको अन्त्य जरुरी छ। यी कुराहरुमा परिवर्तन गरेमा मात्र वास्तविक अर्थमा देशको लागि आवश्यक दक्ष जनशक्ति देश मै उत्पादन हुन सक्छ। यसका लागि इन्फिनिटी एजुकेटर्स् ग्रुप U2(+2 Education) कलेजले बिद्यार्थीहरुलाई बिषय छनोटको अन्योलबाट जोगाउन विश्व स्तरीय परीक्षण प्रणाली अबलम्बन गर्नुका साथै बिद्यार्थी लाई भविष्यको लागि तयार गर्न पढाइ सिकाइ Teaching Working Methodology का साथ साथै वास्तविक जीवनमा आइपर्ने ब्यवसायिक तथा व्यवहारिक चुनौतीलाई सामना गर्न सक्षम बनाउन तलवी काम समेत दिने कार्यक्रम अघि सारेको छ। यसबाट बिद्यार्थी, अभिभावक तथा कलेज सबैलाई लाभ हुने प्रष्ट छ।

ADVT.


पिनाकल एकेडेमी उ. मा. वि.

लगनखेल, ललितपुरको

कक्षा ११ को प्रवेश परिक्षा सम्बन्धि सूचना !!

यस कलेजमा कक्षा ११ मा शैक्षिक शत्र २०६७/२०६८ को लागि **विज्ञान, व्यवस्थापन** र **मानविकी** संकायहरुमा नयाँ भर्नाको लागि आवेदन फारम वितरण भईरहेको जानकारी गराउँदछौं ।

प्रवेश परिक्षा : २०६७ अषाढ ३१ गते

पिनाकल एकेडेमी उ. मा. वि.
लगनखेल, ललितपुर
फोन नं. : ५५४४०२३, ५५२४७२३, ५५४४०२४



British Army को Pre-Training मा
Singapore Police अब अन्तिम भर्ना (१० सिट मात्र बाँकि)!!!

☞ Physical Training को लागि स्वच्छ वातावरण भएको Open hall मा थकाइ महसुस नहुने गरी Music को साथमा Training गराइन्छ

☞ A/C भएको Computer Lab मा आधुनिक Methodology मा आधारित Education Classes by K.B. Gurung/ Anthony (उहाँहरु Highly Qualified / Experienced हुनुहुन्छ )

☞ Interview को लागि D.R.O/A.R.O हरुद्धारा सोधिने Questions को पर्याप्त अभ्यास गराइने





K.B.Gurung (Edu. Instructor) भर्ति भएका Recruits को साथमा

Candidates को Pre-Test लिई भर्ति हुने सम्भावना भएका लाई मात्र Training मा Admission लिइन्छ। यसको लागि Mobile No. 9851072327 (K.B. Gurung) वा 9841713236 (Gajen Gurung) संग सम्पर्क गरी आफ्नो नाम दर्ता गराएर सम्पूर्ण Documents लिइ तल उल्लेखित ठेगानामा आउनुहोस्।

British (Gorkha) Vision International Pvt.Ltd.
Maharajgunj-4,Sankhapark ,Kathmandu (शंखपार्क गेटको ठिक अगाडी), चप्पल कारखाना सगैंको घरको तेस्रो तल्ला

Note: British Army/ Singapore Police को लागि K.B. Gurung द्वारा लिखित Book यहाँ उपलब्ध छ

# एसएलसीपछिको गन्तव्य

एसएलसी उत्तीर्ण भएपछिको उच्च शिक्षाको यात्रामा सधैं प्रायः विद्यार्थीमा अन्यौल देखिन्छ। उसले कुनै माध्यमबाट सही समाधान पाउन सकिरहेको हुँदैन्। 'विज्ञान त्यसमा पनि फिजिक्स, बायोलोजी वा म्याथ कुन रोज्ने ? बायोलोजी त युवतीहरूले पढ्ने विषय हो। फिजिक्स पढौं, डाक्टर नबन्ने पक्का, व्यवस्थापन संकायको अहिलेको लहर। व्यवस्थापन अध्ययन गरेका हजारौं जनशक्ति बेरोजगार भएका उदाहरण पनि उत्तिकै छन्। बैंक, वित्तीय संस्था तथा राष्ट्रिय बहुराष्ट्रिय कम्पनीमा सधैं अहिलेकै जस्तो अवसर पनि पाइन्छ भन्ने के ग्यारन्टी ? अन्त्यमा मानविकी, यो त अन्तिम विकल्प हो, नजान्ने विद्यार्थीहरूले रोज्ने संकाय।' उच्च शिक्षाको मोडमा यस्तै किसिमका विविध प्रश्नले मस्तिष्कलाई तनावमा राख्छ। फेरि यतिबेला सल्लाह दिने पण्डितहरूको कमी पनि हुँदैन्। विद्यार्थीहरू आफ्नो रुचिको विषयमा भन्दा सल्लाह नै नमागेका पण्डितहरूको सुझावका कारण थप असमन्जसमा हुन्छन्। यस्तो अवस्थामा सबैको कुरा सुन्ने तर निर्णय आफैं लिनसक्ने क्षमता हुनुपर्छ। सबैको कुरा सुन्नु किन पनि आवश्यक छ भने, उनीहरूमध्ये कोही एक साँच्चै नै जानकार हुनसक्छ जसको सल्लाह विद्यार्थीका लागि लाभदायी हुनसक्छ। कुन स्ट्रीम छान्ने, जसको सही छनोटले सफलताको ढोका खुल्छ।

## विद्यार्थीको रुचि महत्त्वपूर्ण

जसले जे भनेर सल्लाह दिए पनि कुनै विषयप्रति विद्यार्थीको लगाव छ भने उसले त्यसका बारेमा सुनेका तमाम नकारात्मक कुरा बिर्सिएर आफ्नो रुचिको विषय नै छनोट गर्नुपर्छ। विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा वा भोकेसनल कोर्स नै होस्, सबैमा राम्रोसाग उच्च शिक्षा हासिल गर्ने व्यक्तिले जीवनमा सफलता पाउने निश्चित छ। विद्यार्थी आफ्नो रुचिको विषयमा स्पष्ट छ भने उसले त्यो विषयमा राम्रो गर्न सक्छ। विद्यार्थीले आफ्नो रुचिको विषय कुन हो भन्ने थाहा पाउन नसके, पछिल्लो परिणामको मार्कसिट हेरेर रुचिको विषय थाहा पाउन सकिन्छ। जुन विषयमा राम्रो नम्बर आएको छ, त्यो नै विद्यार्थीको रुचिको विषय हुन्छ।

## दुई विषयमा कन्फ्युजन भए के गर्ने

यदि दुइटा विषयमा कुन विषय छनौट गर्ने भनेर विद्यार्थीहरू अन्यौलमा छन् भने उनीहरूले दुइटा विषयमा प्रसस्त जानकारी हासिल गर्नुपर्छ। ती विषयमध्ये कुनमा धेरै अवसरको सम्भावना छ ? त्यस्तै दुई विषयमध्ये कुनै एकको के कुराले सो विषयप्रति विद्यार्थीलाई आकर्षित गरेको हो थाहा भए विषय छनौट गर्न सजिलो हुन्छ। दुई विषयसाग सम्बन्धित भविष्यका सम्भावनाहरूबारे जानकारी लिइयो भने त्यसबाट पनि भविष्यमा कस्तो किसिमको काम गर्न तपाईंलाई रुचि हुनेछ भन्ने थाहा पाइन्छ। त्यसपछि यो समस्या पनि सहजै हल हुन्छ।

## यदि निर्णय लिन सकिरहनु भएको छैन भने

कतिपय विद्यार्थीको हकमा भन्ने हो भने उनीहरू आफ्नो रुचिको विषय कुन हो भन्ने थाहा नपाएर संकाय वा विषय रोजाइमा अलमलमा हुन्छन्। यस्तो बेलामा साइकोलिजकल टेस्ट दिएर पनि रुचिको विषयका बारेमा जानकारी लिन सकिन्छ। मनोवैज्ञानिक परामर्शदाता वा क्यारियर काउन्सिलरहरूले साइकोलिजकल टेस्ट लिन्छन्। केही कलेजले यस्ता विज्ञहरू राखेका हुन्छन्। नभए विद्यार्थीहरूले विज्ञहरूको सम्पर्कमा गएर यो परीक्षण गर्न सक्छन्। साइकोलोजिकल टेस्ट विद्यार्थीको एप्टिच्युड टेस्ट पनि हो। जसले विद्यार्थीको रुचि सहजै पत्ता लगाउनसक्छ। अनलाइनमार्फत पनि साइकोलिजकल टेस्ट दिन सकिन्छ। यसबाहेक आफूले मानेको विज्ञ शिक्षकसँग राय लिन सकिन्छ। शिक्षकले विद्यार्थीको क्षमता जानेको भए उसले विद्यार्थीलाई क्षमताअनुसार यो विषय अध्ययन गर भनेर सल्लाह दिन्छन्।

## भविष्यको पनि ख्याल गर्नुपर्छ

कुनै संकाय रोजेर त्यसमा उच्च शिक्षा हासिल गर्ने बाटोमा अघि बढेका विद्यार्थीहरूले त्यो विषय अध्ययन गरेर भविष्यमा कस्तो कस्तो सम्भावना वा अवसर पाइन्छ भनेर अहिले नै जानकारी लिनुपर्छ। त्यतिमात्र होइन्, संकाय छनोट जत्तिकै महत्त्वपूर्ण कुरा राम्रो कलेज छनोट पनि हो। महँगो शुल्क तिर्दैमा राम्रो शिक्षा पाइने होइन्। भविष्यमा अध्ययन गर्न चाहने मेडिकल, इन्जिनियरिङ, सीएजस्ता विषय अध्ययनका लागि कहाँ गएर प्रवेश परीक्षा तयारी गर्ने, अध्ययन गर्ने भन्ने कुरालाई मध्यनजर गर्नुपर्छ। यसका लागि त्यो संकाय वा विषयका बारेमा सानो-सानो कुरा पनि जानकारी हासिल गर्नुपर्छ। जानकारीका लागि इन्टरनेटको प्रयोग गर्न सकिन्छ।

योभन्दा महत्त्वपूर्ण कुरा आफूले जुन संकाय वा विषयमा अध्ययन गरिँदैछ त्यसका बारेमा पढिरहेका विद्यार्थी वा त्यो विषय पढिसकेका विद्यार्थीसँगको अनुभव सेयरले पनि धेरै जानकारी मिल्छ। विषय वा संकायका बारेमा वास्तविक रुपमै जान्न यो भन्दा राम्रो अर्को उपाय छैन्। कुनै पनि विषयका बारेमा टाढाबाट हेर्दा अन्दाज गर्ने तरिका त्यसको गहिराइमा पुगेर भोगिने यथार्थ फरक कुरा हुन्, त्यसकारण पूर्वविद्यार्थीले त्यो भोगाइ नयाँ विद्यार्थीलाई बताउनेछन्।

## यदि पढाइमा मन छैन भने

संकाय रोजेर उच्च शिक्षा हासिल गर्नु एउटा विकल्प हो, तर जसलाई पढाइमा कम रुचि र अतिरिक्त क्रियाकलापमा बढी रुचि छ भनें उसले भोकेसनल कोर्स गर्नु राम्रो हुन्छ। नियमित अध्ययनका अतिरिक्त इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल वा अन्य कुनै विषयसाग सम्बन्धित रुचि भए आफ्नो नजिकको सहरमा उपलब्ध पोलिटेक्निक इन्स्टिच्युटमा सम्पर्क राखेर भोकेसनल कोर्स गर्न सकिन्छ। यदि चाँडै पैसा कमाउनुपर्ने बाध्यता छ भने पनि भोकेसनल कोर्स गर्नु राम्रो हुन्छ।

## नक्कलमा नलगाऔं अक्कल

यदि विद्यार्थी कसैबाट प्रभावित छ र उ जस्तै बन्न चाहन्छ भने ठीकै छ तर कसैको नक्कल गरेर उ जस्तै बन्ने अभिलाषाको नक्कलमा संकाय वा विषय छनौट गरेर उच्च शिक्षा हासिल गर्दा जोखिममा पर्न सकिन्छ। सबैमा क्षमता र रुचि फरक-फरक हुन्छ। कोही कुनै क्षेत्रमा सर्वश्रेष्ठ प्रदर्शन गर्न सफल भयो भन्दैमा त्यसको नक्कल गर्दैमा विद्यार्थी सफल हुनसक्दैन्। इमान्दार ढंगले आफ्नो क्षमता आकलन गरेर निर्णय लिनु नै राम्रो हुन्छ।

## मेडिकल, इन्जिनियरिङ बाहेक अन्य क्षेत्र

मेडिकल र इन्जिनियरिङ क्षमतावान विद्यार्थीका रोजाइका विषयमा पर्छन् भन्ने कुरामा दुईमत छैन तर यी दुई क्षेत्रबाहेक अन्य क्षेत्रमा क्यारियर विकास गर्न सकिँदैन भन्ने भ्रम भने नराखे हुन्छ। विश्वव्यापीकरणको आजको युगमा थुप्रै नयाा विषयहरूसँग सम्बन्धित दक्ष जनशक्तिको माग भैरहेको छ। जुन विषयहरू अध्ययन गरेमा विद्यार्थीले राम्रो क्यारियर भेट्टाउँछन्। होटल म्यानेजमेन्ट, एयरलाइन्स, बिजनेस म्यानेजमेन्ट, बिजनेस एडमिनेस्ट्रेसन, आमसञ्चार तथा पत्रकारिता, फेसन डिजाइनिङ, एस्ट्रोनोमी, एस्ट्रोलोजी, सिए, फिल्ममेकिङ, डेरी टेक्नोलोजी, कृषिजस्ता अनगिन्ती क्षेत्र छन्, जसमा राम्रो क्यारियर छ। त्यसैले मेडिकल र इन्जिनियरिङ अध्ययन गर्न नपाउँदैमा अवसर गुम्दैन।

## मानविकी छनौट गर्न किन असमन्जस ?

विद्यार्थीहरू जो अध्ययनमा मेधावी हुन्छन् उनीहरू विज्ञान लिएर उच्च शिक्षा हासिल गर्छन् भने औसत मेधावी विद्यार्थी व्यवस्थापन संकाय र कमजोर मानविकी संकायमा उच्च शिक्षा हासिल गर्छन्, तर यो पुरानो मान्यता भैसकेको छ। मानविकी अध्ययन गर्नेहरू सरकारी जागिरको प्रतिस्पर्धामा मात्र उपयुक्त हुन्छन् भन्ने कुरा अब गलत सावित भैसकेको छ। राम्रो शैक्षिक संस्थाबाट मानविकी संकायअन्तर्गत उच्च शिक्षा हासिल गरेकाहरूले विज्ञान लिएर अध्ययन गर्नेहरूभन्दा राम्रो रोजगारी पाएका छन्। समाजशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, द्वन्द्व व्यवस्थापन, ललितकला जस्ता विषयमा उच्च शिक्षा हासिल गरेकाहरूले गैरसरकारी संस्था तथा अन्य विभिन्न संस्थामा काम पाउँछन्। हाल नेपालको हकमा भन्ने हो भनें अर्थशास्त्रीले सबैभन्दा आकर्षक रोजगारी पाउँछन्। भाषा शिक्षामा अंग्रेजीमा स्नातकोत्तर गर्नेले बेरोजगार बस्नुपर्दैन्। यदि विद्यार्थीले एसएलसीमा ७० प्रतिशतभन्दा बढी स्कोर गरेर पनि उसलाई मानविकी संकायमा जाने मन छ भने उसले आफूलाई द्विविधामा नराखी त्यो विषयमा राम्रो गर्छु भनेर अघि बढ्नुपर्छ। यस्तो बेलामा दबाबमा आएर विज्ञान संकाय रोज्नु दुर्घटनाको सिकार बन्ने कारण हुनसक्छ। विद्यार्थीले मानविकी संकाय रोजे भनेर हिन भावना राख्नुहुँदैन् किनभने यो विषयमा पनि अवसरहरू उत्तिकै छन्।

## व्यवस्थापन संकाय जहाँ धेरै सम्भावना छन्

व्यवस्थापन संकाय अधिकाशं विद्यार्थीले रोज्ने संकाय हो। एसएलसीमा धेरै औसत विद्यार्थी उत्तीर्ण हुने भएकाले र औसत विद्यार्थीले व्यवस्थापन संकाय रोज्ने भएकाले पनि यो संकायमा धेरै विद्यार्थी भएका हुन्। व्यवस्थापन संकायमा उच्च शिक्षा हासिल गरेकाहरू व्यवस्थापकिय कार्यहरूका लागि दक्ष मानिन्छन्। बैंक, वित्तीय संस्था, राष्ट्रिय बहुराष्ट्रिय कम्पनी, विभिन्न संघ-संस्थाहरूमा व्यवस्थापनका दक्ष जनशक्ति आवश्यक मानिन्छन् तर विद्यार्थीले व्यवस्थापन संकायमा पनि राम्रो अध्ययन गरेर आफ्नो क्षमता प्रदर्शन गर्नुपर्ने हुन्छ। शिक्षाविद्हरूका अनुसार कतिपय विद्यार्थी सजिलोका लागि प्लस टुमा फाइनान्स नरोजेर मार्केटिङ रोज्छन्, जसले गर्दा उनीहरूले भविष्यमा फाइनान्सियल अर्गनाइजेसनमा कम महत्त्व पाउँछन्।

# शिक्षा सेवा कि व्यापार ?

प्लस टु शिक्षामा निजी क्षेत्रका कलेजहरूको पर्फमेन्स चर्चायोग्य छ। परीक्षा परिणामका आधारमा हेर्ने हो भने धेरै निजी प्लस टु कलेज उदाहरणीय देखिन्छन्। नियमित अध्ययन-अध्यापन एवं कडा अनुशासनले गर्दा प्लस टु शिक्षा विद्यालयकै स्वरूपमा सञ्चालन हुने गरेको छ। त्यसैले समग्र रूपमा प्लस टु शिक्षाका सकारात्मक पक्ष धेरै छन्। यद्यपि प्लस टु शिक्षामा विद्यार्थी तान्ने होडले गर्दा अहिले यो क्षेत्रमा पनि विभिन्न नाटकीय प्रस्तुति देखिन्छ।

एसएलसी परीक्षामा सर्वोत्कृष्ट स्थान ल्याउने विद्यार्थीलाई २० औं लाख रुपैयाँ तिरेर आफ्नो कलेजमा भित्र्याउने होड केही वर्षअघिसम्म थियो। बोर्डफस्टलाई भित्र्याएकै कारण सफल बनेका केही कलेजले अहिलेसम्म पनि त्यसकै ब्याज खाइरहेका छन्। बोर्डफस्टको नाम सार्वजनिक हुने चलन खारेज भएपछि यो खेल अहिलेलाई रोकिएको छ, तर प्रचारको त्यो शैली मन पराउनेहरूले अहिले पनि विभिन्न बहानामा आफ्नो प्रचार गर्न भने छोडेका छैनन्।

व्यापारिक उद्देश्य पूरा नहुँदा राजधानीका स्थापित कलेजहरू फुट्ने क्रम जारी छ। राम्रो मुनाफा हुने व्यवसाय भएकाले 'किन उसले मात्र कमाउने ? हामी पनि कमाऊ' भनेर कलेजहरू फुटेका हुन्। विद्यार्थी कम भएर चल्न गाह्रो परेका कलेज खरिद गरेर नाम परिवर्तन गऱ्यो, अनि आकर्षक नाम राखेर विद्यार्थी तान्ने खेल सुरु गऱ्यो, एक प्राध्यापक नाम उल्लेख नगर्ने शर्तमा भन्छन्- सामान्य आर्थिक अवस्थाका मानिस गाडी चढेर हिँड्न थालेका छन् भने आफैं विचार गर्नुहोस्, प्लस टु शिक्षामा कति मुनाफा छ ? पैसामा कुरा नमिलेकै कारण सञ्चालक समिति फुट्ने र अर्को कलेज खडा गरिन्छ।

कलेजहरूले राम्रा विद्यार्थीलाई छात्रवृत्ति दिने नाममा औसत विद्यार्थीसँग उसको र त्यो राम्रो विद्यार्थी दुवैको शुल्क असुल्ने गरेको ती प्राध्यापकले बताए। त्यतिमात्र होइन, मुनाफा राम्रै हुने हुँदा ब्रोसर र विज्ञापनमा पनि त्यत्तिकै खर्च गरिन्छ। अनुहार हेर्न ऐना नचाहिने जस्तो गरि टल्किने ती ब्रोसरको एक प्रतिको मूल्य नै करिब ५० रुपैयाँसम्म पर्छ, जुन हजारौं प्रति छापिन्छ।

## प्लस टु र विद्यार्थी

वर्ष २०६६ को कक्षा ११ सञ्चालनका लागि २ हजार ५ सय १० उमाविले उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन पाएका थिए, जसमा सामुदायिक उच्च माध्यमिक विद्यालय (१-१२) १ हजार ७ सय ७० छन्। त्यस्तै निजी उमावि (१-१२) को संख्या ४ सय ४५ छ भने जीरो प्लस टु १ सय ६० र १ सय ३५ क्याम्पसले प्लस टु कार्यक्रम चलाएका छन्। यो वर्ष पनि परिषद्ले ५ सयभन्दा बढी कलेजलाई सम्बन्धन दिने तयारी गरिरहेको छ। बर्सेनि एसएलसी उत्तीर्ण विद्यार्थीको संख्या बढ्दै गएकाले तथा त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह पनि लगभग विस्थापित भैसकेकाले सम्बन्धन बढाउँदै लानुपर्ने स्थिति रहेको परिषद्का परीक्षा नियन्त्रक देवीप्रसाद बाराकोटी बताउँछन्। अहिलेको अवस्थामा ७ लाख ६० हजार विद्यार्थी परिषद्को प्लस टु कार्यक्रममा अध्ययनरत छन्। काठमाडौं उपत्यकामा मात्र ३ सय ६४ वटा उमाविले प्लस टु कार्यक्रम चलाएका छन्। त्यसमध्ये २ सय ५० उमावि काठमाडौंमा, ८५ उमावि ललितपुर र २९ उमावि भक्तपुरमा छन्।

## नाम परिवर्तनको होड

उच्च माध्यमिक शिक्षा परिषद्ले बर्सेनि प्रक्रियागत ढंगले सम्बन्धन दिँदै आए पनि शिक्षक तथा लगानीकर्ताको समूह मिलेर राम्रोसँग चल्न नसकेका पुराना उमावि खरिद गरेर आकर्षक नयाँ नाममा सञ्चालन गर्ने ट्रेन्ड पनि उत्तीकै छ। केही वर्षअघि नेरिक महिला उमावि अनामनगर- कोलम्बस उमावि, प्रोगेस उमावि धोविघाट- क्यारेबियन उमावि, एफडब्लु टेलर उमावि- गोल्डेनगेट, काठमाडौं सेन्ट्रल उमावि- माइलस्टोन, रोयल मोडल एकेडेमी- टाइम्स उमाविमा परिणत भएका थिए। नाम परिवर्तनको यो ट्रेन्ड अहिले पनि चलिरहेकै छ। नेसनल कलेज फर हाइयर एजुकेसन बालुवाटार- पेन्टागन, लर्ड बुद्ध उमावि- ट्रिनिटी, वर्ल्ड लिंक उमावि ट्रिटोनमा परिणत भएका थिए। यस्तै शुभश्री कलेज- नासा उमावि, शिखर बोर्डिङ- ओमेगा उमावि, सिद्धार्थ विद्यापीठ- ब्रिजवाटर इन्टरनेसनल स्कुल, प्रिन्सटन- नेसनल उमावि, काठमाडौं उमावि- टेक्सासमा परिणत भएका छन्।

## कस्तो कलेज छनौट गर्ने ?

- साथीभाइ कहाँ अध्ययन गर्छन् भन्ने भन्दा पनि स्तरीय अध्यापन कहाँ हुन्छ बुझ्ने।
- कलेजमा अध्यापन गराउने शैलीका बारेमा प्रारम्भिक कक्षा लिएर अनुमान गर्ने।
- कलेजमा अध्यापन गराउने शिक्षकका बारेमा जानकारी लिने।
- कुनै पनि प्लस टु कलेजको बारेमा बुझ्नु छ भने, त्यहाँ अध्ययनरत वा अध्ययन पूरा गरिसकेका विद्यार्थीहरू राम्रो माध्यम हुन सक्छन्।
- सुगम स्थलको कलेज छनौट गर्ने, जसले गर्दा समयको बचत होस्।
- कलेजको वातावरण शान्त हुनुपर्छ, भौतिक रूपमा साँघुरो तथा अति व्यस्त सडक छेउका कलेजमा अध्ययन गर्दा विद्यार्थीलाई असजिलो महसुस हुनसक्छ।
- आफू अध्ययन गर्ने कलेजको उत्तीर्णाङ्क दर हेरेर पनि कलेजको अध्यापनको स्तरीयता आँक्न सकिन्छ।
- आफूलाई रुचिकर विषयमा अध्यापन हुने कलेजको शैक्षिक कार्यक्रमसम्बन्धी पर्याप्त जानकारी लिने।
- राम्रो कलेजले विद्यार्थीलाई ध्यानमा राखेर भौतिक संरचना विकासमा त्यत्तिकै ध्यान दिएका हुन्छन्, त्यो बुझ्न सक्नुपर्छ।
- आफन्त एवं परिवारले चिनेको मानिसले भनेको भन्दैमा कलेजको जानकारी नै नलिई भर्ना हुनु हुँदैन।

## ● साप्ताहिक साथी ●



साथी नै जीवन हो, साथी नै प्रगतिको मार्ग हो भन्ने भावना भएका सन्तोष न्यौपाने २० वर्षका छन् । ट्राभल एजेन्सीमा कार्यरत सन्तोषले प्ल टु उत्तीर्ण गरेका छन् । गीत संगीतमा रुचि भएका सन्तोषलाई santoshneapane38@yahoo.com मा पत्रचार गर्न सकिन्छ ।



सबै क्षेत्रमा चासो राख्ने राजकुमार दाहाल नियमित पत्रिका पढ्छन् । कक्षा १२ मा अध्ययनरत राजकुमार रमाइलो स्वभावका भए पनि धेरै बोल्न मनपराउँदैनन् । भविष्यमा देशको असल नागरिक हुने चाहना पालेका राजकुमार होटल म्यानेजमेन्टको अध्ययन गरिहेका छन् । निस्वार्थ भावना भएका साथीको खोजीमा रहेका राजकुमारलाई ज्ञानकुञ्ज कलेज, बनेपा-५ मा पत्रचार गर्न सकिन्छ ।



विष्णु ढुंगेल 'माइकल' ५ फिट ६ इन्च अग्ला छन् । १९ वर्षीय ढुंगेल अंग्रेजी विषयमा स्नातक दोस्रो तहमा अध्ययनरत छन् । मिलनसार स्वभावका विष्णु साहित्य सिर्जना तथा समाजसेवाको क्षेत्रमा अभिरुचि राख्छन् । गहुँगोरो वर्णका विष्णु हालसम्म अविवाहित नै छन् । हाँसेर बोल्ने, जातीय विभेद नगर्ने, सहनशील तथा अरूको भावना बुझ्ने साथीको खोजीमा रहेका विष्णुलाई सोलुखुम्बु बहुमुखी क्याम्पस, सल्लेरी-५, सोलुखुम्बुमा पत्राचार गर्न सकिन्छ ।


Congratulation to our selected students in different Airlines in 2066 B.S.

The Pioneer Air Hostess Training Institute in Nepal




ADMISSION OPEN
for
Air Hostess & Flight Steward

AIR HOSTESS TRAINING INSTITUTE PVT. LTD.
AIRHOSTESS TRAINING INSTITUTE (P.) LTD.
NECO Complex-4th Floor, (Opp. BICC, Main Gate)
New Baneshwor, Kathmandu, Nepal
Ph# 478 3564, 204 2030 E-mail: ahti@wlink.com.np
www.airhostessnepal.com.np


## निष्ठुरी माया

कुरा कक्षा १२ मा पढ्दाको हो । म आफूसँगै पढ्ने युवतीलाई मन पराउँथें । मैले एसएमएस मार्फत प्रेम प्रस्ताव राखें तर उनले अस्वीकार गरिन् । कैयन एसएमएस उनको मोबाइलमा पठाएँ, कैयन पटक उनलाई विश्वास दिलाउने प्रयास गरें, तर उनले मलाई बुझ्ने प्रयास पनि गरिनन् । सायद म उनका लागि योग्य थिइनँ । पहिले त सुनेको मात्र थिएँ तर म आज आफै भोग्दै छु चोखो माया गर्नेहरू चोखो मायाको अभावमा छट्पटाई छट्पटाई मर्दा रहेछन् ।

मलाई थाहा छैन किन उनले मलाई अस्वीकार गरिन् । मलाई त अझै पनि विश्वास लागिरहेको छैन त्यो कालो दिन जुन दिन उनले मेरो हृदयदेखिको मायालाई अस्वीकार गरिन् । आज मेरो मन उनकै मायामा विक्षिप्त छ । म उनको मायाको अभावमा भित्रभित्रै सल्किरहेको छु । जिन्दगी सोचे जस्तो पनि त नहुँदो रहेछ । जिन्दगीमा सोचे र खोजे जस्तो भैदिएको भए सायद कसैले पनि कसैको यादमा तड्पिँदै आँसुको गहिराइमा डुबुल्की मार्नुपर्ने थिएन ।

**गोपाल**

## सम्झनाका छालहरू

बिहानको झिसमिसेमै म र साथी एउटा चिया पसलमा भेट भयौं । चियाको सुर्को तान्दै साथीले आफ्नो दिनचर्या बताउन थाल्यो । ऊ भन्दै गयो र म सुनिरहें । त्यही दिन मेरी साथी जो ललितपुरमा थिइन् ले मलाई आफनो मामाघरमा आउने निम्तो दिइन् । म पनि उनको मामाघरमा गएर उनका साथी एवं बहिनीहरूसँग घुलमिल भएँ ।

यसरी घुलमिल हुने क्रममा मलाई साथीकी बहिनी मन परिन् । उनी पनि मसँग नजिकिन थालिन् । त्यसपछि उनले मेरो मोबाइल नम्बर मागिन् । त्यो दिन मनभरि खुसी बटुली म आफ्नो घर फर्किए । साँझको नौ बज्दै थियो मैले उनलाई फोन गरें । उनी असाध्यै खुसी भइन् । मैले उनलाई मन पराइसकेको थिएँ तर भन्न सकिनँ ।

हामी दुईबीचको फोन सम्पर्क गहिरो हुँदै गयो । यही मौका छोपी उनलाई मैले आई लभ यु के भनेको थिएँ उनले सेम टु यु भनिहालिन् । म त खुसीले पागल जस्तो भएँ । उनीसँगको भेटमा कहिले हामी तपाईंबाट तँका पुग्यौं, थाहा भएन । न्यानो अँगालोमा बेरिएको पत्यै हुँदैनथ्यो तर आज थाहा भयो, यो संसारमा मजस्तो अभागी कोही पनि रहेनछ । सानैदेखि सँगै हुर्की पढेको मेरो साथीलाई हामबीचको सम्बन्ध थाहा भयो । उसले उनीसित चिनजान गरा न भन्यो । मैले पनि उसलाई उनको मोबाइल नम्बर दिई चिनाइदिएँ ।

उसले उनलाई फोन गर्न थालेछ । जसलाई म प्यारो साथी मान्थें, उसले उनलाई आफ्नो भावनामा डुबाएछ र मायामा फसाए छ अनि उनीहरूबीच गहिरो सम्बन्ध बन्न थाल्यो । मैले त दुधको साक्षी बिरालोलाई पो बनाएँछु । मैले कति प्रयास गरें उनलाई पाउन, कहिले फोन त कहिले एसएमएस तर उनले कहिल्यै प्रतिक्रिया जनाइनन् । मेरा सारा सपना चकनाचूर भए । मैले कैयन रात उनको यादमा बिताएँ । मेरो इच्छा उनलाई खुसी देख्नु थियो तर आज म स्वयम् आफैलाई नै बिर्सन थालें ।

**एकल यात्री**

## ● जीवनको गोरेटोमा ●



## ● सन्देश ●

पत्रमित्र एस र बी, हेमकर्ण, मौसम, गोपीलाल, ऋचा, दिवानीलगायत सबैमा धेरै-धेरै सम्झनाका साथमा मीठो माया । म कतै हराएको छैन, मेरो पुरानै नम्बर कन्ट्याक गर्नु ।

**कुसुम**

परीक्षा नियन्त्रण कार्यालय, त्रि.वि. बल्खुमा मेरो नाकबाट रगत बगेर बेहाल हुँदा सहयोग गर्ने धनी मनका दुई दिदी र दाइप्रति असाध्यै आभारी छु ।

**lovely.naren@yahoo.com**

कान्छु, जब दिनको सुरुवात हुन्छ यी नजरहरू तिमीलाई नै हेर्न तड्पिरहन्छन्, खोजिरहन्छन्, भौंतारिरहन्छन् अनि तिमीलाई कहिल्यै केही नहोस्, सुख-समृद्धि होस् भनी भगवान्सँग कामना गर्दै तिमीले देखे पनि नदेखे पनि तिम्रो दर्शनका लागि प्रतीक्षारत हुन्छु । तिमी व्यस्त छौ, तिमीलाई गाह्रो छ, थाहा छ तर पनि सधैंभरि देखिरहन पाए हुन्थ्यो झैं लाग्छ, के गर्ने ? तिमीलाई यसरी नै आँखाको नानीमा सजाइराख्नेछु, मुटुमाझ राख्नेछु । आशा गर्छु, तिम्रो आँखाको नानीबाट संसार हेर्न सकूँ ।



**एन.आर.**

शनिबार राष्ट्रिय सभागृहको कार्यक्रममा सिंढीमा सँगै बस्ने, सेतो सर्ट र नीलो जिन्स लगाउने अनि खुसी भएर हात मिलाउने चियरफुल मित्रसँग फेरि पनि मित्रताको हात मिलाउन चाहन्छु ।

**nohawn@nepalimail.com**

तिमी जहाँ छौ, जस्तो छौ खुसीसाथ रहनु । तिम्रा पाइलाले सफलता चुमून् । तिम्रो त्यो चन्द्रमाजस्तो अनुहारमा सधैं वहार छाइरहोस् ।

**नील**

निमालाई धेरै-धेरै सम्झना र न्यानो माया, यसैगरी अमृतालाई पनि सम्झना । पत्रको आदान-प्रदान भैरहोस् ।

**अमृत**


तु : आवश्यकता
International Project लाई
केही थप कर्मचारी आवश्यकता
योग्यता-SLC or +2 above
सङ्ख्या-9 Ladies/ 7Gents
तलब -10,500 + Saving Fund
URI | USI
01-6637290 | 9849195511
9841680647 | 9803437476
होस्टेलको सुविधा भएको नयाँ ठिमी, भक्तपुर | कलंकी, खशिबजार
नोट बुझ्न आउँदा Document अनिवार्य हुनुपर्नेछ ।



मुहार केश तौल उचाई स्तन
सम्वन्धी सम्पुर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं
(सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757

# जातीय आधारमा राज्य बनाउनु कति उपयुक्त हुन्छ ?

तपाईं दिने भए दिनुहोस्, म त दिन्नँ ।

**उज्वल झा (२३), सर्लाही**
जातीय राज्य दिने भए हामी दूध पोखरेलहरूलाई पनि छुट्टै राज्य चाहिन्छ नि ! हामीलाई पानी पोखरेलहरूसँग मिसाउन पाइन्न ।

**केदार पोखरेल (२१), दिक्तेल**
यसरी जातिलाई राज्य दिनुभन्दा त व्यक्ति-व्यक्तिलाई जग्गा दिनु राम्रो । त्यो जग्गाको राजा-प्रजा सबै उही । एउटा राज्यमा एकजना मात्र भए पछि समस्या पनि आउँदैन क्या ढुक्क !

**कल्याण चौधरी (२७), सप्तरी**
सम्पादकज्यू, तपाईं पनि अब यस्तै-यस्तै कुरामा कुरा राय बुझेर बस्नुहोस् ।

**कल्पना कार्की (२१), भोजपुर**
मलाई पनि एउटा राज्य नदिए भातै खान्नँ, लौजा ।

**पुष्कर गुरुङ (२२) वालिङ**
यो जनताले नबुझेको कुरा हो, राज्य हुने बित्तिकै खान लाउन पाइने होइन यसबाट विकास आउने पनि होइन ।

**फूलचन दास (२७), महोत्तरी**
यो मस्तिष्क खलबलिएकाहरूको माग हो ।

**प्रभु काफ्ले (१९)**
हुनैपर्छ नि, सधैं बाहुन, क्षेत्री र नेवारले मात्र खाने, अरूको चाहिँ पालो नआउने ?

**मानध्वज लिम्बू (२४)**
उपयुक्त हुँदैन, किनभने जातीय युद्ध हुनसक्छ ।

**हरिश अवस्थी (१८), महेन्द्रनगर**
सकारात्मक सोच र विकासका लागि हो भने ठीक छ नत्र भने हुँदैन ।

**दीपक गोतामे, गोंगबु, काठमाडौं**
नेपालमा स्याउँस्याउँ जातजातिहरू छन् । जातीय आधारमा राज्य बनाउने भए त मलाई पनि एउटा राज्य छुट्याइदिनुपर्छ ।

**कमला दाहाल (२२), सिन्धुली**
बनाउनु हुँदैन, किनभने देशका लागि मर्ने सहिदहरूको रगत खेर जान्छ ।

**जयप्रसाद धमला (१४), देवघाट**
यसरी राज्य बनाउनु बिल्कुल गलत कुरा हो । यति सानो देशलाई टुक्र्याउनु हुँदैन । एकजुट भएर यसलाई अझ बलियो बनाउनुपर्छ ।

**उपेन्द्र गोले (२६), च.पुर, रौतहट**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
२. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
३. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
४. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
५. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
६. राजनीति राम्रो कि समाजसेवा ? किन ?
७. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
८. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
९. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
१०. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?



## • यौन जिज्ञासा र समाधान •

**प्रश्न : मैले केही महिनाअघि जर्मन रिमेडिज कम्पनीको भिगोरा ५० एमजी तथा १०० एमजीको ट्याबलेट लिएको थिएँ र त्यसको प्रभाव पनि राम्रै थियो । अहिले पनि यो औषधी सेवन गरिरहेको छु । के यसको कुनै साइड इफेक्ट हुन्छ वा दिर्घकालमा केही असर पर्छ । यो औषधी महिलालाई ख्वाउँदा कुनै प्रभाव हुन्छ कि हुँदैन ? पूर्ण जानकारी दिए अभारी हुने थिए ।**

**– एम.**



डा. राजेन्द्र भद्रा

**उत्तर** : तपाईंको प्रश्नको जवाफ दिनुभन्दा पहिले पुरुषको लिङ्ग कसरी उत्तेजित हुन्छ भन्ने कुराको चर्चा गरौं । यौनसन्देश पनि हामीले इन्द्रियहरूबाट ग्रहण गर्छौं र त्यो मस्तिष्कसम्म स्नायुप्रणालीका नसाहरूबाट विद्युतीय तरंग वा रसायनहरूको माध्यमबाट मस्तिष्कसम्म पुग्छन् र त्यसलाई मस्तिष्कले अर्थ लगाएपछि हामीले थाहा पाउँछौं । यौन उत्तेजना हुने किसिमका सन्देशहरू प्राप्त भए व्यक्तिमा यौन उत्तेजना बढ्छ । व्यक्तिअनुसार कुन किसिमको सन्देश बढी यौन उत्तेजक हुन्छ भन्ने कुराचाहिँ फरक-फरक हुन सक्छन् । यसरी यौन उत्तेजित हुन थालेपछि लिङ्गका धमनीहरूबाट बढी मात्रामा रगत लिङ्गमा भएको उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिंगबाट रगत बाहिर निस्कने क्रम घट्छ र लिङ्ग कडा, मोटो र लामो हुन्छ । यसैलाई हामी लिङ्ग उत्तेजित भएको भन्छौं ।

**औषधीका बारेमा केही कुरा**

लिङ्ग उत्तेजनामा समस्या कायम रहे चिकित्सकसँग सम्पर्क राख्नुपर्छ जसले गर्दा समस्याको सही निदान र त्यसैअनुरूपको उपचार गर्न सकियोस् । अहिले चर्चामा रहेको भियाग्राका बारेमा त सुन्नुभएकै होला । भियाग्रामा सिल्डेनाफिल साइट्रेट नामक औषधी हुन्छ । तपाईंले उल्लेख गर्नुभएको औषधीमा भएको मुख्य तत्त्व पनि त्यही हो । लिङ्गको उत्तेजनामा कठिनाइ हुने व्यक्तिको उपचारका लागि प्रयोग गरिने भए पनि औषधी खाँदैमा स्वःस्फूर्त रूपमा अर्थात् आफसे आफ लिङ्ग उत्तेजित हुन्छ भन्ने होइन । यदि कुनै पुरुष यौनको दृष्टिकोणले उत्तेजित भए लिङ्गमा रगत भरिने क्रम सामान्य अवस्थामा भन्दा बढी हुन्छ । त्यसैले लिङ्गमा राम्रोसँग उत्तेजना आउँछ । यौनसम्पर्क सकिएपछि लिङ्ग पुनः पुरानै अवस्थामा फर्कन्छ ।

**कुनै नकारात्मक असर छ कि ?**

हृदयरोग भएका व्यक्तिहरूले अन्य बढी शारीरिक परिश्रम गर्नुपर्ने स्थितिमा जस्तै यौनसम्पर्क राख्दा पनि विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । विशेष गरेर हृदयरोगका लागि नाइट्रेट भएका औषधीको प्रयोग गर्ने व्यक्तिले यो औषधी प्रयोग गर्नु हुँदैन । अचानक रक्तचापमा कमी भएर ज्यान जोखिममा पनि पर्न सक्छ । हृदयरोग, रक्तचाप, कलेजो वा मृगौलासम्बन्धी खराबी भएका व्यक्तिले विशेष गरेर यो औषधीको सेवन गर्नुअघि विचार पुऱ्याउनुपर्छ । यी औषधी त्यसै बजारमा किनेर खानु हुँदैन, चिकित्सकसँग सल्लाह गरेर उनकै सल्लाहमा मात्र प्रयोग गर्नुपर्छ ।

त्यसैगरी यो औषधी यौनइच्छा वा क्षमता वृद्धि गर्ने एफ्रोडिजियाक वा हार्मोन भएको औषधी पनि होइन भन्ने कुरा बुझ्नु आवश्यक छ । त्यसैले तपाईंको लिङ्ग उत्तेजनासम्बन्धी सबै समस्यालाई समाधान नगर्न सक्छ । प्रयोगकर्तामध्ये कतिपयलाई टाउको दुख्ने, अनुहार रातो भएर आउने तथा पेटमा गडबडी हुनेजस्ता असरहरू देखिन सक्छन् । दृष्टि क्षमतामा नीलो र हरियो रंग छुट्ट्याउन नसक्ने, प्रकाशसँग बढी संवेदनशील हुने तथा धमिलो देखिनेजस्ता समस्या कसैकसैलाई हुनसक्छ । अति विरलै हुने भए पनि कसै कसैमा लिङ्गको उत्तेजना भए पनि पुरानै अवस्थामा नफर्किएर उत्तेजित अवस्थामा नै रहने हुनसक्छ । यदि यस्तो स्थिति ४ घण्टासम्म पनि निरन्तर कायम रहे तुरुन्तै चिकित्सकको मद्दत लिनुपर्ने हुन्छ, नत्र भने लिङ्गमा स्थायी रूपमै खराबी उत्पन्न हुन सक्छ ।

**औषधी किन प्रयोग गर्नुभएको होला ?**

यो कुरा पक्कै हो कि यौनसम्बन्धी कुरामा नयाँ प्रयोग गर्न सकियो भने यौनसुख प्राप्तिमा नयाँ आयाम थप्छ । यद्यपि यसको अर्थ यो होइन कि सोचविचार नगरी त्यसो गरियोस् । तपाईंले चिकित्सकको सल्लाहमा यो काम गर्नुभएजस्तो लागेन । तपाईंले पत्रमा आपनो लिङ्ग उत्तेजनामा कुनै समस्या भएको कुरा पनि उल्लेख गर्नुभएको छैन ।

**के महिलामा प्रभावकारी होला ?**

अहिले तपाईंले महिलाको यौन उत्तेजना बढाउने वा उनलाई सक्रिय गराउने औषधीको उपलब्धता अनि प्रयोगले हुने फाइदाका बारेमा निकै आकर्षक विज्ञापनहरू हेर्नुभएको हुनसक्छ । औषधी बनाउने कम्पनीहरूकै संलग्नतामा गरिएको एक अध्ययनले केही सकारात्मक कुरा देखाएको छ, तर यसको निष्पक्षतामा स्वाभाविक रूपमा प्रश्न उठ्ने नै भयो, त्यसैले अहिले ती अध्ययनले देखाएका सबै कुरामा विश्वास गरिहाल्नुपर्ने स्थिति छैन । यौनसम्पर्क गर्दा वा चलाएर उत्तेजित पार्दा योनि, भगोष्ठ तथा भगाङ्कुरको संवेदनशीलतामा कुनै परिवर्तन आउँछ कि आउँदैन भन्ने कुरा अध्ययनमा हेरिएको थियो । यौन उत्तेजनामा समस्या हुने महिलालाई फाइदा पुगेको पाइयो, तर यौनेच्छा नै कम भएका महिलामा एकदम कम सकारात्मक प्रभाव परेको देखियो । भावनात्मक वा मनोवैज्ञानिक कारणले यौन समस्यामा परेका महिलालाई कमै फाईदा पुग्ने देखिन्छ ।

Sildenafil citrate औषधीको अल्पकालीन वा दीर्घकालीन प्रभावका बारेमा महिलामा पुरुषको तुलनामा एकदमै कम अध्ययन भएकाले वास्तवमा यसै भन्न सकिने स्थिति छैन । अमेरिकी FDA ले यो औषधीको कुनै पनि रूप महिलालाई प्रयोग गर्न अनुमति दिएको छैन । महिलाका लागि भनेर अन्य औषधीको विकास गर्ने प्रयास भने जारी छ ।

अन्तमा, तपाईंलाई किन महिलालाई ख्वाउने सोच आयो, थाहा भएन । यदि उक्त महिला तपाईंले माया गर्ने व्यक्तिभित्र पर्नुहुन्छ भने यस्तो अनावश्यक जोखिम उठाउनुभन्दा उनको यौनसम्बन्धी कुरा तथा क्रियाकलापमा रुचि बुझेर त्यसैअनुरूप अघि बढ्नु श्रेयष्कर हुन्छ ।


पासहुनेनैगरी पढ्न आउनुहोस् ।
भर्ना खुल्यो - 2067
माध्यम: अंग्रेजी/नेपाली
PRIVATE/OPEN REGULAR Tuition & Coaching
SLC, PCL, +2, Bachelor & Master
गृहिणी/उमेर नाघेका/जागिर खाँदा खाँदै पढ्ने इच्छा भएका समेत बेलैमा शैक्षिक परामर्शसाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरूको प्रयासबाट छोटो समयमै पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
प्राइभेट एकेडेमी
पुतलीसडक, काठमाडौं, ✆ 01-4422105

आयुर्वेदिक पद्धती द्धारा दिर्घरोगको अचुक उपचार
हाडजोर्नी तथा नसा: सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी: ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग निःसन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड
काठमाडौं फोन : ४३७९०९६, ४३७४५४८

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, निःसन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

GOOD LOOKING १ दिनमा नै ५ ईन्च कम
100% Sliming & Physical center only for Ladies
हरवल पद्धति, विदेशि उपकरण, साईड इफेक्ट नभएको मोटोपना, बोसो हटाउन, अचुक दवाई 100 % ग्यारेण्टीका साथ स्लिम बन्ने अवसर
Slim, Beautyful, Young, Smart & Good Looking को लागि जिरो फिगर
१ महिनामा १५ के.जी. घटाउने 7 Diet
तौल घटाउने, स्लीम बनाउने, उचाई बढाउने, अनुहारको चायाँ, पोतो, चाउरीपना हटाउने, उज्यालो गोरो र कम उमेरको बनाउने, Young देखाउने, सुतकेरी पछि पेटमा देखिने चिरा चिरा मेटाउने, कपाल उमार्ने तेल, चुरोटको लतबाट छुटकारा, साथमा अक्यूलाईफ बाट स्वास्थ परिक्षण ।
Body Problem, Health, Pyshical Problem & Sexual Problem Male & Female
SEX PROBLEM ? Male & Female
४५ नाघेका महिला पुरुषमा देखिने उत्तेजना नहुने यौन आनन्द नहुने Long time को लागि अचुक उपचार
Before Afte
सेक्स पावर कोरियन स्प्रे Long Time को लागि र Rocky Jel मात्र रु. २१००/- जापनीज तेल ३००/-
२४ घण्टा भित्र घ्याली बाहिर डेलिभरी गरिनेछ ।
हेल्दी होम
हट लाइन ०१-४३५४९८५ ९७२१५२६१३५

आकर्षक व्यक्तित्व
Acupuncture, अक्प्रेसर, (VASTU) उपकरणहरु
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायाँपोतो, चाउरीपना हटाउन
• स्तन घटाउन, बढाउन, टाईटगर्न (Cream)
• YOKO (height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न handsum Up
• केश झर्न रोकी उमार्न (OIL)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्वकीय (belt)
Abking Pro Suna Belt Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha (आंगनमा)
9721319662, 9808272692

बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
अनुहारको दाग धब्बा पोतो हटाउने Dr. Japan - Rs.350/-
अनुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जाड-रक्सीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आयुर्वेदिक प्राकृतिक उपचार
केश झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
आस्था हेल्थ केयर
काठमाडौं, भाशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more ........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

सान्डा तेल
लिङ्ग मोटो लामो खडा गर्ने शीघ्रपतन रोक्ने No. 1 सान्डा तेल
चायाँ पोतो डण्डीफोर Wrinkle ग्यारेन्टी हटाउने क्रिम
स्तन सानो, ठूलो, टाईट गर्ने जेल .CAPSULE
गुप्ताङ्ग ग्यारेन्टी टाईट गर्ने .DROPS
मोटोपना घटाउने B-SLIM, बढाउने B.D.P.
H.T.H. नयाँ बसपार्क
9721539235, 9803436438
जस्तो सुकै यौन दुर्बलताका लागि Herbal Levitra
खुनी/बादी पाईल्स ग्यारेन्टी निकोपार्ने जडिबुटि चूर्ण

## ● तालुमा आलु ●



प्रकाश ओझा

'मेरो छोरो ठूलो भएपछि नेता बन्लाजस्तो छ'

'किन ? कसरी थाहा भयो ?'

'उसको बोल्ने शैलीबाट ? गफचैं मीठो-मीठो गर्छ तर अर्थचाहिँ नेताको जस्तो केही हुँदैन ।'

०००

जमुना दाइसँग छिमेकीले सोधे- 'तपाईंले गाउँमा भएको घर कतिमा बेच्नुभयो ?'

जमुना दाइ छिमेकीको छेउमा गएर कानेखुसी गर्दै भने, 'कुनै कुरालाई गोप्य राख्न सक्नुहुन्छ दाहालजी ?'

'सक्छु-सक्छु', छिमेकीले व्यग्र भावमा भन्यो– 'किन नसक्नु ?'

'हो म पनि सक्छु ।'

०००

'हाम्रा काका त लास्ट लोभी हुनुहुन्छ'

'किन ?'

'अस्ति काकाको छोरा राजुले एक रुपैयाँको डलर निलेको थियो । उल्टो पारेर झुन्डाएर के-के गरेर पैसा निकालेरै छोड्नुभयो ।

०००

गलत दिशाबाट हाँकेकोमा ट्राफिकले गाडी रोक्यो र लाइसेन्स माग्यो ।

'लाइसेन्स नमाग्नुस् हजुर, हतारमा थिए गल्ती भयो ,बरु यी लिनुस् एक बोतल रेड लेवल ।'

'तपाईं मलाई घूस दिन खोज्दै हुनुहुन्छ ?' ट्राफिक रिसायो

'घूस होइन हजुर, किनेको सम्झनुस् र एक बोतल लिएबापत दस रुपैयाँ दिनुहोस्, भैहाल्यो नि ।'

'ए त्यसो हो भने ठीकै छ, यी लिनुस् ५० रुपैयाँ र मलाई ५ बोतल दिनुस् ।'

०००

'यस पटकको भ्यालेन्टाइन डेमा मेरी गर्लफ्रेन्डलाई के उपहार दिऊँ यार ?'

'मेरो मोबाइल नम्बर दे न,' अर्को युवकले जवाफ दियो ।

०००

'तिम्री श्रीमतीले खाना कस्तो बनाउँछिन् ?'

यति मीठो बनाउँछिन कि !' साथीले उत्तर दियो– 'उनले दिएको खाना म कुकुरलाई दिन्छु अनि कुकुरले त्यो खाना बिरालोलाई दिन्छ ।'

०००

'आज बिहान एउटा विषालु सर्पले नेतालाई डस्यो ।'

'हे भगवान् ! अनि ?'


'विचरा एकछिन तड्पियो अनि मर्‍यो'

'नेता...?'

'होइन, सर्प ।'

०००

## ● कविता ●



### तिमी

सपनामा भेटें तिमीलाई सपनामै तन पाएँ
विपनामा खोजी हिंड्दा मायाप्रेमको धन पाएँ
हौ कि तिमी अप्सरा नै मिलेको त्यो जिउडाल
भीडमा आँखा जुध्यो सानु कति चाँडो मन पाएँ
फूलमा तिमी गुलाब हौ रातमा तिमी जून
तिमी छाउँदा जीवनमा नौलो नौलोपन पाएँ
बिजोग थियो जीवन तिमी आउँदा पूर्ण भो
प्रेमी बनी जिन्दगीलाई बुझ्ने मौका झन् पाएँ ।

**सागर पौडेल**

### अब रीतहरू

मरेर पनि बाँचेका मेरा प्रीतहरू
वेदना र आँसुले भरिएका छन् गीतहरू
कसरी बिर्सन सक्छु होला त्यो दिन म
आफूले हारे पनि उनले पाएका जितहरू
निर्मोहीले बाटो अन्तै मोडिदिएपछि
लाउँदैन अब कसैसँग नाता मीतहरू
यौवनको प्याला मेट्दै हिंड्ने तिमी
चाहिंदैन मलाई हजारौं अब रीतहरू

**सुरेन्द्र श्रेष्ठ**

### गयौ तिमी

भेल ठूलो आँसुको चुहाएर गयौ तिमी
पराई घर आफू जाँदा रुवाएर गयौ तिमी
कस्तो देखिन्छु होला, घुम्टो मैले ओढ्दा भन्थ्यौ
धरोधर्म साँच्चै सुन्दर, सुहाएर गयौ तिमी
तिम्रो साथमा देखेको थें सपनाको सुन्दर महल
मेरा सारा इच्छाहरू तुहाएर गयौ तिमी
आफै भन्थ्यौ विश्वास गर्न लायक हुन्नन् केटाहरू
मेरै अघि उसलाई माहुर खुवाएर गयौ तिमी
सुहाउन्न छोरा मानिस रोएको नजाती भन्थ्यौ
जीवनभरलाई पुग्ने भेलमा डुबाएर गयौ तिमी ।

**हरि गजुरेल**

### आँसु भयो

हल्ला राम्रो सुने पनि चासो उनकै हुन्छ
एक दाना अन्नको भाऊ पनि सुनकै हुन्छ
काम गर्ने ठाउँ छैन जताततै बन्द भयो
केटाकेटी कराउँदा आँखाभरि आँसु आयो
खहरे बढेझैं भाउ पनि बढ्दै गयो
न बाँच्नु न मर्नु नेपालीको हाल भयो
पानी खाई कति बस्नु छोराछोरी रुन थाले
न हाँस्नु न रुनु नेताहरूले हामीलाई पारे ।

**कुमार सुनाम**

### आत्मीयता

म उकालो चढेर थाक्दा
तिमीलाई छहारीको रूपमा पाउँछु
म एक्लो भई न्यास्रिंदा
तिमीलाई वरिपरि सहारा पाउँछु
निराश भै अल्मलिंदा
तिमीलाई उत्साहका रूपमा पाउँछु
सबैले अपरिचित मान्दा
तिमीलाई आत्मीय पाउँछु ।

**राजन बज्राचार्य**

### चोखो माया

बिहानीपख घाम झुल्किँदा शीतल ताप हुन्छ
चोखो मनको माया इतिहासमा छाप हुन्छ
प्रेमको बीच एक-अर्कामा विश्वास हुनुपर्छ
अविश्वास प्रेममा माया डढाउने राप हुन्छ
प्रेमको बीचमा असमझदारी जति बढ्दै जान्छ
चोखो माया पनि सधैका लागि सखाप हुन्छ
माया विशाल छ न त यसलाई तौलन मिल्छ
न त मायामा तौल हुन्छ न त नाप हुन्छ
माया आकर्षण र टाइमपास गर्ने खेल होइन
माया गर्नु धर्म भए धोका दिनु महापाप हुन्छ ।

**किरण चापागाईं**

## ● लघुकथा ●



### बसाइ

कुनै एउटा गाउँमा सिकर्मी र विश्वकर्मा बस्थे । सिकर्मी दिनरात काठको काम गरेर अफ्नो घरपरिवार चलाउँथ्यो भने विश्वकर्मा दिनभरि घन ठोकेर भाँडा बनाउँथ्यो । दुई जनाको घरको बीचमा कुनै जमानाका पूर्व-महाराजा बस्दा रहेछन् । रातदिनको काठ चिरेको आवाज र घन ठोकेको आवाजले आजित भएका महाराजाले उनीहरूलाई गाउँ छाडेर जाने आग्रह गरेछन् । कुरा अदालतसम्म पुगेछ । आफ्नो परिश्रम गरेर बाँच्न पाउने अधिकारका कारण अदालतमा महाराज हारे । त्यसपछि पूर्वमहाराजले ती दुवै जनालाई घर सर्न आग्रह गरे ।

महाराजको आग्रहबमोजिम उनीहरू पनि घर सर्ने भए । उनीहरू घर सर्नुको अघिल्लो दिन महाराजले उनीहरूलाई चौरासी व्यञ्जनसहित बक्सिस दिएर बिदाइ गरेछन् ।

महाराजलाई पनि तिनीहरू घर सरेपछि सम्पूर्ण आवाजबाट मुक्ति मिल्ने लाग्यो, तर भोलिपल्ट फेरि निरन्तर त्यस्तै आवाजले महाराजलाई दिक्क पारेछन् । कारण थियो, उनीहरूले घर त सारेछन् तर सिकर्मी विश्वकर्माको घरमा र विश्वकर्मा सिकर्मीको घरमा सरेछ र आ-आफ्नै काममा व्यस्त भएछन् । पूर्वमहाराज जिल्ल परेछन् ।

**–शंकर अधिकारी**

# दोधारमा ब्राजिलीयन फुटबल

● **हिमेश बज्राचार्य**



चार वर्षपछि विश्वकप फुटबल फेरि ब्राजिल फर्कदैछ । विश्वकपको अर्को संस्करण सन् २०१४ मा ब्राजिलले आयोजना गर्नेछ, तर विश्वकप २०१० को असफलताले भने ब्राजिलीयन फुटबललाई संगीन मोडमा पुर्‍याएको छ, सम्भवतः ब्राजिलीयन फुटबलको वर्तमान अवस्था दोधारमा छ भन्दा बढी उपयुक्त हुन्छ । ब्राजिलीयन फुटबलको वास्तविक परिचय के हो, त्यसमै समस्या भएको छ ।

नेदरल्यान्डको हातबाट पराजित हुँदै ब्राजिल यसपल्टको विश्वकपबाट बाहिरिएको हो । क्वाटरफाइनलमा एक गोलको अग्रता लिएर पनि ब्राजिलले अविश्वसनीय रूपमा त्यसलाई कायम राख्न सकेन । खेल नेदरल्यान्डले २-१ ले जित्यो । हारसँगै टिम घर फर्किसकेको छ र खेलाडीहरूले स्वागतमा तीतो अनुभव गरे । चारैतर्फ खेलाडीको विरोध भैरहेको थियो ।

यसबीच प्रशिक्षक डुंगाले पनि आफ्नो पद गुमाए, उनी बर्खास्तीमा परे । डुंगाले चार वर्ष ब्राजिलीयन टिम सम्हाले । उनी आफै पनि विश्वकप विजय ब्राजिलीयन टिमका सदस्य हुन् । टिमको जिम्मेवारी पाएका बेला उनले भनेका थिए, शैलीभन्दा जित महत्त्वपूर्ण हुन्छ । उनको बुझाइ थियो, 'सुन्दर फुटबल खेल्दैमा मात्र सफलता कहाँ हात पर्छ ?'

ब्राजिल विश्वमै सर्वाधिक लोकप्रिय टिम हो । अरू टिम मन पराउने अधिकांशको दोस्रो रोजाइ ब्राजिल नै हुन्छ । पेलेको ब्राजिल यति धेरै लोकप्रिय हुनुका पछाडिको एक मात्र कारण यसले खेल्ने सुन्दर फुटबल हो, जसलाई ब्राजिलतिर 'जोगो बोनिटो' भनिन्छ । ब्राजिलीयन खेलाडी दर्शकको मन छुने फुटबल खेल्न माहिर छन् । उनीहरू दिमागले नभएर मनले फुटबल खेल्छन् ।

मनले खेल्ने फुटबल सुन्दर हुन्छ । पारम्परिक रूपमा ब्राजिलीयन खेलाडी छोटो छोटो पासमा फुटबल खेल्छन् र आफ्नो व्यक्तिगत खेल कौशल देखाउन कहिल्यै पछाडि पर्दैनन् । पेले सम्मिलित ब्राजिलीयन टिमले सबैको मन छुने फुटबल खेल्छ भन्नेहरू धेरै छन् । अझ सन् १९८२ को विश्वकप खेलेको ब्राजिलीयन टिमलाई अहिलेसम्मकै सर्वाधिक राम्रो मानिन्छ ।

अफ्रिकी महादेशमा भैरहेको यसपल्टको विश्वकपमा पनि ब्राजिलको सुरुवात राम्रो रहे पनि उनीहरूको खेलले धेरैको मन छुन सकेन । बिस्तारै ब्राजिलले राम्रो खेल्दै थियो, तर ऊ नेदरल्यान्डसँग पराजित भयो । डच टिमको सामना गर्नुअघि नेदरल्यान्डकै महान् खेलाडी जोन क्रुफले भनेका थिए, 'अहिलेको ब्राजिलीयन फुटबल पैसा तिरेर हेर्न लायक छैन्, किनभने उनीहरू वास्तविक ब्राजिलीयन फुटबल खेल्दैनन् ।'

ब्राजिलीयन टिम सम्हाल्ने अवसर दिंदा डुंगासँग प्रशिक्षणको खासै अनुभव थिएन । खेलाडी छँदा उनको जिम्मेवारी डिफेन्समा थियो, मिडफिल्डतिर खेल्दा पनि उनी आक्रामक भन्दा बढी रक्षात्मक हुन्थे । उनको खेलको एउटा ठूलो विशेषता के थियो भने उनी ब्राजिलका लागि खेल्न पाउँदा असाध्यै गर्व गर्थे । उनी आफूमै बढी सीमित हुने र कम खुल्न रुचाउने खेलाडी थिए ।

त्यसको स्पष्ट प्रभाव वर्तमान टिममा पनि पर्‍यो । डुंगाको नेतृत्वमा ब्राजिलले ५९ खेल खेल्यो, त्यसमध्ये ४१ मा जित हात पार्‍यो । पराजित खेल संख्या छ मात्र रह्यो । यी सबै खेलमा ब्राजिलले भलै धेरै जित आत्मसात् गर्‍यो, तर सुमधुर फुटबल भने खेल्न सकेन् । दक्षिण अफ्रिका आउनुअघि ब्राजिलले फेरि सुन्दर फुटबल खेल्नुपर्छ भन्नेमा रोनाल्डिन्हो पनि थिए ।

नतिजा, उनी विश्वकप टिममै परेनन् । डुंगाले टिमलाई कडिकडाउ नियममा बाँधेका थिए । खेलाडीहरूले खुलेर मिडियाको सामना पनि गर्न पाएनन्, जबकि ब्राजिलीयन फुटबलको एउटा ठूलो र दुर्लभ विशेषता मिडियासँगको अत्यधिक नजिकको सम्बन्ध हो ।

ब्राजिलले यसपल्ट जितलाई बढी ध्यानमा राखेर डिफेन्समा बढी जोड दिएको थियो, उनीहरूको फुटबल केही पारम्परिक युरोपेली टिमको जस्तो थियो । डुंगाले जितअघि त्यो शैलीलाई पछाडि छोडे, तर नयाँ शैलीले पनि अन्ततः जित दिएन् । सन् १९९० यता ब्राजिल विश्वकपमा पहिलेको जस्तो छैन । अब ब्राजिलीयन फुटबलमाथि सबैको नजर हुनेछ, साँच्चै अब उनीहरूले कस्तो खेल्नेछन् ?

## चौथो करियर फेयर

उच्च शिक्षाका लागि छिमेकी मुलुक भारत जाने नेपाली विद्यार्थीको संख्या बढ्दो छ । भिसाको झन्झट बेहोर्नु नपर्ने, भाषिक तथा सांस्कृतिक समानताजस्ता कुरासँगै अन्तर्राष्ट्रिय स्तरको शिक्षा हासिल गर्न पाइने भएकाले एसएलसी र प्लस टु सिध्याएका विद्यार्थीहरू भारतलाई आफ्नो गन्तव्य बनाउने गरेका छन् । यसरी उच्च शिक्षाका लागि भारतलाई प्राथमिकतामा राख्दै आएका विद्यार्थीले आजदेखि भृकुटीमण्डपमा सुरु हुने चौथो करियर फेयरवाट भरपुर फाइदा उठाउन सक्नेछन् । तीन दिन चल्ने शैक्षिक मेलामा भारतका विख्यात विश्वविद्यालय तथा कलेजको सहभागिता रहनेछ ।

'प्लस टु तथा एसएलसीपछि भारतमा उच्च शिक्षा लिन चाहने विद्यार्थीप्रति लक्षित गरेर मेला आयोजना गरेका हौं ।' आयोजक सेप इभेन्ट प्रालिका प्रबन्ध निर्देशक सञ्जय थापाले साप्ताहिकसँग भने, 'यस्ता विद्यार्थीले एउटै थलोमा भारतका विश्वविद्यालय तथा कलेजका बारेमा प्रत्यक्ष जानकारी लिन सक्नेछन् ।' बीबीए एमबीए, मेडिकल, होटल म्यानेजमेन्ट, नर्सिङ, रिटेल म्यानेजमेन्ट, एनिमेसन, कम्प्युटर इन्जिनियरजस्ता विषयमा अध्यापन गराउँदै आएका कलेज तथा विश्वविद्यालयहरूसँग मेलामा प्रत्यक्ष साक्षात्कार गर्न पाइनेछ । मेलामा महाराष्ट्र, देहरादुन, सिक्किम, उडिसा, कर्नाटक, तामिलनाडु आदिका कलेज तथा विश्वविद्यालयहरूको सहभागिता रहनेछ । मेलाको अवसरमा स्पट एड्मिसनको व्यवस्थासमेत गरिएको छ । 'विद्यार्थीले कलेज तथा विश्वविद्यालयसँग प्रत्यक्ष परामर्श लिने मात्र होइन त्यही भर्नासमेत गर्न सक्छन्,' आयोजकका थापाले भने, 'स्पट एड्मिसनमा केही छुटको समेत व्यवस्था गरिएको छ ।' त्यस्तै विशेष छात्रवृत्तिबाट समेत मेला भ्रमण गर्ने विद्यार्थीले फाइदा उठाउन सक्ने उनले बताए ।








# रोनाल्डो बाबु बने

प्रि-क्वाटरफाइनलमा स्पेनबाट पराजित भएर घर फर्किएको पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले आफू बाबु बनेको समाचार सार्वजनिक गरेर आफ्ना शुभचिन्तकहरूलाई प्रफुल्ल बनाएका छन्। अविवाहित रोनाल्डोले आफू बाबु बनेको समाचार आफ्नो आधिकारिक वेबसाइट फेसबुक र ट्वीटरमार्फत गरेका छन्।

रोनाल्डोले आफ्नी श्रीमतीको नाम र शिशु जन्मिएको मिति भने सार्वजनिक गरेका छैनन्। उनले अहिले शिशु र आमा स्वस्थ रहेको र म अहिले उनीहरूको हेरचाह गरिरहेको छु भनेका छन्। अविवाहित रोनाल्डोले कुन महिलासँग विवाह गरे भन्ने कुरा रोनाल्डोको परिवारका सदस्यबाहेक कसैलाई पनि थाहा छैन। २५ वर्षीय रोनाल्डोले भने- 'तपाईंहरूले मेरो गोपनियताको कदर गर्नुहुनेछ भन्ने आशा राखेको छु। स्पेनका केही सञ्चारमाध्यमले रोनाल्डोकी प्रेमिका को हुन सक्छिन् भन्ने विषयमा विभिन्न अनुमान गरिरहेका छन्।'

पोर्चुगलका सञ्चार माध्यमहरूले भने रोनाल्डोकी आमा डोलोरेस तथा दिदी इल्मा र काटी अहिले शिशुलाई स्पेनबाट पोर्चुगल लाने कागजपत्र बनाइरहेको जनाएका छन्। उक्त कागजातमा रोनाल्डोकी श्रीमती अमेरिकी मुलकी रहेकी र रोनाल्डो छोराको बाबु जुन महिनामै बनेको जनाइएको छ। सन् २००९ मा रोनाल्डो लसएन्जलस र मियामीको भ्रमणमा रहँदा त्यही ती महिलासँग उनको प्रेम भएको अनुमान गरिएको छ।

## हिल्टन पक्राउ



दक्षिण अफ्रिकामा विश्वकप फुटबल प्रतियोगिता हेर्न पुगेकी हलिउड नायिका पेरिस हिल्टन गाँजा सेवन गरेको अभियोगमा पक्राउ परेकी छिन्। ब्राजिल र नेदरल्यान्डबीच भएको खेलपछि स्थानीय प्रहरीले उनलाई गाँजा सेवन गरेको अभियोगमा पक्राउ गरेको थियो। यद्यपि उनलाई साधारण सोधपुछपछि रिहा गरियो। हिल्टनका अनुसार प्रहरीले शंकाका आधारमा सोधपुछ गरेको हो। वास्तविकता थाहा पाएपछि रिहा गऱ्यो। हिल्टन होटलका संस्थापक कोन्रेड हिल्टनकी पनातिनी पेरिस यसअघि पनि लसएन्जलसमा ट्राफिक नियम उल्लंघन गरेको अभियोगमा पक्राउ परेकी थिइन्।



## दर्शकमा कीर्तिमान

विश्वकप फुटबल प्रतियोगितामा पैसा तिरेर हेर्ने दर्शकको संख्यामा नयाँ कीर्तिमान कायम हुने आयोजक समितिले जनाएको छ। आयोजक समितिका निर्देशक ड्यानी जोर्ड्यानका अनुसार यो विश्वकप ३० लाख दर्शकले रंगशालामा गएर हेर्नेछन्। पहिलो दुई चरणका खेल २० लाख ६९ हजार दर्शकले हेरेका थिए। क्वाटरफाइनल, सेमिफाइनल र फाइनलका खेल हामीले बढी क्षमता भएको रंगशालामा आयोजना गरेका कारण हाम्रो अनुमानअनुसार ३० लाख दर्शकले रंगशालामा गएर हेर्नेछन्। यसअघि सन् १९९४ मा अमेरिकामा सम्पन्न विश्वकपमा रंगशालामा गएर हेर्नेको संख्या बढी थियो।

## महँगो भुभुजाला

यसपटक विश्वकपले स्थानीय भुभुजाला बाजालाई अन्तर्राष्ट्रियकरण गऱ्यो। भुभुजालाको बढ्दो लोकप्रियतालाई लिएर अस्ट्रियाका एक सुनारले प्लास्टिकको भुभुजालालाई सेतो सुन र हीरा जडेर रूसका एक व्यापारीलाई बिक्री गरेका छन्। विश्वकप समाप्त भएको दिन क्रेतालाई दिने सर्तमा उनले उक्त भुभुजाला २० हजार ८ सय डलरमा बिक्री गर्ने तय गरेका थिए।



## ब्राजिल रमाउँदै



ब्राजिलियन टिम क्वाटरफाइनलमा नेदरल्यान्डबाट पराजित भएर घर फर्किए पनि ब्राजिलका समर्थकहरू अरूको पराजयमा खुसी मानिरहेका छन्। विश्वकपमा सधैं ब्राजिलका पेले र अर्जेन्टिनाका डिएगो म्याराडोनाबीच वाकयुद्ध चल्छ। यो क्रम यो विश्वकपमा पनि रोकिएन। ब्राजिल पहिले पराजित भएर घर फर्कियो तर ब्राजिलियनहरूले आफ्नो चीर प्रतिद्वन्द्वी अर्जेन्टिना पराजित भएपछि आतिशबाजी तथा नाच गान गरेर खुसी मनाए। अर्जेन्टिनाको पराजयमा ब्राजिलका सञ्चारमाध्यमहरूले खुसी व्यक्त गर्दै समाचारसमेत प्रकाशित गरेका थिए।




काका
ब्राजिल
लि चुङ यो
द. कोरिया
केइसुकी होण्डा
जापान
वेस्ले स्नाइडर
नेदरल्याण्ड
लियोनल मेस्सी
अर्जेन्टिना
डेभिड भिल्ला
स्पेन
आशामोह ज्ञान
घाना




# बलियो बन्दैछ एसिया

**राजु घिसिङ**

एसियाली टिमले पनि योपल्ट विश्वकपमा प्रभाव देखाएको छ। सन् २००२ मा जापान र दक्षिण कोरियाले आयोजना गरेको विश्वकपमा एसियाले प्रभाव छाडेको थियो। त्यसबाहेक एसियाली मुलुकले विश्वकपमा राम्रो र विवादरहित प्रदर्शन गरेको यसैपल्ट हो।

एसियाली फुटबल महासंघ (एएफसी) सँग आबद्ध चार देशले विश्वकपमा एसियाको प्रतिनिधित्व गरेका थिए। उनीहरूको राम्रो प्रदर्शनले भविष्यमा एसियाली टिमलाई कमजोर नआँक्न बलिया टिमलाई संकेत दिएको छ। सहभागी चारमध्ये दुई एसियाली टिमले अन्तिम-१६ को यात्रा तय गरे।

आफ्नै भूमिमा भएको विश्वकपमा अफ्रिकी महादेशका पाँचमध्ये एक देश मात्र नकआउट चरणमा पुगेको थियो। दक्षिण कोरिया र जापानले विदेशी भूमिमा पहिलोपल्ट लिग चरण पार गरे। जापान विश्वकपअघि लगातार चार खेलमा खराब नतिजा बेहोर्दै दक्षिण अफ्रिका पुगेको थियो।

दक्षिण अफ्रिकामा क्वाटरफाइनल पुग्न नसके पनि सर्वाधिक राम्रो प्रदर्शन जापानको रह्यो। उसले लिग चरणमा डेनमार्कलाई ३-१ र क्यामरुनलाई १-० ले हरायो। विश्वकप छनोटमा डेनमार्क युरोपेली समूहको विजेता हो। उरुग्वेलाई हराएर ३२ वर्ष पछाडि विश्वकपको फाइनलमा प्रवेश गरेको नेदरल्यान्ड्ससँग १-० को सम्मानजनक हार बेहोर्‍यो। दुई जितले जापानलाई नकआउट चरणमा पुर्‍याएको थियो।

दुर्भाग्यपूर्ण ढंगले पाराग्वेसँग टाइब्रेकरमा हारेपछि पहिलोपल्ट विश्वकपको अन्तिम आठमा पुग्ने उसको लक्ष्य तुहिएको थियो। निर्धारित र अतिरिक्त समयको खेल गोल बराबरमा थियो। सबैले जापानी टिमको प्रशंसा गरेका छन्। विशेषतः स्ट्राइकर केइसुके होन्डाले विश्वकपमा राम्रो छाप छाडेका छन्।

सोललगायत प्रमुख कोरियाली सहरका प्रमुख सडकमा राखिएका ठूलठूला पर्दामा प्रत्यक्ष फुटबल हेर्न भेला भएका लाखौं जनतालाई कोरियाली टिमले निराश पारेन। लगातार सातौंपल्ट विश्वकपमा सहभागी दक्षिण कोरियाले यसपल्ट निखारिएको प्रदर्शन गर्‍यो। लगातार सात संस्करण खेल्ने उपलब्धि अर्जेन्टिना, ब्राजिल, जर्मनी, इटाली र स्पेनले मात्र सँगालेका छन्।

दक्षिण कोरियाले पनि विदेशी भूमिमा भएको विश्वकपको समूह चरणमा राम्रो खेल्यो। सन् २००६ को विश्वकपमा उसले टोगोलाई हराएर पहिलो विदेशी भूमिको जित हात पारेको थियो। त्यसलाई कायम राख्दै यसपल्ट दक्षिण कोरियाले ग्रिसलाई २-० ले हरायो। अर्जेन्टिनासँग ४-१ ले पराजित भए पनि नाइजेरियालाई २-२ को बराबरीका रोकेर अन्तिम-१६मा स्थान निश्चित गर्‍यो।

अन्तिम १६ मा दक्षिण कोरिया उरुग्वेसँग २-१ ले पछाडि पर्‍यो। सेमिफाइनल पुग्ने लक्ष्य अधुरै रहे पनि प्रशिक्षक हु जुङ मुले टिमको मुक्तकण्ठले प्रशंसा गरे। ‘खेलाडीले उत्कृष्ट खेल खेले’, उनले भने, ‘उनीहरू जस्तोसुकै टिमविरुद्ध पनि बलियो चुनौती पेस गर्न सक्षम छन्। टिममा आमूल सुधार आएको छ।’

सबैको अपेक्षाका बाबजुद अस्ट्रेलिया भने अघि बढ्न सकेन। चार वर्षअघि अन्तिम-१६ मा खेलेको अस्ट्रेलिया योपल्ट प्रशिक्षक पिम भर्विकको नेतृत्वमा लिग चरणमै सीमित रह्यो। अस्ट्रेलिया पहिलो खेलमै जर्मनीसँग ४-० ले चुक्यो। त्यही गोल अन्तर नै अन्त्यमा उसलाई नकआउट चरण प्रवेशको बाधक बन्यो। टिम काहिल र ह्यारी केवेलजस्ता राम्रा खेलाडीले रातो कार्ड पाउनु अस्ट्रेलियाको दुर्भाग्य थियो।

घानालाई १-१ को बराबरीमा रोकेर दोस्रो चरण छनोट हुने थोरै सम्भावनामा बाँकी राखेको अस्ट्रेलियाले अन्तिम खेलमा उत्कृष्ट प्रदर्शन गर्दै बलियो युरोपेली प्रतिद्वन्द्वी सर्बियालाई २-१ ले पाखा लगायो। उसलाई गोल अन्तरले साथ दिएन र लगातार दोस्रोपल्ट नकआउट चरणमा पुग्न असफल भयो।

उत्तर कोरियाले ४४ वर्षपछाडि पहिलोपल्ट विश्वकप खेलेको थियो। उसको प्रदर्शन भने सन्तोषजनक अर्थात् अपेक्षाकृत रहेन। पहिलो खेलमा ब्राजिलसँग २-१ को साँघुरो हार खेपेको उत्तर कोरियाले दोस्रो खेलमा पोर्चुगलसँग ७-० को नमीठो पराजय स्वीकार्नुपर्‍यो। त्यस्तै अन्तिम खेलमा पनि आइभरिकोस्टसँग ३-० ले पराजित भयो। सन् १९६६ को विश्वकपमा इटालीलाई हराएर क्वाटरफाइनल खेल्दै सनसनी मच्चाएको उत्तर कोरियाले त्यसको पुनरावृत्ति गर्न सकेन।

# कमजोर अफ्रिकी फुटबल

विश्वकप पहिलोपल्ट अफ्रिकी महादेशमा हुँदै थियो। आयोजक दक्षिण अफ्रिका मात्र होइन, यस्तोमा पूरा महादेश उत्साहित थियो। धेरैले कतिसम्मको सपना पालेका थिए भने कतै अफ्रिकी टिमले नै विश्वकप जित्ने त होइन ? पेले जति राम्रा खेलाडी थिए, उनी उत्तिकै खराब भविष्यवाणी पनि गर्छन्। एकपल्ट उनले कोलम्बियाले विश्वकप जित्छ भनेका थिए।

अहिले कोलम्बियाली फुटबल कहाँ छ, धेरैलाई थाहा छैन। तिनै पेलेले एकपल्ट भनेका थिए, पछिल्लो शताब्दीको अन्त्यसम्ममा अफ्रिकी देशले विश्वकप जित्नेछ। अहिले नयाँ शताब्दी दस वर्ष पुरानो भैसकेको छ, अफ्रिकी फुटबल भने ज्यूका त्यू पुरानै स्थितिमा छ। विश्वकप २०१० मा पनि अफ्रिकी टिमको खराब प्रदर्शनपछि अफ्रिकाभित्रै धेरै आलोचक निस्किएका छन्।

यसमा अगाडि छन्, जाम्बियाका पुराना खेलाडी कलुशा बावलाया। उनी सन् १९९८ का अफ्रिकी वर्ष फुटबल खेलाडी थिए। घाना क्वाटरफाइनलमा उरुग्वेको हातबाट पराजित भएपछि बावलायाले भने, ‘अफ्रिकी फुटबललाई लिएर गम्भीर सोचको आवश्यकता भैसकेको छ। अफ्रिकी फुटबल दक्षिण अमेरिका र युरोप मात्र नभएर एसियाभन्दा पनि पछाडि देखिएको छ।’

घाना जसरी उरुग्वेसँग हार्‍यो, त्यसमा सहानुभूति राख्ने धेरै होलान्, अथवा यसबीच ठूलो युरोपेली क्लब फुटबलका प्रमुख खेलाडी अफ्रिकी नै भएको तथ्य पनि सबैका अगाडि छ, यसका बाबजुद पनि पूरा महादेशको प्रतिनिधित्व गरेर खेलिरहेका छ टिम फिक्का नै रहे। यसपछाडिको कारण खोज्ने प्रयास पनि भैरहेको छ र सर्वाधिक ठूलो समस्याका रूपमा आएको छ, अफ्रिकी फुटबल संरचना।

अफ्रिकी खेलाडी उत्कृष्ट छन्, कसैले त्यसका शंका गरेका छैनन्। पछिल्लो युरोपेली सिजनमा सर्वाधिक चम्किएका दुई खेलाडी डिडिएर ड्रोग्बा र स्यामुएल एटो अफ्रिकाकै हुन्, तर तिनै राम्रा-राम्रा खेलाडीलाई संगठित गर्ने अफ्रिकी फुटबलको संरचना कहिल्यै राम्रो हुन सकेन।

अफ्रिकी फुटबल संघहरू सर्वाधिक भ्रष्ट र गैर व्यावसायिक मानिन्छन्। विश्वकप-२०१० सुरु हुनु ठीक अघि क्यामरुनका एटोले भनेका थिए, विश्वकपमा सफलता चाख्ने हो सानाभन्दा साना तथ्यमा पनि उत्तिकै ध्यान दिनुपर्छ। जस्तो खेलाडीलाई उपलब्ध हुने खाना कस्तो छ ? टिमले कसरी यात्रा गर्नेछ ? टिम कुन होटलमा बस्नेछ ? आदि आदि।

यिनै स-साना कुरामा अफ्रिकी फुटबल बढी चुक्छ। त्यसो त विश्वकप-२०१० सुरु हुनअघि नै अफ्रिकी टिमलाई समस्या हुने अनुमान गरिएको थियो, किनभने सहभागी सबै छ टिमले कठिन ‘ड्र’ पाएका थिए। दक्षिण अफ्रिकाले मेक्सिकोलाई बराबरीमा रोक्यो, समस्याबाट गुज्रिरहेको फ्रान्सलाई हरायो, तर उरुग्वेविरुद्ध नराम्रोसँग पराजित भयो।

आइभरीकोस्ट ब्राजिल र पोर्चुगल सम्मिलित समूह थियो, त्यसैले पनि अघि बढ्न सकेन।

अल्जेरिया गोलको खडेरीबाट गुज्रियो। सर्वाधिक असफल दुई अफ्रिकी टिम क्यामरुन र नाइजेरिया रहे। घानाले क्वाटरफाइनलसम्म अफ्रिकी टिमको प्रतिनिधित्व गर्‍यो। उरुग्वेविरुद्ध टाइब्रेकरका अवसरमा पनि धेरै समस्या देखिए। घानाले खेलको अन्तिम समयमा प्राप्त पेनाल्टीलाई सदुपयोग गर्न सकेन।

आखिरमा ऊ टाइब्रेकरमा पनि नराम्रोसँग चुक्यो। अफ्रिकी टिम एउटा सानो असफलतामा पनि अत्यधिक हडबढाउने टिम मानिन्छ। त्यसको उदाहरणका रूपमा नाइजेरिया देखियो, पहिलो चरण काट्न नसकेपछि सरकारले पूरा टिमलाई दुई वर्ष अन्तर्राष्ट्रिय फुटबल खेल्नबाट प्रतिबन्ध लगायो। अन्ततः फिफाले प्रतिबन्धको डर देखाएपछि नाइजेरियन सरकार झुक्नैपर्‍यो।






# वाका ! वाका ! पोखरा


तस्बिर : राम गुरुङ, ठिकठाक डटकम

**त्रिभुवन पौडेल**

पोखरा- नेपालकै महँगा फुटबल र अनिल गुरुङको सहर । नेपालको राष्ट्रिय टिमका पूर्वप्रशिक्षक कृष्ण थापा पनि पोखराकै । डम्बर गुरुङले प्रशिक्षकका रूपमा तथा वसन्त गौचन, बिसन गौचन, विजय गुरुङ, राजेन्द्र तामाङ र चन्द्र गुरुङहरूले खेलेरै यो सुन्दर सहरको नाम बेला-बेलामा चर्चामा ल्याएका छन् । साकिराले वर्ल्डकपको शीर्ष गीत- इट्स टाइम फर अफ्रिका वाक । वाक ।

नेपाली फुटबलका यी कीराहरूको सहरमा विश्वकपको फिवर कस्तो छ त ? एन्फाका केन्द्रीय सदस्य गणेश भट्टराई भन्छन्- 'विश्वकपले पोखरेलीको एकमहिने निन्द्रा लगेको छ ।' साकिराले गाएको वर्ल्डकपको शीर्ष गीत 'इट्स टाइम फर अफ्रिका...... वाका ! वाका !......' पोखराका धेरै मोबाइलको रिङटोन बन्यो ।

साँच्चै पोखरा फुटबलको मोहमा एक महिना सुतेन । यहाँका चल्तीका बारहरूमा राति दुई बजेसम्म आफ्नो टिमका पक्षमा हुटिङको आवाज गुन्जियो । सानादेखि ठूला रेस्टुराँमा फुटबलको वातावरणमा बियर र ह्विस्कीका हजारौं बोतल रित्तिइरहेका छन् । चोक-चोकमा राखिएका प्रोजेक्टरमा झुम्मिने दर्शकहरू पनि उत्तिकै छन् । पोखराकै स्थानीय रेडियो अन्नपूर्णले विश्वकप विजेताको अनुमान लगाउनेहरूका लागि करिब १ लाख बराबरको पुरस्कारको व्यवस्था गरेको छ । स्थानीय बासिन्दाहरूको फेसबुकको वाल, वर्ल्डकपकै गनथनले भरिएका छन् ।

लेकसाइडमा विदेशी पर्यटकहरू आफ्नो देशको खेल हुँदा झन्डासहित सहभागी हुन्छन् । स्थानीय गण्डकी टेलिभिजनले दिनहुँ कार्यक्रम सञ्चालन गर्‍यो भने पत्रिकाहरूले पनि पर्याप्त स्थान दिए खेललाई । सुरुदेखि नै फुटबल निरन्तर हेरेका किङ्स इन्स्च्युटका प्रबन्ध निर्देशक सन्तोष शाहीले भने- 'तर एसियन टिम तथा अर्जेन्टिना र ब्राजिल खेलबाट बाहिरिँदा विश्वकप खल्लो भयो, किरिया पुत्रीको खानाजस्तो ।' शाही भन्छन्- 'पछिका खेल हेर्नकै लागि हेरेजस्तो मात्र भएको छ ।' आफूलाई मन परेको देशको जर्सी लगाएर हिँड्ने कुरामा समेत अन्य ठूला सहरभन्दा कम हुन दिएका छैनन् पोखराका फुटबलक्रेजीहरूले ।

पोखराको लेकसाइडका बीजीबी क्याफे, भर्खरै सञ्चालनमा आएको उड रक, क्लब एमस्ट्रडम, क्लब प्याराडिसो, अक्सिजन बार र माउन्ट कैलाश रिसोर्ट आदि रेस्टुराँ तथा होटलमा फुटबलको पारो बढी तात्यो । 'विदेशी पर्यटकहरूले बढी आनन्द लिए,' उड रकका सञ्चालक महेन्द्र गुरुङले भने- 'पोखराको पर्यटन उद्योगमा अहिलेको विश्वकपले केही राहत दियो ।'

'फाइनलमा अझै रौनक बढ्नेछ,' बुमर्‍याङ रेस्टुरेन्टका सञ्चालक भट्टराईले भने- 'विदेशमा रहेका सिटी सेन्टरको झल्को, लेकसाइडका ठाउँ-ठाउँमा प्रोजेक्टर राखेर फाइनल खेल देखाएर दिनेछौं ।' रेस्टुराँ गएर पैसा खर्चेर खान बस्न नसक्नेहरूले सकडमै बसेर हेरून् भनेर चोक-चोकमा प्रोजेक्टर राखिने उनको भनाइ छ ।

पछिल्लो क्रममा पोखराको रात्रिजीवनप्रति अनुदार भएको आरोप खेपिरहेको कास्की प्रहरी पनि फाइनल खेल पोखरेलीले आफ्नो मन परेको ठाउँमा हेर्न पाउन भन्ने कुरामा सचेत छ । कास्की प्रहरी प्रमुख पुष्कर कार्की भन्छन्- 'चार वर्षमा आउने विश्वकप चाडजस्तै भएको हामीले बुझेका छौं । आवश्यक शान्ति-सुरक्षा मिलाउँछौं ।' फाइनल खेल मध्यरातमा हुने भएकाले त्यहीअनुरूपको व्यवस्था गरिने कार्कीको भनाइ छ । अरू बेला पोखराका होटल-रेस्टुराँ ११ बजे नै बन्द हुन्छन् । अझ आजकाल त पोखरामा हल्लाखल्ला गर्नेहरू सीधै प्रहरीको नियन्त्रणमा पुग्छन् ।

# ओहो ! त्यो सौभाग्य

**मिलन के राउत**

प्रत्येक चार वर्षको अन्तरालमा हुने फुटबलको महाकुम्भ विश्वकप प्रत्यक्ष हेर्ने रहर कसलाई नहोला ? सम्पन्न देशका सम्पन्न नागरिकलाई पनि मैदानमै पुगेर विश्वकप फुटबल हेर्न हम्मे परिरहेको सन्दर्भमा कतिपय नेपाली नागरिकले भने यस्तो 'सौभाग्य' जुटाउँदै आएका छन् ।

सन् २००२ को १७ औं विश्वकप दक्षिण कोरियामा प्रत्यक्ष अवलोकन गरेका केशव सुवेदीलाई आज पनि त्यो क्षण सपनाजस्तै लाग्छ । 'रहर मात्र भएर हुँदो रहेनछ, भाग्य नै हुनुपर्छ', मोरङ उर्लाबारीका सुवेदीले कोरिया जानुअघिको विगत सम्झँदै भने- 'मानो रोपेर मुरी उब्जाउनुपर्ने बेलामा विश्वकप पर्‍यो, टेलिभिजनमा हेर्न पनि सम्भव थिएन ।' आकाशको फलझैं लागेको विश्वकपलाई प्रत्यक्ष हेर्दा आफूलाई संसारकै भाग्यमानी मानिस सम्झिएको उनी बताउँछन् ।

मोरङको दोस्रो ठूलो बजार उर्लाबारीमा केशवजस्तै विकास बुढाथोकी र विष्णु कार्कीले पनि विश्वकप फुटबल प्रत्यक्ष हेरेका छन् । वैदेशिक रोजगारीका सिलसिलामा दक्षिण कोरिया पुगेका यी तीनै जना यति बेलाचाहिँ काँचको पर्दामा विश्वकपको मजा लिइरहेका छन् ।

अर्जेन्टिनाका 'डाइहर्ट फ्यान' भए पनि विकास बुढाथोकीले उरुग्वे भर्सेज सेनेगलको खेल मात्र हेर्ने अवसर पाए । 'एक त फुटबलमा नाम चलेको देशको खेल हेर्न सम्भव थिएन, अझ टिकट पाउनै गाह्रो' कामदारका रूपमा तीन वर्ष कोरियामा बिताएका विकासले भने- 'अनेक सोर्स लगाएर टिकट मिल्यो, तर मनले खाएको देशको म्याच चाहिँ हेर्न पाइनँ ।' १ सय ५० अमेरिकी डलरमा टिकट खरिद गरेका बुढाथोकी त्यो बेलाको सुओन स्टेडियममा 'लाइभ' हेर्दाका अनुभव सुनाउँछन्- 'त्यो बेला संसारकै वैभव मानिएको स्टेडियम छिर्दा आज पनि अपत्यारिलो लाग्छ, खेलभन्दा पनि नानाथरीका प्रशंसकको क्रियाकलाप हेर्दा बेग्लै मजा हुँदो रहेछ ।'

यति हुँदाहुँदै पनि स्टेडियमको दोस्रो तलाबाट प्रस्ट बुझ्ने गरी खेल हेर्न कठिन भएकोमा विकासलाई अलि खल्लो लागेछ । बुढाथोकी भन्छन्- 'खेलको अफसाइड, कर्नर, फल, पोस्टमा गोल छिरेको जस्ता महत्त्वपूर्ण पक्ष हेर्नचाहिँ स्टेडियममा पनि स्क्रिनकै सहारा लिनुपर्‍यो ।'

त्यस्तै ब्राजिलका फ्यान विष्णु कार्की पनि आफ्नो फेभरेट टिमको प्रत्यक्ष खेल हेर्नबाट वञ्चित भए । 'नकआउट चरणमा त चान्स नै थिएन,' विष्णुले टिकट हात पारेको पल सम्झिए- 'लुम्बिनी ओभरसिजका दोभासे बाबुराम बजगाईंको कोरियामा माथिसम्म पहुँच रहेछ, उनैमार्फत् एउटा खेल हेर्ने मौका मिल्यो ।' उनले कोस्टारिका र टर्कीबीचको खेल हेरेका थिए । जुन टिम यसपालिको विश्वकपमा छैनन् । सोलको मैदानमा ब्राजिल नभएपछि टर्कीको सपोर्टमा हुटिङ गरेको विष्णु सम्झन्छन् । केशव सुवेदीले चाहिँ सिओनमा सेनेगल र उरुग्वेकै खेल हेरे । 'अरू पनि खेल हेर्न त सकिन्थ्यो होला, कम्पनीमा बिदा नमिल्दा सम्भव भएन,' उनले बाध्यता सुनाए ।




उता पूर्वफुटबलर प्रकाश बुढाथोकी टिकट पाएर पनि प्रत्यक्ष खेल हेर्नबाट वञ्चित भए । त्रिभुवन आर्मी क्लबको पहिलो ब्याजका खेलाडी प्रकाश सन् २००२ को विश्वकप हुँदा कोरियामै थिए । त्यो बेला विश्वकप हेर्न कोरिया आएका समकालीनहरू सन्तोष बानियाँ, किशोर राई र महेन्द्र श्रेष्ठलाई भेट्दा प्रकाशमा खुसीको सीमा थिएन । एन्फासम्बद्ध बानियाँ, राई र श्रेष्ठसँगै विश्वकप हेर्ने चाँजो मिलाए पनि उनी सम्बद्ध मोटर कम्पनीबाट बिदा नमिल्दा प्रकाशको विश्वकप हेर्ने धोको अधुरै रह्यो । प्रकाश भन्छन्- 'सम्भव हुँदा पनि विश्वकप हेर्न नपाएको क्षण जिन्दगीकै अविस्मरणीय क्षण बनेको छ ।'

उर्लाबारीमा जन्मिए-हुर्किएकी एथलेटिक्सकी राष्ट्रिय खेलाडी चन्द्रकला थापाले प्रत्यक्ष विश्वकपको मजा त लिन पाएकी छैनन्, यद्यपि दुई वर्षअघि बेइजिङ ओलम्पिकमा सहभागिता जनाउँदा विख्यात फुटबलर रोनाल्डिन्होसँग भने उनले केही क्षण भलाकुसारी गर्न पाएको अनुभव सँगालेकी छिन् । चन्द्रकलाले भनिन्- 'मेरो पनि रोनाल्डिन्होसँगको भेट नै अविस्मरणीय बनेको छ ।' यस्तै गत वर्ष उर्लाबारीको राधिका उच्च माविका विद्यार्थीले कोकाकोला कपमा नेपाल प्रथम भएपछि भारतको कोलकोतामा विश्वकप ट्रफीलाई प्रत्यक्ष हेर्ने अवसर पाए । विद्यालयका खेलाडीसहित १८ जनाको नेतृत्व गरेका मोरङ जिल्ला फुटबल संघका अध्यक्ष दीपेन्द्र धिमाल भन्छन्- 'प्रत्यक्ष विश्वकप नहेरे पनि ट्रफी हेरेको क्षण पनि यादगार नै थियो ।'




# फुटबल पछाडि पर्ने डर

● **हिमेश बज्राचार्य**

विश्वकप-२०१० मा दुई तथ्यले धेरै चर्चाबाट गुज्रिने अवसर पायो, एक रेफ्रीको खराब निर्णय र दोस्रो फुटबलमा पनि प्रविधिको प्रयोग हुनुपर्छ भन्ने माग। रोजर फेडेरर टेनिसका सर्वाधिक सफल खेलाडी हुन्। उनी फुटबलका पनि उत्तिकै राम्रा ज्ञाता हुन्। विम्बल्डनमा व्यस्त छँदै उनले फुटबलका सम्बन्धमा पनि प्रतिक्रिया दिन पछि परेनन्, 'फुटबलले अब प्रविधिको सहयोग लिनुपर्छ।'

फेडेरर त फुटबल खेलाडी होइनन्, फर्नान्डो टोरेस उत्तिकै सफल खेलाडी हुन्। उनी पनि फुटबलले प्रविधिको सहयोग लिनुपर्छ भन्नेमा पर्छन्। उनले पनि मुख खोलेका छन्, 'हामी त प्रविधिको सहयोग लिनुपर्ने माग गर्दा-गर्दा कायल भैसक्यौं, खै कहिले, हाम्रो आवाज सुनिने ?' फेडेरर र टोरेस मात्र होइन, फुटबलमा सही निर्णयका लागि प्रविधिको सहयोग लिनुपर्ने माग भएको धेरै भैसकेको छ।

विश्वकपमा अहिलेसम्म रेफ्री र लाइन्सम्यानको फिटनेस प्रशंसनीय छ। उनीहरूले कार्ड देखाउन कन्ज्युस्याइँ पनि गरेका छैनन्, अधिकांश समय ठीक स्थितिमा कार्ड देखाएका छन्। क्वाटरफाइनल अघि रेफ्री र लाइन्सम्यानको निर्णय भने उत्तिकै विवादास्पद रह्यो। अहिलेसम्मको सर्वाधिक विवादास्पद निर्णय अमेरिका र स्लोभेनियाबीच भएको लिग चरणको प्रतिस्पर्धा हो।

उक्त खेलमा अमेरिकी खेलाडी मौरिस एडुले ८५ औं मिनेटमा गरेको गोललाई मालीका रेफ्री कोमन काउलिबेलीले मान्यता दिएनन्। यसले अमेरिका महत्त्वपूर्ण जितबाट वञ्चित भयो। काउलिबेलीले वास्तवमै त्यो निर्णय किन दिए, स्पष्ट पार्न सकेका छैनन्, न त ठोस कारण देखाएका छन्। यस्तै ब्राजिल र आइभरिकोस्टबीचको खेलमा पनि काकाले बिनाकारण रातो कार्ड खाए। त्यही खेलमा ब्राजिलकै लुइस फाबियानोले दुईपल्ट हातले बल सम्याउँदै गरेको गोलले पनि मान्यता पायो। इंग्ल्यान्ड र जर्मनीबीचको खेलमा फ्रेन्क लाम्पार्डको प्रहार गोलमा परिणत भए पनि त्यसले मान्यता नपाएपछि त प्रविधिको माग गर्नेहरू ह्वात्तै बढेका छन्।

लाम्पार्डको प्रहार स्पष्ट रूपमा गोल लाइनको भित्र पुगेको देखिन्छ। त्यसको केही घण्टापछि अर्जेन्टिनी कार्लोस टेभेजले मेक्सिकोविरुद्ध गरेको पहिलो गोलमा उनी स्पष्ट रूपमा अफसाइडमा देखिन्छन्। उनले गरेको गोलले भने मान्य भयो। इंग्ल्यान्डका प्रशिक्षक फाबियो कपेलोले पनि भने, 'आजको युग प्रविधिको हो। मानिसका रूपमा रेफ्रीले सबै निर्णय आफैं गर्न सक्दैनन्।'

रग्बी, टेनिस, क्रिकेट र बास्केटबलले खेल सञ्चालकहरूलाई सहयोग पुऱ्याउन प्रविधिको सहयोग लिन थालेको धेरै भइसकेको छ। बास्केटबलमा रेफ्रीले रिप्लेको मद्दतले खेलाडीले निर्धारित समयमै बल 'सुट' गऱ्यो अथवा गरेन, निर्धारण गर्छन्। क्रिकेटमा 'थर्ड' अम्पायर हुन्छन्। उनीहरूसँग टेलिभिजन रिप्लेको सुविधा हुन्छ। अचेल त क्रिकेटमा एलबीडब्लूको निर्णय समेत थर्ड अम्पायरको हातमा पुगिसकेको छ।

यी सबै मागका बावजुद फिफा र यसका अध्यक्ष सेप ब्लाटर भने नसुनेझैं गरिरहेका छन्। वास्तवमै ब्लाटर पुरातनवादी हुन्। विश्वकप सुरु हुनु धेरै अघि उनले भनेका थिए, 'म रहुन्जेल फुटबलमा प्रविधिको मदत लिइनेछैन। युरोपेली फुटबल महासंघका अध्यक्ष मिचेल प्लाटिनी पनि पुरानो धारणा राख्नेमा पर्छन्। उनको दाबी छ, प्रविधिको सहयोग लिने हो भने फुटबलको विशेषता तीव्र गति घटेर सुस्त हुनेछ। यो विवादबीच अधिकांश फुटबल पारखीको डर छ– कतै फुटबल पछाडि त पर्ने होइन ?

# रेफ्रीका विवादास्पद निर्णय




कहिले खेल मिलोमतो र कुनै समय हाते गोलका कारण चर्चामा रहने अर्जेन्टिना यसपटक पनि त्यत्तिकै विदास्पद ढंगले विश्वकप फुटबलको क्वार्टरफाइनलमा प्रवेश गरेको थियो। मेक्सिकोसँगको दोस्रो चरणको खेलमा ३-१ को जित पार्दा प्रस्ट अफसाइड रहेका कार्लोस टेभेजको गोलमा अर्जेन्टिनाले अग्रता लियो। सोही दिन भएको खेलमा इंग्ल्यान्ड र जर्मनीबीचको खेल पनि विवादास्पद भएपछि फिफा अध्यक्ष सेप ब्लाटरले रेफ्री निर्णयमा प्रविधिको प्रयोग आवस्यक रहेको प्रतिक्रिया दिए। यी भए– विश्वकपमा अत्यधिक चर्चामा रहेका रेफ्री निर्णय, तर त्यस्ता आधा दर्जनभन्दा बढी निर्णय छन्, जसले उन्नाइसौं विश्वकपको निर्णयलाई विवादमा तानेको छ।

मेक्सिको र अर्जेन्टिनाबीचको खेलको २६ औं मिनेटमा लियोनेल मेसिको पासमा गोल गर्दा टेभज अफसाइडमा भए पनि इटालियन रेफ्री राबेर्टो रोसेटीले लाइन्स म्यानको सल्लाहमा गोलको निर्णय दिएका थिए। उक्त गोल हुनुअघिको खेल गोलरहित बराबरीमा थियो।

दोस्रो चरणमै जर्मनीको इंग्ल्यान्डमाथिको ३-१ को जित पनि विवादमुक्त भएन। ३८ औं मिनेटमा फ्रान्क लाम्पार्डको प्रहार क्रसबारमा लागेर तल झर्दा गोललाइनभन्दा कमसेकम एक फिट भित्र ठोक्किए पनि रेफ्री जर्ज लोरान्डले खेल नियमित अघि बढाउन संकेत गरे। २-१ को अवस्था भएको समयमा रेफ्रीले लाम्पार्डको प्रहारलाई गोलको मान्यता दिएको भए खेलको अवस्था २-२ हुने थियो।

स्लोभानिया र अमेरिकाबीचको खेलमा अमेरिका २ गोलले पछि परेर पनि कम ब्याक गर्दै २-२ भैसकेको थियो। अमेरिकाले दोस्रो गोल गरेको एक मिनेटपछि ८५ औं मिनेटमा लान्डन डानाभोनको फ्रिकिकमा माउरिस एडुले ६ यार्ड बक्सबाट बोजान जोकिकलाई पार गर्दै गोलमा परिणत गरे। एडुले बायाँ गोडाले बल नियन्त्रणमा लिई गरेको प्रहार गोलमा परिणत भएपछि रेफ्री कोमान काउबेलीले पहिल्यै सिट्टी बजाए र फल दिए, तर अमेरिकाको कसले कसलाई के गरेको थियो भन्ने कहिल्यै खोलेनन्।

अमेरिकाको अल्जेरियामाथिको १-० को जित पनि त्यस्तै भयो। २१ औं मिनेटमा अमेरिकी मिडफिल्डर क्लिन्ट डेम्सीले हर्कुलेजको गोमेजको रिबाउन्डमा गोल गरे, तर उनको गोल अफसाइड ठहर भयो। पछि रिप्ले हार्दा उनी ठीक स्थानमा थिए। अमेरिकाले अन्तिम मिनेटमा गोल गर्दै मुस्किलले खेल जितेको थियो।

पहिलो चरणमा मेक्सिकोको फ्रान्समाथिको २-० को जित पनि विवादमुक्त भएन। ६४ औं मिनेटमा गोलरहित अवस्थामा रहेको समयमा राफेल मार्क्युको पासमा जेभिएर हर्नान्डेजले गोल गरे। हुगो लोरिसलेलाई पार गर्दै हर्नान्डेजको प्रहारले सफलता पाए पनि हर्नान्डेज अफसाइडमा रहेको प्रस्ट देखिन्थ्यो। पहिलो चरणमै ब्राजिलले आइभोरीकोस्टलाई ३-१ ले हराउँदा लुइस फाबियानोले गरेको दोस्रो गोल पनि विवादास्पद रह्यो। आइभोरिकोस्टका दुई रक्षकलाई पार गर्दै गोल गर्नुअघि उनले बललाई दुई पटक हातले नियन्त्रणमा लिएका थिए।

इटाली र स्लोभाकियाबीचको पहिलो चरणको खेलमा इटालीका फाबियो क्वाग्लारिलाले बराबरी गोलको खुसीयाली मनाए पनि रेफ्रीले अफसाइडको निर्णय दिए। सोही गल्तीका कारण इटाली प्रतियोगिताबाट बाहिरियो।

घाना र अस्ट्रेलियाबीचको पहिलो चरणको खेलको २४ औं मिनेटमा हेरी केविलको हातमा बल लागेको अभियोगमा रेमि रोबर्टो रोसेटीले रातो कार्ड दिए। पछि रिप्ले हेर्दा उनको हात जीउमा जोडिएका कारण हात चलाउनै पाएका रहेनछन्।




# नचम्किएका १० नम्बरहरू



फुटबलमा १० नम्बरको जर्सी लगाउने खेलाडीले गोल मात्र गर्दैन उसले बल पाए चमत्कार पनि देखाउन सक्ने मान्यता स्थापित छ। यही भएरै १० नम्बरको जर्सी लगाउने खेलाडी सधैं प्रतिद्वन्द्वीहरूको टाउको दुखाई हुन्थे। १० नम्बरको जर्सी लगाएर खेलेका ब्राजिलका पेले अर्जेन्टिनाका डिएगो म्याराडोना तथा फ्रान्सका जिनेदिन जिदानको खेललाई मानिसहरू अझै सम्झिरहन्छन्।





फुटबलमा १० नम्बरको जर्सी लगाउने खेलाडीले गोल मात्र गर्दैन उसले बल पाए चमत्कार पनि देखाउन सक्ने मान्यता स्थापित छ। यही भएरै १० नम्बरको जर्सी लगाउने खेलाडी सधैं प्रतिद्वन्द्वीहरूको



टाउको दुखाई हुन्थे। १० नम्बरको जर्सी लगाएर खेलेका ब्राजिलका पेले अर्जेन्टिनाका डिएगो म्याराडोना तथा फ्रान्सका जिनेदिन जिदानको खेललाई मानिसहरू अझै सम्झिरहन्छन्। १० नम्बरका जर्सीधारीहरूप्रति फुटबलका प्रशंसकहरूले विगतदेखि राख्दै आएको परम्परागत मान्यतालाई दक्षिण अफ्रिकामा आयोजित विश्वकप फुटबलले गलत सावित गरिदिएको छ।

ब्राजिलका पेलेले १० नम्बरको जर्सीलाई दिएको लोकप्रियतालाई यसपटक ब्राजिलका तर्फबाट १० नम्बरको जर्सी लगाएर मैदानमा उत्रिएका काकाले कायम गर्नेछन् भन्ने धारणा धेरैको थियो। ब्राजिल क्वाटरफाइनलबाटै घर फर्कनुपर्‍यो। प्ले मेकरका रूपमा काकाले ब्राजिललाई जिताउने भरमग्दुर प्रयास त गरे तर कुनै चमत्कार देखाउन सकेनन्। उनले यो विश्वकपमा एक गोल पनि नगरि घर फर्किनु पर्‍यो।

अर्जेन्टिनाका प्रशिक्षक डिएगो म्याराडोनाले आफ्नो पदचिह्न पच्छ्याउन सक्ने खेलाडीका रूपमा लियोनल मेस्सीलाई अघि सारेका थिए। म्याराडोनाको यो भनाइपछि मेस्सीलाई विश्वकपको प्रमुख खेलाडीका रूपमा लिइयो। सन् २००६ मा जर्मनीमा सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा टिमको बेन्चमा बसेर घर फर्किएका मेस्सी यसपटक मैदानमा उत्रिए। म्याराडोनाले देखाएको चमत्कारलाई सम्झनेहरूले मेस्सीबाट पनि त्यस्तै किसिमको खेल प्रदर्शन हुने आशा राखेका थिए। यसअघि जर्मनीद्वारा पेनाल्टीमा पराजित भएर घर फर्किएको अर्जेन्टिना मेस्सीमार्फत जर्मनीसँग बदला लिने सोचमा थियो, तर अर्जेन्टिना यसपटक पनि क्वाटरफाइनलमा जर्मनीद्वारा शून्यकाविरुद्ध ४ गोलले पराजित भयो। यो लज्जास्पद पराजयलाई टार्न मेस्सीले लगाएको १० नम्बरको जर्सीले केही गर्न सकेन। मेस्सीले ५ खेलमा एक गोल पनि नगरी घर फर्कनुपर्‍यो।

इंग्ल्यान्डका जियोफ हर्ष्टले सन् १९६६ को विश्वकपको फाइनलमा १० नम्बरको जर्सी लगाएर पश्चिम जर्मनीविरुद्धको खेलमा ह्याट्रिक गरेर कप जितेको क्षण यसपटक वाह्ये रुनीमार्फत दोहोरिने आशा गरिएको थियो। प्रिक्वाटरफाइनलमा जर्मनीविरुद्ध खेल्न उत्रिएको इंग्ल्यान्ड रुनीबाट कुनै किसिमको चमत्कार हुन नसक्दा १ गोलकाविरुद्ध ४ गोलले पराजित भएर घर फर्कियो। बेलायती टिमका यी किप्लेयर रुनीले यो विश्वकपमा एक गोल पनि गर्न सकेनन्।

१० नम्बरको जर्सी लगाएर पनि कुनै किसिमको चमत्कार देखाउन नसक्ने खेलाडी इटालीका एन्टेनियो डी नाताली तथा फ्रान्सका सिड्नी गोभोले पनि हुन्। उनीहरूले पनि जर्सी नम्बर १० को सान बढाउन नसक्दा पहिलो चरणबाटै घर फर्कनुपर्‍यो।




Learn Job oriented
COMPUTER
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Computer Operator
Load Sheding No Problem
English Language
IELTS/TOEFL
Study Abroad
Getway
Educational Consultancy P. Ltd
Bagbazar,KTM.Ph: 4239719, 4241870

Worldwide Valid Certificate
फ्रि कुक तालिम
छैठौं वर्ष पुगेको अवसरमा २ हप्ते कुक तालिम मात्र ३० जनालाई फ्रि
फर्म भर्ने अन्तिम मिति असार मसान्त सम्म
१. महिला १० जना
२. दलित जनजाती १० जना
३. अन्यमा १० जना छुट्याएको छ।
कुक १ ½ महिना रु. ३०००/-
कुक ३ महिना रु. ४०००/-
वेटर र बारमेन रु. १३००/-
माउण्टेन होटल ट्रेनिङ सेन्टर
बसुन्धरा चौकी अगाडि रिङ्गरोड संगै
Ph:016212336,9841812055

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१४ वर्ष पुरानो
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
Ⓒ4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

फोटोग्राफी भिडियोग्राफी
❋ फोटो/भिडियो एडिटिङ
❋ फोटो/भिडियो प्रत्रकारिता
❋ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

खुम्जुङ होटेल तालिम बागबजारमा
सम्पूर्ण होटल तालीममा धमाधम भर्ना
कुक सिक्नेका लागि वेटर ,हाउसकिपीङ,वेकरी English languges सित्तैमा (कुनै दुई वटा वेटर सिक्नेका लागि English languges फ्री पुस्तकालयको ब्यवस्था, दक्ष अनुभवि शिक्षकद्वारा आफ्नै होटलमा सम्पूर्ण तालीम दिइने वार टेन्डर सिक्नेकालागि वेटर सित्तैमा वैदेशिक रोजगारको पनि ब्यवस्था
Hotel Khumjung Pvt. Ltd.
बागबजार शाखा: रत्नपार्कबाट बागबजार छिर्दा पिके कलेजको पर्खाल छुने वित्तिक्कै दाहिने पट्टीको सुन पसलबाट भित्र छिर्ने यति प्लाजा भित्र IBM College को तेश्रो तल्लामा (लिफ्टको पनि सुविधा छ।)
4240199, 016226791, 9841578724

Language & Computer
Software, Hardware and Networking
Language: Special & package Programs
English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian.
TOEFL / IELTS / VISA/JOB INTERVIEW PRE. CLASSES
Computer Curses: Basic, Office, Web, Graphics, Programming Accounting Package
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226 | New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414 | Adwait Marg (Bagbazar) Tel: 4232866 | Lagankhel (Bus Park) Tel: 5004018

अन्तिम भर्ना-पालो तपाईंको
जिल्ला शिक्षा कार्यालयबाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC २०६७
कक्षा ८ पास गरि ९, १० फेल वा पास र Test /SLC फेल भएका उमेर नाघि पढ्ने इच्छा भएका वा विविध कारणले विधालय जान नसकेका विधार्थीहरुका लागि अध्ययन गर्ने सुवर्ण अवसर....
नोट: SLC पुरक परिक्षाको लागि Math./Sci./Eng. को विशेष तयारी कक्षाहरु।
कोसेट ओपन स्कुल २१६०७३६ ९८४१२६४५१४ लाजिम्पाट (प्रहरी बिट सँगै)
पाइथागोरस एकेडेमी ४२६०६३२ ९८५१००९४२७ पुतलीसडक (पद्मोदय मोड)

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १४ बर्षदेखि देशभर १३ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्वारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००,गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ ०६८-५२२७१०

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल।